" स्वच्छ, सुखी र समुन्नत प्रदेश "

# प्रदेश स्तरीय योजना र
# बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७६




प्रदेश सरकार
प्रदेश योजना आयोग
प्रदेश नं. १
विराटनगर, नेपाल

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

# प्रदेश स्तरीय योजना र
# बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७६

प्रदेश सरकार
**प्रदेश योजना आयोग**
प्रदेश नं. १
विराटनगर, नेपाल

प्रदेश सरकार
**आर्थिक मामिला तथा योजना मन्त्रालय**
प्रदेश नं. १
विराटनगर, नेपाल

आर्थिक मामिला तथा योजना मन्त्री

# भूमिका

नेपालको संविधानले आत्मसात गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सफल कार्यान्वयन गर्न, नेपाल सरकारले लिएको "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय सोच र "स्वच्छ, सुखी र समुन्नत प्रदेश" निर्माण गर्ने प्रदेश सरकारको सोचलाई साकार पार्न प्रदेश सरकारको योजना प्रणाली तथा बजेट र कार्यक्रम व्यवस्थित र प्रभावकारी हुन जरूरी छ। प्रदेश विकासको दीर्घकालिन सोचलाई वास्तविकतामा परिणत गर्ने गरी आवधिक योजनाको कार्यान्वयन गर्न तदअनुसार प्रदेश मध्यमकालीन खर्च संरचना मार्फत वार्षिक बजेट तथा कार्यक्रम बीच अन्तर-आवद्धताका साथ प्रदेशको योजनाबद्ध विकास प्रयासलाई व्यवस्थित गर्न आवश्यक भएकोले यो दिग्दर्शन ल्याइएको हो ।

प्रस्तुत दिग्दर्शनले आवधिक योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक बजेट तथा विकास कार्यक्रम, प्रदेश तथा स्थानीय स्तरका प्राथमिकता, स्रोत साधनको उपलब्धता र तिनको महत्तम परिचालन तथा रणनीतिक कार्यान्वयन मार्फत राष्ट्रिय पुंजिको विकास गरी समाजबाद उन्मुख अर्थ व्यवस्थाको निर्माणको लागि मार्ग निर्देशित गर्न सहयोग पुर्याउने अपेक्षा गरेको छ ।

यस दिग्दर्शनमा योजना र बजेट तथा कार्यक्रम तर्जुमाका महत्वपूर्ण पक्षहरूलाई समेट्ने प्रयास गरिएको छ। दिग्दर्शनले प्रदेशको वार्षिक योजना तर्जुमा प्रक्रियालाई सहभागितामूलक बनाइ यसबाट नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहहरुबीचको अन्तरसम्बन्ध सुदृढ गर्न सहयोग पुग्ने विश्वास लिएको छ ।

यस दिग्दर्शन तर्जुमामा संलग्न यस मन्त्रालयका सचिव, विज्ञहरु लगायत सबै राष्ट्रसेवकहरूलाई धन्यवाद दिन चाहन्छु।

धन्यवाद ।

इन्द्र वहादुर आङ्वो

उपाध्यक्ष
प्रदेश योजना आयोग, प्रदेश नं. १

# मन्तब्य

प्रदेश देखि स्थानीय तह सम्म योजना तर्जुमा दिग्दर्शनको आवश्यकता महसुस गरी यो दिग्दर्शन तयार गरिएको छ।राष्ट्रिय योजना आयोग र प्रदेश योजना आयोगले तयार गरी आफ्ना सरकारद्वारा स्वीकृत योजनाको बीचमा सामन्जस्यता भएता पनि स्थानीय योजनासँग हुनु पर्ने तालमेलमा यदाकदा सामन्जस्यता छुट्न गएको हुँदा सबै तहका योजना बीचमा लक्ष्य उद्धेश्य र कार्यक्रमिक सामन्जस्यताका लागि दिग्दर्शनको आवश्यकता परेको हो। योजना निर्माणको प्राथमिक चरण देखि त्यसको अनुगमन र विकास गर्ने काममा यो दिग्दर्शनले मद्दत गर्ने अपेक्षा राखिएको छ। नेपाल सरकार, मन्त्री परिषदद्वारा जारी संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड २०७६ लगायत संबैधानिक तथा अन्य अनुशासनलाई ख्याल गरेर यो दिग्दर्शन तयार गरिएको छ। पहिलो प्रयास भएकोले यसमा आगामी दिनहरुमा गर्नु पर्ने थप सुधार र परिमार्जन आवश्यकता अनुसार गरिने छ।

योजना छनौट र पहिचानका लागि आधारभूत तहबाट प्राप्त सुझावलाई मार्गदर्शनका रुपमा अङ्गीकार गर्दै सेवाग्राहीको स्वामित्व र संलग्नतामा रहने गरी निर्माण गरिएका योजनाहरुनै दिगो हुन्छन। हामी दिगो विकास लक्ष्य प्रति प्रतिवद्ध राष्ट्रका नागरिक हौं। हाम्रा योजनाहरु नागरिकको मौलिक हकको संरक्षण गर्दै उनीहरुको आत्मनिर्भर र सामाजिक न्याय उन्मुख जीवन शैली सुनिश्चित गर्ने तर्फ अभिमुख हुनु पर्छ। प्रदेश एकले यहि कुरालाई मनन गरी स्वच्छ, सुखी र समुन्नत प्रदेशको लक्ष्य निर्धारण गरी त्यस अनुसारको सामग्रीक विकास योजनाको रुपमा पहिलो आवधिक योजना पारित गरेको हो।

परियोजना बैंक, मध्यमकालीन खर्च संरचना, योजना छनौट कार्यान्वयन र अनुगमन तथा मुल्यांकनका कार्यविधीलाई मार्गदर्शन गर्नका लागि जारी यो दिग्दर्शनले सम्बद्ध सबैलाई सहयोग पुग्ने अपेक्षा राखिएको छ।

दिग्दर्शनको आवश्यकतालाई मनन गरी हामीलाई निर्देशित र प्रोत्साहित गर्नुहुने माननीय मुख्यमन्त्री, अर्थमन्त्री तथा यस कामलाई पूर्णता दिन प्रशस्त मिहेनत गर्नु हुने अर्थ सचिव दामोदर रेग्मीज्यू प्रति म आभार व्यक्त गर्दछु। प्रदेश योजना आयोगका सदस्य माननीय पूर्ण लोकसोम तथा प्रदेश सहयोग कार्यक्रम अन्तर्गत विज्ञ टोलीका श्री पूर्णचन्द्र भट्टराई तथा यस प्रक्रियामा प्राविधिक सहयोगको लागि स्विस सरकार विकास सहयोग (SDC) लाई समेत हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

सुबोधराज प्याकुरेल

# विषयसूची


**भाग १: परिचय तथा अवधारणा ........................................................................१**

१.१ पृष्ठभूमि १

१.२ उद्देश्य १

१.३ योजनाको अवधारणा २

१.४ योजनाको प्रकार र योजना बीचको अन्तरसम्बन्ध २

१.४.१ कार्यक्षेत्र र स्थानगत २

१.४.२ समय अवधि ३

१.५ दीर्घकालीन सोच, आवधिक योजना, मध्यकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम बीचको सम्बन्ध ४

१.६ योजनाको आवश्यकता र औचित्य ५

**भाग २: योजना तर्जुमाका आधार ........................................................................६**

२.१ परिचय ६

२.१.१ नेपालको संविधान ६

२.१.२ विद्यमान ऐन, नियम ६

२.१.३ विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय नीति ६

२.१.४ राष्ट्रिय प्रादेशिक दीर्घकालीन सोच ६

२.१.५ राष्ट्रिय आवधिक योजना ७

२.१.६ दिगो विकास लक्ष्य ७

२.१.७ नेपाल सरकारका मार्गनिर्देशन ७

२.१.८ प्रदेशको प्रमुख समस्या र सम्भावना ७

२.१.९ प्रदेश सरकारमा सहभागी राजनीतिक दलको चुनावी घोषणापत्र ७

**भाग ३: आवधिक योजना तर्जुमा प्रक्रिया ........................................................................८**

३.१ कार्यतालिका र जिम्मेवारी निर्धारण ८

३.२ संस्थागत संयन्त्र ९

३.३ अद्यावधिक स्थिति विश्लेषण १०

३.४ सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती विश्लेषण (SWOT Analysis) १०

३.५ सोच, लक्ष्य, उद्देश्य र रणनीति निर्धारण १०

३.६ आवधिक योजनाको अवधारणापत्र तयारी ११

३.७ आवधिक योजना आधारपत्र तयारी १२

३.८ सम्भाव्य स्रोतको पहिचान र प्रक्षेपण १२

३.९ योजनाको विस्तृत दस्तावेज तर्जुमा १२

३.१० कार्यान्वयन व्यवस्था १४

३.११ अनुगमन तथा मूल्याङ्कन १४

३.१२ विषय क्षेत्रगत नतिजा खाका तयारी १५

३.१३ आवधिक योजनाको मूल दस्तावेज तयारी, स्वीकृति र प्रकाशन १५

**भाग ४: मध्यमकालीन खर्च संरचना तर्जुमा.......................................................१६**

४.१ अवधारणा १६

४.२ उद्देश्य १६

४.३ आवश्यकता तथा औचित्य १७

४.४ मध्यकालीन खर्च संरचना तर्जुमा प्रक्रिया १७

४.४.१ कार्यतालिका र जिम्मेवारी निर्धारण १७

४.४.२ संस्थागत संयन्त्र गठन १७

४.४.३ त्रि-वर्षीय खर्च प्रक्षेपणसहित कुल बजेटको आकार तयारी १९

४.४.४ बजेट सीमा र मार्गदर्शन पठाउने १९

४.४.५ आयोजना बैंक र आयोजनाको छनौट तथा प्राथमिकीकरण १९

४.४.६ मध्यमकालीन खर्च संरचना, कार्यक्रम तथा बजेट प्रस्ताव २०

४.४.७ विषयगत प्राविधिक समितिमा छलफल २१

४.४.८ मस्यौदा तयारी २१

४.४.९ मध्यमकालीन खर्च संरचना प्रदेश सभामा पेश गर्ने २१

**भाग ५: वार्षिक योजना/वार्षिक विकास कार्यक्रम तर्जुमा ........................................ २२**

५.१ अवधारणा २२

५.२ उद्देश्य तथा औचित्य २२

५.३ वार्षिक योजना तथा वार्षिक विकास कार्यक्रम तर्जुमाका आधार २२

५.४ राजस्व परामर्श समिति २४

५.५ बजेट तथा स्रोत समिति २६

५.६ वार्षिक योजना तथा वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रिया २६

५.६.१ आयव्ययको प्रक्षेपण गरिएको तथ्याङ्कसहितको विवरण नेपाल सरकारमा पेश गर्ने २७

५.६.२ संघबाट वित्तीय हस्तान्तरणको खाका र मार्गदर्शन प्राप्ति २७

५.६.३ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण २७

५.६.४ बजेट सीमा र मार्गदर्शन पठाउने २८

५.६.५ आयोजना छनौट तथा प्राथमिकीकरण २९

५.६.६ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा ३१

५.६.७ बजेट तथा कार्यक्रममाथि छलफल ३२

५.६.८ वार्षिक विकास कार्यक्रमको मस्यौदा तयारी ३२

५.६.९ प्रदेश तथा कार्यक्रम स्वीकृति ३३

५.६.१० प्रदेश सभामा बजेट तथा कार्यक्रम पेश ३३
५.७ कार्यान्वयन कार्ययोजना ३३
५.७.१ वार्षिक विकास कार्यक्रम कार्यान्वयन विधि ३४
५.८ अनुगमन तथा मूल्याङ्कन व्यवस्था ३५
५.९ सशर्त, विशेष र समपूरक अनुदानबाट सञ्चालित योजना कार्यान्वयन ३५
५.१० विविध ३५
५.१०.१ वस्तुगत विवरण पार्श्वचित्र (Profile) तयार गर्नु पर्ने ३५

**अनुसूचीहरू.......................................................................................................३६**
अनुसूची १ - नेपालको संविधानका सान्दर्भिक धाराहरू ३६
अनुसूची २ - नेपाल सरकारबाट जारी भएका राष्ट्रिय नीतिहरू ४४
अनुसूची ३ - दिगो विकास लक्ष्य तथा परिमाणात्मक लक्ष्यहरू र प्रदेश तहमा स्थानीयकरण ४६
अनुसूची ४ - प्रदेशको पार्श्वचित्र (Profile) को ढाँचा ४८
अनुसूची ५ - प्रादेशिक आवधिक योजनाको खाका ५३
अनुसूची ६ - प्रादेशिक मध्यमकालीन खर्च संरचनाको ढाँचा ५७
अनुसूची ७ - प्रादेशिक मध्यमकालीन खर्च संरचना दस्तावेजमा समावेश हुने विषयवस्तु (विषय क्षेत्रगत मात्र) ५८
अनुसूची ८ - आयोजना बैङ्क (Project Bank) ६१
अनुसूची ९ - आयोजना प्रस्ताव (Project Proposal) को ढाँचा ६३
अनुसूची १० - आयोजना विश्लेषण प्रक्रिया ६४
अनुसूची ११ - विस्तृत आयोजना प्रतिवेदन (Detailed Project Report) को ढाँचा ६५
अनुसूची १२ - आयोजना प्राथमिकीकरणका आधार ६७
अनुसूची १३ - वार्षिक विकास कार्यक्रमको ढाँचा ७२
अनुसूची १४ - प्रदेशका अन्तरसम्बन्धित नीति तथाकानूनहरू ७३
अनुसूची १५ - आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड ७४

# भाग १ - परिचय तथा अवधारणा

## १.१ पृष्ठभूमि

नेपालको संविधानले तीन (संघ, प्रदेश र स्थानीय) तहको सरकारको व्यवस्था गरेको छ । यस संविधानले संघ, प्रदेश र स्थानीय तहका आ-आफ्नो अधिकार र कार्यक्षेत्र तोकेको छ । राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी प्रदेशको एकल अधिकार संविधानको अनुसूची ६ मा, संघ र प्रदेशको साझा अधिकार अनुसूची ७ मा र संघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकार अनुसूची ९ मा उल्लेख गरिएका छन् ।

संविधानले प्रदेशलाई आफ्ना अधिकार क्षेत्रभित्रको प्राकृतिक, आर्थिक र अन्य स्रोत सङ्कलन र परिचालनका लागि जिम्मेवार बनाएको छ । प्रदेशबीच व्यापक रूपमा भौगोलिक विविधता छ । प्राकृतिक स्रोतको सम्भाव्यता, आर्थिक, सामाजिक विकासको अवस्था, पूर्वाधारको उपलब्धमा तथा संस्थागत क्षमतामा पनि व्यापक भिन्नता रहेको छ । यी विविधता र भिन्नतालाई सम्बोधन गर्दै आफ्नो क्षेत्रको आर्थिक, सामाजिक र पूर्वाधार विकासका लागि योजना बनाई लागू गर्नु प्रदेशको जिम्मेवारी रहेको छ । सो जिम्मेवारी पूरा गर्न प्रदेशले आ-आफ्ना क्षेत्रको समष्टिगत विकासका लागि आवश्यक रणनीतिक विषय क्षेत्रका दीर्घकालीन, मध्यकालीन र वार्षिक विकास योजना बनाउनु पर्ने कानूनी प्रावधान रहेको छ ।

प्रदेश नं. १ मा विकास योजना तर्जुमा सम्बन्धमा आवश्यक न्यूनतम विषय समावेश गर्ने/गराउने काममा सहयोग पुऱ्याउने उद्देश्यले यो दिग्दर्शन तयार गरिएको हो । प्रादेशिक स्तरमा विकास योजनाका मूलतः दुई वटा तह हुन्छन्। आवधिक योजना र वार्षिक योजना । त्यस्तै, आवधिक योजना र वार्षिक योजनालाई जोड्न मध्यमकालिन खर्च संरचना समेत तयार गर्नुपर्ने हुन्छ ।

प्रदेश नं. १ को सन्दर्भमा प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१) तयार भई कार्यान्वयनमा समेत गइसकेको छ । त्यस्तै मध्यमकालिन खर्च संरचना (२०७६/७७-२०७८/७९) समेत तयार भई कार्यान्वयनमा छ । आवधिक योजनाका सूचकसँग तादात्म्यता कायम गरी आवधिक योजनाको लक्ष्यलाई प्राप्त गर्नेगरी वार्षिक योजनालाई व्यवस्थित गर्न आवश्यक भएको सन्दर्भमा यो दिग्दर्शन तयार गरिएको छ । वार्षिक योजना र वार्षिक बजेट तर्जुमा प्रक्रियालाई समेत यसले लिपिबद्ध गर्ने प्रयास गरेको छ । तसर्थ, यो दिग्दर्शन विकास योजना सम्बद्ध आवश्यक विषय समेटिएको एक संक्षिप्त दस्तावेज हो। प्रदेशले आफ्नो स्रोतसाधनको सम्भाव्यता, मौजुदा संस्थागत क्षमता र आवश्यकता अनुकूल हुने गरी विकास योजना तथा कार्यक्रम र बजेट तर्जुमा गर्न यो दिग्दर्शनले सहयोग पुऱ्याउने छ ।

यो दिग्दर्शन मूलतः राष्ट्रिय योजना आयोगबाट तयार पारिएको प्रदेश स्तरीय योजना तर्जुमा दिग्दर्शन (नमूना) २०७५ मा आधारित भएता पनि प्रदेश १ को सन्दर्भ अनुसार स्थानीय तहसँगको समन्वय र सहकार्य सुदृढ हुने गरी वार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रियालाई सहभागितामूलक बनाउने प्रयास गरिएको छ । यस प्रक्रियामा संलग्न निकायहरुको जिम्मेवारी र समयसीमा समेत उल्लेख गरी जवाफदेही समेत बनाउने अपेक्षा गरिएको छ ।

## १.२ उद्देश्य

योजना तर्जुमा गर्दा विहङ्गम राष्ट्रिय दृष्टिकोणलाई प्रदेश स्तरमा समेत प्रतिबिम्बित गर्नु गराउनु, प्रदेशको आवधिक योजनाको कार्यान्वयनको लागि आधार तयार गर्नु, प्रदेश नं. १ र प्रदेशका स्थानीय सरकारहरूबीच विकासका आयामको बुझाई र विकास योजनाको व्यवस्थापनमा एकरूपता ल्याउन मद्दत गर्नु, र नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा जनाएका प्रतिबद्धता पूरा गर्न सहयोग पुऱ्याउनु यस दिग्दर्शनको प्रमुख उद्देश्य रहेको छ । दिग्दर्शनका अन्य उद्देश्य देहाय बमोजिम रहेका छन् :

- आवधिक योजना, वार्षिक योजना तथा मध्यमकालिन खर्च संरचनाको विषयमा स्पष्ट पार्नु ।
- प्रदेशको आवधिक योजना तथा वार्षिक योजना प्रक्रिया परिभाषित गरी संलग्न निकायहरुको जिम्मेवारी प्रष्ट पार्नु ।

- आयोजना बैंकको अवधारणालाई संस्थागत गर्नु ।
- संघ, प्रदेश तथा स्थानीय तहका आवधिक विकास योजना बीचको अन्तरसम्बन्ध स्पष्ट गर्न मद्दत पुऱ्याउनु।
- प्रदेश आवधिक विकास योजनामा समष्टिगत र क्षेत्रगत विकासका लागि अवलम्बन गर्ने लक्ष्य, उद्देश्य र रणनीति र योजना तर्जुमाका लागि समावेश हुनुपर्ने आवश्यक प्राविधिक विषयवस्तु स्पष्ट गर्नु ।
- आवधिक विकास योजना तर्जुमा प्रकृयामा स्पष्टता ल्याई सहभागितामूलक योजना तर्जुमा पद्धतिलाई प्रदेश स्तरमा संस्थागत गर्दै आवधिक विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकनमा सहयोग पुर्याउनु।
- प्रदेश स्तरीय योजना र वार्षिक बजेट तथा कार्यक्रमलाई अन्तरआवद्धता गर्दै सिमित स्रोतको अत्युत्तम प्रयोग गर्ने उपयुक्त प्रक्रिया निर्माण गर्नु ।
- प्रदेशका रणनीतिक आयोजनालाई स्रोतको कमी हुन नदिन प्राथमिकता निर्धारण गर्नुका साथै रणनीतिक (Game Changer) आयोजनाको प्रभावकारिता व्यवस्थित गर्ने ।

यस दस्तावेजको भाग १ मा दिग्दर्शनको परिचय, उद्देश्य र अवधारणालाई प्रष्ट पारिएको छ । भाग २ मा योजना तर्जुमाका संवैधानिक तथा अन्य आधारहरुको बारेमा वर्णन गरिएको छ । त्यस्तै भाग ३ मा आवधिक योजनाको प्रक्रिया तथा विषयसूचिका बारेमा चर्चा गरिएको छ भने भाग ४ मा मध्यमकालिन खर्च संरचना तर्जुमाको अवधारणा, प्रक्रिया र विषयवस्तुको बारेमा वर्णन गरिएको छ ।

भाग ५ यस दिग्दर्शनको महत्वपूर्ण भाग हो । यस भागमा प्रदेश नं. १ को आवधिक योजनाको लक्ष्य प्राप्त गर्न अवलम्बन गरिने सहभागितात्मक वार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रियाको बारेमा चरणबद्ध रुपमा उल्लेख गर्नुको साथै प्रक्रियामा संलग्न निकायहरुको जिम्मेवारी समेतलाई परिभाषित गरिएको छ । साथै परियोजना बैंकको अवधारणालाई पनि आत्मसाथ गरिएको छ ।

## १.३ योजनाको अवधारणा

विकास योजना भनेको उपलब्ध स्रोत साधनलाई परिचालन गरी योजना अवधिभित्र तोकिएका लक्ष्य तथा उद्देश्य प्राप्त गर्ने दस्तावेज हो । अर्को वाक्यमा विकास योजना भन्नाले समग्र आर्थिक सामाजिक विकासको उद्देश्य पूरा गर्न निश्चित अवधिभित्र हासिल गर्न लिइने लक्ष्य, नीति, रणनीति तथा कार्यक्रम र त्यस्ता कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि चाहिने स्रोत साधनको व्यवस्था र सोबाट प्राप्त हुने नतिजा सहितको दस्तावेज हो ।

## १.४ योजनाको प्रकार र योजना बीचको अन्तर्सम्बन्ध

योजनाको विषयवस्तु तथा प्रवृत्तिको आधारमा योजना विभिन्न प्रकारका हुन्छन् ।

### १.४.१ कार्यक्षेत्र र स्थानगत

कार्यक्षेत्र र स्थानगत (spatial) हिसाबले निम्नलिखित तीन प्रकारका योजनाहरू तर्जुमा गर्नुपर्ने देखिन्छ :

**(क) राष्ट्रिय आवधिक विकास योजना (National Periodic Development Plan)**

नेपालको संविधान र कानूनमा व्यवस्था भए बमोजिमको आफ्नो अधिकार क्षेत्रभित्र रहेको विषय र क्षेत्रलाई समेट्ने गरी नेपाल सरकारले समग्र देशको आर्थिक सामाजिक विकासको लागि आवधिक विकास योजना तर्जुमा गर्दछ। राष्ट्रिय स्तरमा आर्थिक सामाजिक नीति, बृहत्तर प्रभाव पार्ने आयोजना, अन्तर प्रदेशलाई जोड्ने आयोजना इत्यादि विषय समेटेर नेपाल सरकारले राष्ट्रिय आवधिक विकास योजना तर्जुमा गर्दछ ।

**(ख) प्रादेशिक आवधिक विकास योजना (Provincial Periodic Development Plan)**


नेपालको संविधान र कानूनमा व्यवस्था भए बमोजिम प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्र रहेको विषय र क्षेत्रलाई समेट्ने गरी आ-आफ्नो प्रदेशको आर्थिक सामाजिक विकासको लागि आवधिक विकास योजना तर्जुमा गर्दछन्। प्रदेश स्तरका आर्थिक सामाजिक नीति, प्रदेश स्तरका अयोजना, आफ्नो प्रदेश भित्रका दुई वा सोभन्दा बढी स्थानीय तहलाई समेट्ने विकास आयोजना इत्यादि विषय समेटेर प्रदेश सरकारले प्रादेशिक

आवधिक विकास योजना तर्जुमा गर्दछ । योजना तर्जुमा गर्दा नेपाल सरकारको राष्ट्रिय योजनासँग तादात्म्यता कायम गर्नुपर्दछ ।

**(ग) स्थानीय तहको आवधिक विकास योजना (Local Level Periodic Development Plan)**
नेपालको संविधान र कानूनमा व्यवस्था भए बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रहेको विषय र क्षेत्रलाई समेट्ने गरी स्थानीय तहको आर्थिक सामाजिक विकासको लागि आवधिक विकास योजना तर्जुमा गर्नु पर्दछ । स्थानीय तहका आर्थिक सामाजिक नीति र स्थानीय स्तरका आयोजना लगायतका विषय समेटेर स्थानीय सरकारले स्थानीय तहको आवधिक विकास योजना तर्जुमा गर्दछन् । यो योजना तर्जुमा गर्दा नेपाल सरकारको राष्ट्रिय योजना र आ—आफ्नो प्रदेश सरकारको आवधिक योजनासँग तादात्म्यता कायम गर्दछन्।

संघ, प्रदेश र स्थानीय तहको आवधिक योजनाहरु बीचमा अन्तर्सम्बन्ध रहेको हुन्छ । जसलाई तल दिइएको चित्रबाट स्पष्ट गरिएको छ :

**चित्र १.१: संघ, प्रदेश र स्थानीय तहको आवधिक योजना बीचको अन्तर्सम्बन्ध**




### १.४.२ समय अवधि
त्यस्तै, समय अवधिको हिसाबले विकास योजना मुख्यतः देहाय अनुसार हुन्छन्:

**(क) दीर्घकालीन योजना / सोच (Long Term Plan/Vision)**
प्रदेशको दीर्घकालीन उद्देश्य प्राप्तिका लागि दीर्घकालीन सोच सहितको दीर्घकालीन योजना तर्जुमा गरिन्छ । यो योजनाको अवधि सामान्यतयाः १५ देखि २५ वर्षसम्मको हुन्छ । अर्थात् योजनाको कार्यान्वयनपछि आगामी १५ वा २५ वर्षको अवधिमा विकासको अवस्था कस्तो हुने, जनताको आयस्तर, जीवनस्तर र उनीहरुले प्राप्त गर्ने सेवा सुविधाको अवस्था के-कस्तो हुने, आँकलन गरिन्छ र सोही अनुरुप लक्ष्य निर्धारण गरी आवश्यक स्रोतसाधनको व्यवस्थासहित योजना तर्जुमा गरिन्छ ।

**(ख) मध्यमकालीन योजना (Medium Term Plan)**

सामान्यतः मध्यमकालीन योजना ३ देखि ७ वर्षको अवधिको लक्ष्य प्राप्त गर्ने गरी तर्जुमा गरिन्छ । यो योजना दीर्घकालीन योजनाको अवधारणा र लक्ष्य अनुरुप तर्जुमा गर्नुपर्ने हुन्छ ताकि दीर्घकालीन योजनाको लक्ष्य एवम् उद्देश्य प्राप्त गर्न सकियोस् । तसर्थ, मध्यम अवधिमा उपलब्ध हुन सक्ने स्रोतसाधनको अनुमान गरी उक्त अवधिको आर्थिक सामाजिक लक्ष्य एवम् उद्देश्य हासिल गर्नको लागि मध्यमकालीन विकास योजना तयार गर्ने गरिन्छ । यो योजना अन्तर्गत आवधिक योजना, मध्यमकालीन खर्च संरचना लगायतका योजना दस्तावेज पर्दछन् ।


**(ग) वार्षिक योजना (Annual Plan)**

वार्षिक योजना एक आर्थिक वर्षको अवधिका लागि तर्जुमा गरी कार्यान्वयन गरिन्छ । यो योजना मध्यमकालीन योजनामा उल्लिखित उद्देश्य एवम् लक्ष्य हासिल गर्न तर्जुमा गरिन्छ । एक वर्षको अवधिमा उपलब्ध हुन सक्ने स्रोत साधनको अनुमान गरी वार्षिक योजना तर्जुमा गर्ने प्रचलन छ । यो योजना तर्जुमा गर्दा मध्यमकालीन खर्च संरचनासँग पनि तादत्म्यता राखी तर्जुमा गर्ने गरिन्छ । वास्तवमा वार्षिक योजना अति महत्वपूर्ण हुन्छ, किनकि दीर्घकालीन र मध्यमकालीन योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त गर्ने कार्यमा वार्षिक योजनाले नै प्रमुख भूमिका खेल्दछ । तसर्थ, वार्षिक योजनामा समावेश गरिएका नीति एवम् आयोजनाको कार्यान्वयन महत्वपूर्ण हुने भएकोले आफ्नो कार्यान्वयन क्षमता र स्रोत साधनको यथार्थपरक आँकलन गर्नुका साथै प्राथमिकता निर्धारण गरी योजना तर्जुमा गर्नुपर्दछ । वार्षिक विकास कार्यक्रम र बजेट गरी वार्षिक योजनाका दुई पाटा हुन्छन।

## १.५ दीर्घकालीन सोच, आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम बीचको सम्बन्ध

दीर्घकालीन सोच / योजना अनुरुप आवधिक योजना, आवधिक योजना अनुरुप मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने र मध्यमकालीन खर्च संरचना अनुरुप वार्षिक विकास कार्यक्रम तर्जुमा गर्नु आवश्यक हुन्छ । वार्षिक विकास कार्यक्रमले बजेट कार्यान्वयनबाट प्रतिफल हासिल गर्न तथा मध्यमकालीन खर्च संरचना र आवधिक योजनाको नतिजा हासिल गर्न सहयोग पुग्दछ । यसको लागि आवधिक योजना र मध्यमकालीन खर्च संरचनाले स्रोतको सुनिश्चितता र प्राथमिकता प्रदान गर्दछ । यी विभिन्न अवधिका योजना बीचको अन्तरसम्बन्धलाई तलको चित्रबाट स्पष्ट गरिएको छ।

**चित्र १.२ः दीर्घकालीन सोच, आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम**



## १.६ योजनाको आवश्यकता र औचित्य

हाम्रो जस्तो स्रोत साधनको अभाव रहेको, विकासको चाहना र आवश्यकता अत्यधिक रहेको देशमा सीमित स्रोत साधनलाई अधिकतम प्रतिफल प्राप्त गर्ने क्षेत्रमा लगानी गर्नुपर्ने हुन्छ । यसको लागि बजारले मात्र सम्पूर्ण स्रोत साधनको अति उत्तम परिचालन गर्न सक्दैन । जनतालाई पुऱ्याउनु पर्ने शिक्षा, स्वास्थ्य, खानेपानी, सुरक्षा, भौतिक पूर्वाधार निर्माणका साथै कृषि क्षेत्रको विकास, रोजगारीको सिर्जना, गरिबी निवारण, सन्तुलित र समावेशी विकास जस्ता विषय राज्यको दायित्वभित्र पर्दछन् । तसर्थः उपलब्ध सीमित स्रोत साधनको विवेकशील एवम् महत्तम उपयोग गरी राज्यको दायित्व भएको यी क्षेत्रमा लगानी गर्नु आवश्यक पर्दछ । यसका लागि योजनाबद्ध विकासमार्फत् देशको द्रुततर विकास गर्नुपर्नेछ ।

नेपालको संविधानले तीन खम्बे अर्थ नीति अवलम्बन गर्ने कुरालाई जोड दिएको छ । अर्थतन्त्रका यी तीन क्षेत्र- सरकार, निजी र सहकारी क्षेत्रको आ-आफ्नो एकल र संयुक्त प्रयासबाट मात्र देशको तीव्र विकास सम्भव हुन्छ । तसर्थ, मिश्रित अर्थतन्त्रको अवधारणा अनुरुप सरकार र निजी क्षेत्रको प्रयासबाट विकास गर्ने अवधारणा अनुरुप वि.सं. २०१३ सालदेखि योजनाबद्ध विकास प्रयास सुरु गरिएको हो । यो अवधारणा सातौं योजनासम्म कायम रह्यो । तर विश्वव्यापी रुपमा आएको उदारीकरणको लहरसँगै नेपालले पनि आठौं योजनादेखि उदार अर्थतन्त्रको अवधारणा अवलम्बन गऱ्यो । उक्त आठौं योजनादेखि योजनालाई निजी क्षेत्र समेतको व्यापक सहयोग लिई विकास गर्नको लागि सरकारको भूमिका सीमित गरी सरकारले नियामक र उत्प्रेरक भूमिका खेल्ने गरी सांकेतिक योजना तर्जुमा कार्य सुरु गऱ्यो । साथै, योजना तर्जुमा गर्दा आम जनताको विचार र आवश्यकता बुझ्ने कार्य सुरु गऱ्यो । वर्तमान संविधानले सहकारी क्षेत्र समेतको आवश्यकता र महत्वलाई आत्मसात गर्दै समग्र विकासमा राष्ट्रका तीनै क्षेत्रको प्रयासलाई उपयोग गर्ने गरी समग्र योजना प्रणाली र विकासमा जनताको अपनत्व वृद्धि गरी विकासलाई दिगो बनाउन जनसहभागितामूलक योजना तर्जुमाको आवश्यकतालाई जोड दिएको छ । यसका साथै विकासमा निजी साझेदारी र वैदेशिक लगानीलाई आकर्षण गर्न समेत योजना तर्जुमाको अभ्यास गरिन्छ ।

# भाग २ - योजना तर्जुमाका आधार

## २.१ परिचय

योजनाको प्रमुख उद्देश्य देशको आर्थिक-सामाजिक क्षेत्रको विकास गरी जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउनु हो । योजनाको कार्यान्वयनबाट योजना अवधिमा देशको आर्थिक-सामाजिक साथै वातावरणीय पक्षमा समेत सुधार हुनु आवश्यक हुन्छ । यसर्थ, योजना तर्जुमा गर्दा संविधानको मर्म र यसले व्यवस्था गरेका प्रावधानहरु एवम् देशको आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न ऐन, नियम र नीतिको कार्यान्वयन तथा उद्देश्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक हुन्छ । अतः प्रदेशले समेत योजना तर्जुमा गर्दा निम्नलिखित आधार लिनु आवश्यक हुन्छः

१) नेपालको संविधान,

२) विद्यमान ऐन, नियम,

३) विद्यमान राष्ट्रिय तथा प्रादेशिक नीति,

४) राष्ट्रिय तथा प्रादेशिक दीर्घकालीन सोच,

५) राष्ट्रिय तथा प्रादेशिक आवधिक योजना,

६) दिगो विकास लक्ष्य,

७) नेपाल सरकारको मार्गनिर्देशन,

८) प्रदेशको प्रमुख समस्या र सम्भावना

९) प्रदेश सरकारमा सहभागी दलहरुको चुनावी घोषणापत्र

### २.१.१ नेपालको संविधान

विकास योजना तर्जुमा गर्दा वर्तमान नेपालको संविधानको मूलमर्म र यसले गरेको विकासको परिकल्पना साथै यसमा उल्लिखित मौलिक हक, नीतिहरु, निर्देशक सिद्धान्तहरु र संविधानको अनुसूचीमा रहेको व्यवस्था कार्यान्वयनमा सहयोग पुऱ्याउन पर्याप्त ध्यान दिनुपर्दछ । नेपालको संविधानका सान्दर्भिक धाराहरु अनुसूची -१ मा उल्लेख गरिएको छ ।

### २.१.२ विद्यमान ऐन, नियम

योजना तर्जुमा गर्दा योजनासँग सम्बन्धित विद्यमान ऐन, नियमहरुलाई ध्यान दिनुपर्दछ । योजना तर्जुमा, बजेट तर्जुमा एवम् कार्यान्वयन र त्यसको अनुगमन तथा मूल्यांकन, आयोजना तर्जुमा र कार्यान्वयन, वैदेशिक सहायता परिचालन, राजस्व परिचालन लगायतका विषयमा भएका विद्यमान ऐन, नियम, कार्यविधि आदि विषयलाई ध्यानमा राखी योजना तर्जुमा गर्नुपर्ने हुन्छ । जस्तैः अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७५ ले नेपालको संविधानको धारा ५९ बमोजिम आर्थिक अधिकारको प्रयोग र धारा ६० बमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहको राजस्वको अधिकार, राजस्व बाँडफाँट, अनुदान, ऋण, मध्यमकालीन खर्च संरचना, बजेट तर्जुमा, सार्वजनिक खर्च तथा वित्तीय अनुशासन लगायतका विषय समेटेको छ । सो ऐनमा भएको प्रावधानलाई ध्यानमा राखी योजना तर्जुमा गर्नुपर्ने हुन्छ ।

### २.१.३ विद्यमान राष्ट्रिय प्रादेशिक र स्थानीय नीति

योजना तर्जुमा गर्दा नेपाल सरकारले जारी गरेका राष्ट्रिय नीतिलाई समेत ध्यान दिनु आवश्यक छ । नेपाल सरकारले स्वीकृत गरेका प्रमुख राष्ट्रिय नीतिहरु अनुसूची २ मा संलग्न गरिएको छ । राष्ट्रिय नीतिका अतिरिक्त प्रदेश सरकार र स्थानीय सरकारले जारी गरेका नीतिमा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्ने गरी योजना तर्जुमा गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त योजना तर्जुमा गर्दा राष्ट्रिय अभियान र आवश्यकता अनुसारका अन्य विषयलाई पनि ध्यान दिनु आवश्यक छ ।

### २.१.४ राष्ट्रिय / प्रादेशिक दीर्घकालीन सोच

प्रदेशले योजना तर्जुमा गर्दा केन्द्रीय सरकारले तर्जुमा गरेको राष्ट्रिय दीर्घकालीन सोच, त्यसमा अन्तर्निहित लक्ष्य, उद्देश्य र रणनीतिलाई पनि ध्यान दिनुपर्दछ । त्यस्तै, आफ्नो दीर्घकालीन सोच, त्यसमा अन्तर्निहित लक्ष्य, उद्देश्य र रणनीतिलाई पनि आधार मान्नु पर्दछ ।

### २.१.५ राष्ट्रिय आवधिक योजना

प्रदेशले योजना तर्जुमा गर्दा नेपाल सरकारको दीर्घकालीन सोच २१००, राष्ट्रिय आवधिक योजनामा उल्लिखित उद्देश्य, लक्ष्य, रणनीति, कार्यनीति र कार्यक्रमलाई ध्यानमा राखी सोसँग तादात्म्यता कायम गर्ने गरी आवधिक योजना र वार्षिक योजना तर्जुमा गर्नुपर्ने हुन्छ ।

### २.१.६ दिगो विकास लक्ष्य

नेपाल सरकारले संयुक्त राष्ट्रसंघमा सन् २०३० सम्म दिगो विकासका लक्ष्य प्राप्त गर्ने प्रतिबद्धता जनाएको छ । दिगो विकासका १७ वटा लक्ष्य, १६९ वटा परिमाणात्मक लक्ष्य र विश्वव्यापी सहित नेपालले तय गरेका जम्मा ४७९ सूचकहरु छन् । दिगो विकासका लक्ष्य हासिल गर्न नेपाल सरकारको एकल प्रयासले मात्र सम्भव छैन । यसमा प्रदेशका साथै स्थानीय तहको पनि सहयोगी भूमिका हुनुपर्छ । तसर्थ, प्रदेशले योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्या प्राप्तिमा सहयोग पुग्ने गरी तर्जुमा गर्नुपर्ने हुन्छ । दिगो विकासका लक्ष्य र ती लक्ष्य हासिल गर्न प्रदेशले अपनाउनु पर्ने विधि अनुसूची-३ मा उल्लेख गरिएका छन् ।

### २.१.७ नेपाल सरकारका मार्गनिर्देशन

प्रदेशले योजना तर्जुमा गर्दा नेपाल सरकारले योजना तर्जुमा, बजेट तर्जुमा र अनुगमन तथा मूल्याङ्कन व्यवस्था साथै आयोजनाको कार्यान्वयन सम्बन्धमा समय-समयमा पठाउने मार्गनिर्देशन समेतलाई ध्यानमा राखी तर्जुमा गर्नुपर्ने हुन्छ । यसो गर्दा नेपाल सरकारको योजना र वार्षिक बजेट तथा नीतिसँग प्रादेशिक योजनाको तालमेल मिलाउन सकिनेछ ।

### २.१.८ प्रदेशको प्रमुख समस्या र सम्भावना

प्रदेशले योजना तर्जुमा गर्दा प्रदेशको प्रमुख समस्या के-के छन् त्यसलाई पहिचान गर्ने, ती समस्या समाधानका उपाय केलाउने, त्यस्तै प्रदेशको विकासका सम्भावनाहरु के-के छन् पहिचान गर्ने, साथै नेपाल सरकारले पु¥याउनु पर्ने सहयोग के-के हुन् ती समेत पहिचान गरी योजना तर्जुमा गर्नुपर्नेछ । यसका अतिरिक्त विगतका योजना र प्रादेशिक वस्तुस्थिति समेतको विश्लेषण र समीक्षा गरी त्यसको आधारमा योजना तर्जुमा गर्नुपर्ने हुन्छ । त्यस्तै, स्थानीय तहसंगको साझेदारी र समन्वय कार्यान्वयन गर्न सकिने योजनाहरु समेतलाई ध्यान दिनु पर्दछ।

### २.१.९ प्रदेश सरकारमा सहभागी राजनीतिक दलको चुनावी घोषणापत्र

योजना दस्तावेज मुलतः राजनीतिक दस्तावेज भएकोले प्रदेशमा योजना तर्जुमा गर्दा प्रदेश सरकारमा सहभागी राजनीतिक दलले प्रदेश निर्वाचनमा सार्वजनिक गरेको घोषणापत्र वा प्रतिवद्धतापत्रलाई आधार मानि तर्जुमा गर्नुपर्ने हुन्छ ।

# भाग ३ - आवधिक योजना तर्जुमा प्रक्रिया[१]

प्रदेशले आवधिक योजना तर्जुमा गर्दा निम्नलिखित प्रक्रिया अवलम्बन गर्नु पर्दछ । सामान्यतया निर्वाचित प्रदेश सरकारले आफ्नो कार्यकालको प्रथम वर्षमा आगामी ५ वर्षको लागी आवधिक योजना तयार पार्नु पर्दछ।

## ३.१ कार्यतालिका र जिम्मेवारी निर्धारण

प्रदेशले आवधिक योजना तर्जुमा गर्दा गर्नुपर्ने कार्यको तालिका, ती कार्य सम्पन्न गर्ने जिम्मेवारी भएका मन्त्रालय / निकाय / संस्था र सम्पन्न गरिसक्नुपर्ने समयावधि किटान गरी कार्यतालिका तयार गर्नुपर्ने हुन्छ । आवधिक योजना तर्जुमा गर्दा तल तालिकामा दिइएको कार्य र समयावधिलाई ध्यानमा राख्नुपर्ने हुन्छ ।

| तर्जुमा गतिविधि | जिम्मेवार संस्था/निकाय | समयावधि |
|---|---|---|
| १. आवधिक योजना तर्जुमा तयारी बैठक | आयोगको उपाध्यक्ष, विषयगत मन्त्रालयको सचिव | साउन १५ गते भित्र |
| २. प्रदेशको अद्यावधिक स्थिति विश्लेषणको लागि तथ्याङ्क र सूचना सङ्कलन र लेखन | विषयगत मन्त्रालय र आयोग/आर्थिक मामिला तथा योजना मन्त्रालय | भदौ मसान्त सम्म |
| ३. निर्देशक समिति विषय क्षेत्रगत समिति निर्माण र कार्य प्रारम्भ | आयोग/आर्थिक मामिला तथा योजना मन्त्रालय र विषयगत मन्त्रालय/निकाय | असोज १५ गते भित्र |
| ४. आवधिक योजनाको अवधारणा पत्र तयारी | आयोग/आर्थिक मामिला तथा योजना मन्त्रालय | कात्तिक १५ गते भित्र |
| ५. योजना तर्जुमा कार्यशाला सञ्चालन | विषय क्षेत्रगत समिति/सम्बन्धित मन्त्रालय र आयोग | कात्तिक मसान्त भित्र |
| ६. विषयगत मन्त्रालयबाट आधारपत्रको प्रारम्भिक मस्यौदा प्राप्ति | विषय क्षेत्रगत समिति/सम्बन्धित मन्त्रालय र आयोग/आर्थिक मामिला तथा योजना मन्त्रालय | मंसिर मसान्त भित्र |
| ७. स्रोत पहिचान र समष्टिगत आर्थिक प्रक्षेपण | आयोग/आर्थिक मामिला तथा योजना मन्त्रालय | पुष मसान्त भित्र |
| ८. आधारपत्रको एकीकृत मस्यौदा तयारी | आयोग/आर्थिक मामिला तथा योजना मन्त्रालय विषयगत मन्त्रालय | माघ मसान्त भित्र |
| ९. आधारपत्रको एकीकृत मस्यौदामाथि सरोकारवालासँग अन्तरक्रिया | आयोग/आर्थिक मामिला तथा योजना मन्त्रालय | फागुन मसान्त भित्र |
| १०. प्रदेश विकास परिषदबाट निर्देशन सहित आधारपत्र अनुमोदन | आयोग/आर्थिक मामिला तथा योजना मन्त्रालय | चैत १५ गते भित्र |
| ११. आयोगको बैठकबाट परिमार्जन र प्रदेश मन्त्रिपरिषदबाट आधारपत्र स्वीकृति | आयोग/आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश मन्त्रिपरिषद् | चैत मसान्त भित्र |
| १२. योजनाको विस्तृत दस्तावेज तयारी | आयोग/आर्थिक मामिला तथा योजना मन्त्रालय र सबै विषयगत मन्त्रालय/निकाय | जेठ १५ भित्र |
| १३. योजनाको विस्तृत दस्तावेज स्वीकृति र प्रकाशन | आयोग/आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश मन्त्रिपरिषद् | असार मसान्त भित्र |

[१] नोटः यो भाग मूलतः राष्ट्रिय योजना आयोगको प्रदेश स्तरीय योजना तर्जुमा दिग्दर्शनबाट साभार गरिएको हो । प्रदेश नं. १ को हकमा प्रथम आवधिक योजना तर्जुमा गर्दा राष्ट्रिय योजना आयोगबाट नमूना दिग्दर्शन बनि नसकेको सन्दर्भमा प्रदेश सरकार आफैंले प्रक्रिया निर्धारण गरि सोही बमोजिम आवधिक योजना तर्जुमा गरिएको थियो । यस सम्बन्धी विस्तृत जानकारी प्रदेश न. १ को प्रथम आवधिक योजनाको दस्तावेजमा उल्लेख छ जुन www.ppc.p1.gov.np/periodic-plan मा हेर्न सकिन्छ ।

## ३.२ संस्थागत संयन्त्र

### क. आवधिक योजना तर्जुमा निर्देशक समिति [२]

आवधिक योजना तर्जुमा गर्दा समग्र प्रक्रियालाई निर्देशन र समन्वय गर्न देहाय बमोजिमको एक निर्देशक समिति गठन गर्नुपर्ने हुन्छ ।

| | |
|---|---|
| (क) उपाध्यक्ष, प्रदेश योजना आयोग | अध्यक्ष |
| (ख) सदस्यहरु, प्रदेश योजना आयोग | सदस्य |
| (ग) सचिव, मुख्य मन्त्री तथा मान्त्रपरिषदको कार्यालय | सदस्य |
| (घ) सचिवहरु, प्रदेश विषयगत मन्त्रालय | सदस्य |
| (ङ) सचिव, प्रदेश योजना आयोग | सदस्य सचिव |

### ख. विषय क्षेत्रगत समिति

आवधिक योजना तर्जुमा गर्नको लागि देहाय बमोजिमको विषय क्षेत्रहरु पहिचान गरी प्रदेश योजना आयोगको सदस्यको संयोजकत्वमा विषयगत समितिहरु गठन गर्नुपर्ने हुन्छ ।

| **विषय क्षेत्रगत समिति** | **समिति सम्बन्धित उपक्षेत्र** |
|---|---|
| आर्थिक विकास | अर्थ, कृषि, पशुपन्छी, भूमिसुधार, सहकारी तथा गरिबी निवारण, वन तथा वातावरण, उद्योग, वाणिज्य तथा आपूर्ति, पर्यटन र श्रम तथा रोजगार |
| सामाजिक विकास | शिक्षा, विज्ञान तथा प्रविधि, स्वास्थ्य, युवा तथा खेलकुद, महिला बालबालिका तथा समाजकल्याण, संस्कृति र खानेपानी तथा सरसफाई |
| पूर्वाधार विकास | उर्जा, सिँचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापन, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था, भवन, आवास तथा सहरी विकास र सूचना तथा सञ्चार |
| शासकीय तथा अन्तरसम्बन्धित क्षेत्र | प्रदेश संभा, प्रदेश मन्त्रिपरिषद्, आन्तरिक मामिला, शान्ति सुरक्षा, कानून तथा संसदीय मामिला |
| **विषयगत क्षेत्रगत समितिको संरचना** | |
| संयोजक | सदस्य, प्रदेश योजना आयोग |
| सदस्य | योजना महाशाखा प्रमुख, सम्बन्धित मन्त्रालय / निकाय |
| सदस्य—सचिव | आयोगले तोकेको सम्बन्धित विषय हेर्ने महाशाखा / शाखाका प्रमुख |
| सम्बन्धित विषयगत क्षेत्रअन्तर्गतका अन्य महाशाखा/शाखा प्रमुख र विषयविज्ञ समेत आमन्त्रण गर्न सकिनेछ । | |

माथि उल्लिखित विषय / क्षेत्रगत समितिले आवधिक योजनाको विभिन्न चरणमा कार्य सम्पादन गर्नुपर्ने हुन्छ । यस्तो कामको आरम्भ प्रदेशका समस्या र सम्भावनाको विश्लेषण सम्बन्धी छलफलबाट शुरु हुन्छ ।

उल्लिखित विषय / क्षेत्रगत समिति विषयक्षेत्र समेट्नका लागि राखिएको हो । प्रत्येक विषय / क्षेत्रहरुको लक्ष्य प्राप्तिका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, वातावरण, जलवायु परिवर्तन जस्ता अन्तर्सम्बन्धित पक्षलाई समेटिने गरी नीति तथा स्रोत विश्लेषण गर्नुपर्ने हुन्छ । त्यस्तो नीति तथा स्रोत विश्लेषणका लागि यी विषय / क्षेत्रका उपक्षेत्रको पनि पहिचान गर्नुपर्ने हुन्छ । उदाहरणका लागि सामाजिक विकास क्षेत्रका लागि शिक्षा, विज्ञान तथा प्रविधि, स्वास्थ्य, युवा तथा खेलकुद, महिला बालबालिका तथा समाजकल्याण हुन सक्छन् ।

[२] प्रदेश नं. १ को प्रथम आवधिक योजना तर्जुमा गर्दा माननीय मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सरकारका माननीय मन्त्रीहरू, प्रदेश योजना आयोगका माननीय उपाध्यक्ष, प्रमुख सचिव (प्रदेश सरकार), सचिव (आर्थिक मामिला तथा योजना मन्त्रालय), प्रदेश स्तरीय जिल्ला समन्वय समिति/नगरपालिका/गाउँपालिका महासंघका प्रमुख वा प्रतिनिधि सदस्य रहने गरी निर्देशक समितिको गठन गरिएको । सहजकर्ता (विज्ञ समूह) आमन्त्रित सदस्य रहने र निर्देशक समितिको सदस्य सचिवको रूपमा प्रदेश योजना आयोगका सचिव रहने समेत व्यवस्था गरिएको ।

**ग. विषयगत उपसमिति**

आवधिक विकास योजना तर्जुमा सम्बन्धी काम, कार्यशाला सञ्चालन व्यवस्थापन र सहजीकरण र योजना तर्जुमा कार्यशालामा भएका सहमति र निर्णयका आधारमा खाका तयार गरी आवधिक विकास योजना दस्तावेजको ढाँचामा लिपिबद्ध गर्न विषयगत समितिले तोकेको समितिको सदस्यको संयोजकत्वमा आवधिक योजना तर्जुमा विषयगत उपसमिति गठन गर्नुपर्ने हुन्छ । उक्त उपसमितिले प्रदेशको अध्यावधिक विश्लेषण तथा आवधिक विकास योजना तर्जुमा सम्बन्धी विषयक्षेत्रगत तथ्याङ्क संकलन विश्लेषण सम्बन्धी काम, छलफल, कार्यशाला संचालन, योजना तर्जुमा लगायतका कार्यहरु गर्नुपर्ने हुन्छ ।

## ३.३ अद्यावधिक स्थिति विश्लेषण

प्रदेश स्तरको आवधिक योजना तर्जुमा गर्दा प्रदेशको वर्तमान आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वातावरणीय र शासकीय सूचकहरुको अवस्था के-कस्तो रहेको छ, सो स्पष्ट जानकारी हुने गरी तथ्याङ्क तथा विवरणहरु संकलन गर्नुपर्ने हुन्छ । प्रदेशको जनसंख्या, गरिबी, बेरोजगारी / रोजगारी, कुल गार्हस्थ्य उत्पादन / प्रतिव्यक्ति आय, सेवा सुविधाहरुको उपलब्धता, मातृ मृत्युदर, बाल मृत्युदर, औषत आयु, खानेपानी तथा सरसफाई सुविधाको उपलब्धता, सडक, यातायात लगायतका लथ्याङ्क संकलन र विश्लेषण गरी प्रदेशको अद्यावधिक स्थिति तयारी गर्नुपर्ने हुन्छ । प्रादेशिक पार्श्वचित्र (Profile) को ढाँचा अनुसूची ४ मा उल्लेख गरिएको छ ।

## ३.४ सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती विश्लेषण (SWOT Analysis)

प्रदेशको आवधिक योजना तर्जुमा गर्नको लागि प्रदेश स्तरका विकासका समस्या, चुनौती, अवसर तथा सबल पक्षको समष्टिगत एवम् विषय / क्षेत्रगत रुपमा पहिचान र विश्लेषण गर्नुपर्ने हुन्छ । सो विश्लेषणको आधारमा नै प्रदेशको आवश्यकता तथा प्राथमिकता सम्बोधन गर्न योजनामा लिइने रणनीति तय गर्नुपर्ने हुन्छ ।

## ३.५ सोच, लक्ष्य, उद्देश्य र रणनीति निर्धारण

**क) सोच**

सोच दीर्घकालमा पुग्नुपर्ने अवस्थाको परिकल्पना अर्थात् दूरदृष्टि हो । यसले समृद्धिको दिशामा अग्रसर हुन उत्प्रेरणा जगाउँछ । सामान्यतः दीर्घकालीन सोच १५ देखि २५ वर्ष अवधिको तर्जुमा गर्ने प्रचलन छ । यसले प्रदेशको गन्तव्यको पहिचानसहित कुन अवस्थामा वा कहाँ पुग्ने हो सोको उत्तर खोज्दछ । सोचको लेखन गर्दा स्पष्ट, संक्षिप्त र पूर्ण अर्थ दिने गरी लेख्नुपर्ने हुन्छ । नेपाल सरकारले "समृद्ध नेपाल सुखी नेपाली" को दीर्घकालीन सोच लिएको छ भने प्रदेश नं. १ दीर्घकालिन सोच देहाय बमोजिम रहेको छः

**" स्वच्छ, सुखी र समुन्नत प्रदेश "**

**ख) लक्ष्य**

योजना कार्यान्वयनबाट लामो अवधिमा प्राप्त हुने अपेक्षित नतिजा लक्ष्य हो । लक्ष्य समष्टिगत र परिमाणात्मक गरी दुई प्रकारका हुन्छन् । यो योजनाको समग्र उपलब्धिको मापन गर्न सकिने गरी परिमाणात्मक र मापनयोग्य हुनुपर्दछ। लक्ष्य निर्धारण गर्दा दीर्घकालीन सोच निर्देशित हुने गरी गर्नुपर्ने हुन्छ । लक्ष्यको स्पष्टताद्वारा प्रदेशले के प्राप्त गर्ने र किन प्राप्त गर्ने भन्ने प्रश्नको उत्तर खोज्ने हुँदा यसले विकासको सम्भावना र अवसरको अधिकतम उपयोगलाई संकेत गर्दछ । यसले उद्देश्य भन्दा माथिल्लो तह र लामो अवधिको परिदृश्यलाई आँकलन गर्ने गरिन्छ । उदाहरणको लागि प्रदेश नं. १ को आवधिक योजनाको समष्टिगत लक्ष्य, "सामाजिक न्याय सहितको समृद्ध प्रदेश स्थापना" गर्ने रहेको छ भने २३ वटा परिमाणात्मक लक्ष्य निर्धारण गरिएका छन्। जस्तैः

**"प्रदेशको गरिबी ११ प्रतिशतमा झरेको हुने ।"**

**"प्रदेशको प्रतिव्यक्ति आय अमेरिकी डलर १६२० पुगेको हुने ।"**

**ग) उद्देश्य**

योजनाको पूर्ण कार्यान्वयनबाट योजना अवधिको अन्त्यमा के हासिल हुन्छ भन्ने कुरा उद्देश्यले जनाउँछ । प्रदेशको सन्दर्भमा यसले प्रादेशिक योजनाले के प्राप्ति गर्न वा किन प्राप्त गर्नेको उत्तर खोज्दछ । उद्देश्य साध्य (End) हो, तसर्थ यसलाई माध्यम (Mean) को रुपमा उल्लेख गर्नुहुँदैन । यो लक्ष्य प्राप्ति सम्बन्धी मध्यमकालीन नतिजाउन्मुख हुनुपर्दछ। एक लक्ष्य हासिल गर्नका लागि एकभन्दा बढी उद्देश्य लिन सकिन्छ । उद्देश्य लेख्दा निम्नलिखित पक्षमा ध्यान दिनुपर्छ ।

- लक्ष्य प्राप्तिसम्बन्धी मध्यमकालीन नतिजा समेटिने गरी लेख्ने ।
- यो लक्ष्यभन्दा बाहिर नजाने ।
- गुणात्मक र परिमाणात्मक एवम् मापनयोग्य हुनुपर्ने ।

**प्रदेश नं. १ को प्रथम आवधिक योजनाका समष्टिगत उद्देश्यहरु निम्न बमोजिम रहेका छन् ।**

(क) उत्पादनमुखी क्षेत्रमा लगानी वृद्धि गरी आय र मर्यादित रोजगारीका अवसरमा वृद्धि गर्नु ।
(ख) शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा गुणात्मक सुधार गर्दै उन्नत मानव संसाधन विकास एवम् समतामूलक समाजको आधार निर्माण गर्नु ।
(ग) गुणस्तरीय दिगो भौतिक पूर्वाधारको विकास गर्नु ।
(घ) जलवायु अनुकूलन गर्दै वन, वातावरण, जलाधार र जैविक विविधताको संरक्षण गर्नु ।
(ङ) सुशासनको अभिवृद्धि गर्नु ।

**घ) रणनीति**

लक्ष्य एवम् उद्देश्य प्राप्त गर्न योजनाले अवलम्बन गर्ने माध्यम, विधि वा शैली रणनीति हो । यसले लक्ष्य एवम् उद्देश्य कसरी (How) प्राप्त गर्ने हो भन्ने इंगित गर्दछ । रणनीति लेख्दा उद्देश्य निर्देशित विकासका क्षेत्रहरुलाई समेट्ने गरी लेख्नुपर्ने हुन्छ । सामान्यतः रणनीति ५-६ वटामा सीमित गर्नुपर्दछ।

**प्रदेश नं. १ को प्रथम आवधिक योजनाका समष्टिगत रणनितीहरू निम्न बमोजिम रहेका छन् ।**

१. कृषि तथा गैरकृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।
२. समावेशी विकास सहितको न्यायपूर्ण समाज निर्माण गर्ने ।
३. शिक्षा, स्वास्थ्य लगायत आधारभूत सेवा-सुविधाको पहुँचमा विस्तार गर्ने ।
४. यातायात, विद्युत, सिँचाइ आदि रणनीतिक महत्त्वका पूर्वाधारहरूको विकास गर्ने ।
५. वन, वातावरण, जैविक विविधताको विकास एवम् संरक्षण गर्ने ।
६. जलवायु परिवर्तन अनुकूलनता अभिवृद्धि एवम् प्रभावकारी विपद् व्यवस्थापन गर्ने ।
७. दक्ष, उत्तरदायी, पारदर्शी तथा नतिजामूलक प्रशासनको विकास गरी सुशासनको प्रवर्द्धन गर्ने ।

**ङ) कार्यनीति**

रणनीति सामान्यतया दीर्घकालीन हुन्छ। दीर्घकालीन रणनीतिको अंशको रुपमा आवधिक योजनाको अवधि भित्र अवलम्बन गरिने माध्यम वा विधि कार्यनीति हो। प्रत्येक रणनीति अनुसारको कार्यनीति छुट्टाछुट्टै पनि उल्लेख गर्न सकिन्छ।(कार्यनीतिको उदाहरणको लागि प्रदेश न. १ को प्रथम आवधिक योजना हेर्नुहुन अनुरोध छ)

## ३.६ आवधिक योजनाको अवधारणापत्र तयारी

आवधिक योजना तर्जुमाको लागि सोच, लक्ष्य, उद्देश्य र रणनीतिको निर्धारण पश्चात् यी विषयवस्तु संलग्न गरी आयोगले कात्तिक १५ गतेभित्र अवधारणापत्रको तयारी गर्नुपर्ने हुन्छ । अवधारणापत्रले योजनाको आधारपत्र तथा पूर्ण दस्तावेजको लागि मार्गदर्शन गर्दछ । अवधारणापत्रमा सोच, लक्ष्य, उद्देश्य र रणनीतिका साथै योजना तर्जुमाको विधि र प्रक्रिया, अपेक्षित नतिजा, जोखिम पक्ष तथा अनुमान र योजना तर्जुमाको समय तालिका एवम् जिम्मेवारी निर्धारण गरी समेटिएको हुन्छ । आवधिक योजना अवधारणा पत्रको ढाँचा अनुसूची ५ मा दिइएको छ ।

## ३.७ आवधिक योजनाको आधारपत्र तयारी
अवधारणापत्रमा आधारित रहेर विषयगत समिति र सम्बन्धित मन्त्रालयले आवधिक योजनाको आधारपत्रको प्रारम्भिक मस्यौदा तयार गरी मंसिर मसान्तभित्र आयोग / मन्त्रालयमा पठाउनु पर्ने हुन्छ । प्राप्त आधारपत्रमा आँकलन गरिए अनुसारको सम्भाव्य स्रोतको पहिचान र प्रक्षेपणपश्चात् आधारपत्रलाई परिमार्जन गरी आयोग / मन्त्रालय र विषयगत समितिले आधारपत्रको एकीकृत मस्यौदा तयार गरी सरोकारवाला सबै पक्षसँग अन्तरक्रिया र छलफल गर्नुपर्ने हुन्छ। अवधारणापत्र माथिको छलफलपश्चात् प्रदेश विकास / समन्वय परिषदबाट निर्देशनसहित अनुमोदन गराउने व्यवस्था मिलाउनुपर्ने हुन्छ । प्राप्त निर्देशनका आधारमा आयोग / मन्त्रालयले आधार पत्रलाई अन्तिम रुप दिई प्रदेश मन्त्रिपरिषदबाट चैत्र मसान्तभित्र स्वीकृत गराउनुपर्ने हुन्छ । आवधिक योजनाको आधारपत्रमा योजनाको समग्र तथा विषय / क्षेत्रगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति र कार्यनीति तथा अपेक्षित उपलब्धी जस्ता विषयवस्तु उल्लेख गरिन्छ । आवधिक योजनाको आधारपत्रको ढाँचा अनुसूची ५ मा दिइएको छ ।

## ३.८ सम्भाव्य स्रोतको पहिचान र प्रक्षेपण
योजना तर्जुमा गर्दा सबैभन्दा महत्वपूर्ण पक्ष वित्तीय स्रोतको सुनिश्चितता हो । वित्तीय स्रोतको सुनिश्चितता नभई तर्जुमा गरिएको योजनाको कुनै औचित्य हुँदैन । तसर्थ, योजनाको वित्तीय स्रोत साधनको विश्लेषण यथार्थपरक र भरपर्दो हुनुपर्छ। प्रदेशलाई उपलब्ध हुने स्रोत साधनको बारेमा नेपालको संविधान र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्पष्ट व्यवस्था गरेको छ ।

प्रदेशले योजनाको वित्तीय विश्लेषण गर्दा योजना अवधिमा परिचालन हुने स्रोतको आँकलन गर्नु पर्दछ । यसको सीमा निर्धारण गर्न बजेट तथा स्रोत समितिको व्यवस्था गर्नुपर्ने हुन्छ । स्रोत आँकलन गर्दा संविधानतः प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयलाई समेट्नुपर्दछ । सो समितिले योजनाको कुल स्रोतको प्रक्षेपण गर्दा निम्नलिखित आधारमा गर्नुपर्ने हुन्छ ।

१) वित्तीय स्रोतको विश्लेषण गर्दा नेपालको संविधानमा भएको प्रावधान अनुरुप प्रदेशको एकल अधिकार तथा साझा अधिकारका सूचीअन्तर्गत विद्यमान कानून बमोजिम प्राप्त राजस्व अधिकारको आधारमा गर्नुपर्दछ । राजस्व संभाव्यता अध्ययन गरिएको वा राजस्व सुधारका लागि छुट्टै योजना तर्जुमा गरी कार्यान्वयन गरिएको अवस्थामा आन्तरिक स्रोतको विश्लेषण सोही योजनाको आधारमा गर्नुपर्दछ । यस्तो अध्ययन वा योजना तर्जुमा नभएको अवस्थामा प्रत्येक राजस्वका स्रोतको आधार पहिचान गरी स्रोत अनुमान गर्ने र सोही आधारमा राजस्वको प्रक्षेपण गर्नुपर्ने हुन्छ ।

२) अन्तरसरकारी वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँटबाट प्राप्त हुने स्रोतको अनुमान गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र नेपाल सरकार, अर्थ मन्त्रालयबाट प्राप्त हुने बजेट सीमाका आधारमा प्रवृत्ति विश्लेषण गरी प्रक्षेपण गर्नुपर्ने हुन्छ ।

३) त्यसैगरी ऋणयोग्य आयोजनाको सम्भाव्यता अध्ययनको आधारमा ऋण परिचालन हुने रकम र सार्वजनिक–निजी साझेदारीमा सञ्चालन हुन सक्ने संभाव्य आयोजनाको आधारमा निजी क्षेत्रबाट परिचालन गर्न सकिने रकमको प्रक्षेपण गर्नुपर्ने हुन्छ ।

यस्तो अनुमानले आवधिक योजनाको दायरा निर्धारण गर्न, योजना तर्जुमाको लागि अवलम्बन गरिने विधि सुनिश्चित गर्न र विशेषज्ञताको आवयश्कता निर्धारण गर्न सहयोग पुग्छ । समग्र योजनाको स्रोत साधनको प्रक्षेपणपछि ती स्रोत साधनहरुको क्षेत्रगत लक्ष्य, उद्देश्य र कार्यक्रम अनुरुप स्रोतको बाँडफाँट गर्नुपर्ने हुन्छ ।

## ३.९ योजनाको विस्तृत दस्तावेज तर्जुमा
प्रदेशको समग्र स्रोत साधन र आँकलन र क्षेत्रगत बाँडफाँट र प्रदेश मन्त्रिपरिषदबाट आवधिक योजनाको आधारपत्र स्वीकृत भएपछि प्रदेशको विभिन्न विषय क्षेत्रगत योजना तर्जुमा गर्नुपर्ने हुन्छ । विषय / क्षेत्रगत योजना तर्जुमा गर्दा योजनाको समग्र लक्ष्य, उद्देश्य र रणनीतिलाई मध्यनजर गरी सो क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति, प्रमुख कार्यक्रम र नतिजा बारेमा उल्लेख गर्नुपर्ने हुन्छ ।

आयोगको सदस्यको संयोजकत्वमा गठित विषयगत समितिले आ—आफ्नो विषय ⁄ क्षेत्रगत लक्ष्यलाई अन्तिम रुप दिन्छन् । विषयगत लक्ष्य निर्धारण गर्दा विषयगत उपलब्धिसँगको अन्तरसम्बन्ध र परिपूरकतालाई समेत ध्यान दिनुपर्ने हुन्छ ।

निर्धारित उद्देश्य पूरा गर्न अर्थात् नतिजा निकाल्न उद्देश्यसँग सम्बन्धित कार्यक्रम तर्जुमा गर्नुपर्ने हुन्छ । कुनै खास उद्देश्य प्राप्तिको निम्ति तयार गरिएका कार्य र क्रियाकलापको कार्यक्षेत्र (Sector/Subsecter) सँग सम्बन्धित आयोजना, कार्यपद्धति वा सेवाको एकीकृत समूहलाई नै कार्यक्रम भनिन्छ । आवधिक विकास योजनाले निर्दिष्ट गरेका लक्ष्य एवम् नीतिलाई कार्यनीतिमार्फत् रुपान्तरण गर्न कार्यक्रम तर्जुमा गरिन्छ ।

कार्यक्रम भनेको योजना कार्यान्वयन गर्ने निकायको नियन्त्रणमा रहने कार्यहरु हुन् । कार्यक्रम कार्यान्वयनको उपज वा फल भनेको नतिजा हो । यस अन्तर्गत प्रभाव, असर र नतिजा पर्दछन् । समस्या विश्लेषणका आधारमा कार्यक्रमबाट अपेक्षित नतिजा प्राप्त हुने वा नहुने जाँच गरी यसमा आवश्यक परिमार्जनसहित सरोकारवालाको सहभागितामूलक छलफलबाट अन्तिम रुप दिनुपर्ने हुन्छ ।

योजनाको नतिजा तथा कार्यक्रम छनौट गर्दा निम्न आधारलाई ध्यान दिनुपर्दछः

१. प्रभावकारिता (Effectiveness) ,

२ समता (Equity),

३ लागत प्रभावकारिता (Cost Effectiveness)

४. स्वीकार्यता (Acceptability)

५. समय (Timely)

६. निश्चितता (Certainty)

७. दिगोपना (Sustainability)

**उदाहरण**

पूर्ण साक्षर प्रदेश निर्माण गर्ने उद्देश्य हासिल गर्न निकाल्नु पर्ने नतिजाहरू कार्यक्रमका रूपमा राखिन्छन् ।

- साक्षरता अभियान ।
- सामुदायिक सिकाई केन्द्र स्थापना तथा सञ्चालन ।
- डिजिटल साक्षरता कक्षा सञ्चालन ।
- पोषण सुधार कार्यक्रम ।

आवधिक योजना एक रणनीतिक(Strategic) योजनाको रूपमा रहने भएकाले कार्यक्रम सञ्चालनका लागि गरिने क्रियाकलाप एवम् गतिविधि स्तरको विस्तृत तयारी एवम् तर्जुमा बारेमा यसमा व्याख्या गरिँदैन ।यस्ता क्रियाकलाप वार्षिक योजना तथा कार्यक्रममार्फत पहिचान तथा आवश्यक वित्तीय व्यवस्था गरिन्छ । तथापि आवधिक योजनामा राखिने कार्यक्रममा सहयोग गर्ने क्षेत्र र आयोजनालाई मध्यनजर गर्नु पर्ने हुन्छ ।

**उदाहरण**

उल्लिखित कार्यक्रम अन्तर्गत गरिनु पर्ने क्रियाकलापहरूः

- शैक्षिक जागरण कक्षा सञ्चालन ।
- पूर्व प्राथमिक कक्षा पूरा गरी कक्षा १ मा भर्ना ।
- आधारभूत तहमा बालबालिकाको टिकाउ दर,
- विद्यालय केन्द्रीत साक्षरता अभियान ।

यसरी निर्धारण गरिएका क्रियाकलाप क्रमिक रूपमा आवधिक योजना अवधिभर परिमाणात्मक संख्यामा सञ्चालन गरिन्छ र वार्षिक योजनामा हासिल गरिने उपलब्धिको कुल योग नै आवधिक योजनाको परिमाणात्मक लक्ष्य हुन्छ ।

## ३.१० कार्यान्वयन व्यवस्थाः

कार्यान्वयन व्यवस्थामा योजना तर्जुमा पश्चात योजनामा उल्लिखित लक्ष्य, उद्देश्य प्राप्त गर्ने गरी योजनाको प्रभावकारी कार्यान्वयनबारे उल्लेख गर्नु पर्ने हुन्छ । योजनाको प्रभावकारी कार्यान्वयन भएन भने योजनाका उद्देश्य, लक्ष्य प्राप्त हुँदैनन् र योजनाको औचित्य समेत रहँदैन। तसर्थ कार्यान्वयनयोग्य योजना तर्जुमा गर्नु पर्दछ । साथै, योजनाको कार्यान्वयन विधि, कार्यतालिका र जिम्मेवारी स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने हुन्छ । योजनाको कार्यान्वयन समयमै भएन भने योजनाको लागत बढ्न जाने हुन्छ ।योजनाको दस्तावेज तयार गर्दा योजनाको कार्यान्वयन प्रक्रिया कस्तो हुने, कार्यान्वयन गर्नुपर्ने सुधारका साथै कार्यान्वयन व्यवस्था बारेमा समेत स्पष्ट खुलाउनु पर्ने हुन्छ ।आवधिक योजनाको कार्यान्वयन वार्षिक योजना बजेट तथा विकास कार्यक्रमको कार्यान्वयनद्वारा गरिन्छ ।

## ३.११ अनुगमन तथा मूल्याङ्कनः

### (क) अनुगमन

योजना, नीति, कार्यक्रम तथा आयोजनामा लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ, छैन र कार्यतालिका अनुसार क्रियाकलापको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त हुने स्थिति छ, छैन भनी विभिन्न तहमा व्यवस्थापन वा व्यवस्थापनले तोकेको व्यक्ति तथा निकायबाट निरन्तर र आवधिक रूपमा निगरानी राख्ने कार्य अनुगमन हो । विकास योजनाको कार्यान्वयन तोकिएको समय, लागत र गुणस्तरमा सम्पन्न गर्न र आयोजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न विकास आयोजनाको प्रभावकारी अनुगमन आवश्यक पर्दछ ।

कार्यक्रम वा आयोजनाको पहिचानको चरणदेखि कार्यान्वयन तथा सञ्चालन अवधिमा समेत अनुगमनको आवश्यकता पर्दछ । यसरी विभिन्न चरणमा गरिने अनुगमनबाट प्राप्त भएका नतिजा, सुझाव तथा सल्लाहलाई पृष्ठपोषणको रूपमा लिई आवश्यकता अनुरूप सुधार गर्दै जानुपर्ने हुन्छ ।

अनुगमन दुई प्रकारले गर्न सकिन्छः

१. आयोजनास्थलमै गएर योजनाको क्रियाकलाप बारेमा जानकारी लिने गरी गरिने अनुगमन,
२. आयोजनाको क्रियाकलापको प्रगति विवरणमाथि गरिने अनुगमन ।

अनुगमनका क्रममा योजना, नीति, कार्यक्रम तथा आयोजनामा निम्न पक्षको विश्लेषण गरिन्छ ।

- स्रोत तथा साधनको प्राप्ति र उपयोग स्वीकृत बजेट र समय तालिका अनुसार भए नभएको,
- अपेक्षित प्रतिफल समयमै र लागत प्रभावकारी रूपमा हासिल भए नभएको,
- कार्यान्वयन क्षमता अवस्था कस्तो छ,
- कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र बाधा व्यवधान र सोको समाधानका निम्ति उपायहरू।

अनुगमनका क्रममा उपर्युक्त पक्षको बारेमा नियमित, व्यवस्थित र समयबद्ध रूपमा तथ्याङ्क विवरण सङ्कलन, प्रशोधन र प्रतिवेदन गर्ने कार्य गरिन्छ । यसले समयमै समस्या पहिचान गरी समाधान गर्न महत्वपूर्ण सहयोग पुग्दछ । अनुगमनका लागि कार्यान्वयन योजना, आयोजना विवरण तालिका, जिम्मेवारी तालिका आदि दस्तावेजको उपयोग गरिन्छ।

### ख) मूल्याङ्कन

योजनाको कार्यान्वयनबाट लक्षित उद्देश्य प्राप्त भयो भएन र योजनाको कार्यान्वयनबाट लाभग्राहीले अपेक्षित रुपमा लाभ पाए वा पाएनन् भनेर गरिने अध्ययन विश्लेषणलाई योजनाको मूल्याङ्कन भनिन्छ । योजनाको मध्यावधि र पूर्ण अवधिको मूल्याङ्कन गर्नुपर्ने हुन्छ ।निश्चित प्रकृतिका योजना समाप्त भएपछि निर्धारित परिमाणात्मक तथा गुणात्मक लक्ष्य प्राप्तिको अन्तिम मूल्याङ्कन तेश्रो पक्षबाट गराउने समेत प्रचलन छ ।

योजनाको मध्यावधि मूल्याङ्कन गर्दा देहायका कुरामा ध्यान दिनुपर्ने हुन्छः

- लक्ष्य र उद्देश्य हासिल गर्न उन्मुख रहे / नरहेको ।
- लगानी योजना अनुरुप वार्षिक लगानी निर्देशित रहे / नरहेको ।
- लक्ष्य तथा कार्यक्रमको परिमार्जन गर्नुपर्ने आवश्यकता रहे / नरहेको ।

## ३.१२ विषय क्षेत्रगत नतिजा खाका तयारी :

योजनाको कार्यान्वयनपछि विभिन्न क्षेत्रमा गरिएको खर्चबाट प्राप्त हुने उपलब्धिलाई नतिजा खाकामा प्रस्तुत गर्नुपर्दछ। नतिजा खाकाको नमुना निम्न बमोजिम रहेको छः

| नतिजा सूचक | एकाई | आधार वर्ष | लक्ष्य | | | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम | सूचकहरू (प्रादेशिक सूचक, दीर्घकालीन राष्ट्रिय सूचक र SDG सूचक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाचौँ वर्ष | | | | |
| प्रभाव | | | | | | | | | | | |
| असर | | | | | | | | | | | |
| प्रतिफल | | | | | | | | | | | |

## ३.१३ आवधिक योजनाको मूल दस्तावेज तयारी, स्वीकृति र प्रकाशन

विषयगत समितिले तयार गरेको आफ्नो क्षेत्रको योजनालाई एकीकृत गरी त्यसमा अन्तरसम्बद्धता हेरी आवधिक योजनाको दस्तावेज तयार गर्नुपर्ने हुन्छ। माथि विभिन्न चरणमा गरिएका तथ्याङ्क संकलन, विश्लेषण, योजना तर्जुमा सम्बन्धी कार्यशालामा भएका छलफल र सहजीकरणका आधारमा खाका तयार गरी आवधिक विकास योजना दस्तावेजको ढाँचामा लिपिबद्ध गर्नुपर्ने हुन्छ। आवधिक योजना तर्जुमा निर्देशक समितिले आफ्नो काम सम्पादन गरेपछि दस्तावेज लेखनका लागि विषयगत खाकाको तयारी गर्नुपर्ने हुन्छ। यस्तो खाकाले लेखन कार्यलाई विषय केन्द्रित बनाउन मद्धत गर्छ। आवधिक योजना तर्जुमा भइसकेपछि आयोगको पूर्ण बैठकबाट पारित गरी असार मसान्तभित्र प्रदेश मन्त्रिपरिषबाट स्वीकृत तथा प्रकाशन गराउनु पर्दछ। स्वीकृत आवधिक योजना दस्तावेज नेपाल सरकार, सम्बन्धित प्रदेश सभा, प्रदेश भित्रका स्थानीय तह र सर्वसाधारणको जानकारीका लागि प्रकाशित गर्नुपर्छ।

आवधिक योजना दस्तावेजको ढाँचा अनुसूची ५ मा दिइएको छ । जसमा आवधिक योजनाको आधारपत्र, मूल दस्तावेज र अवधारणापत्रको खाका समावेश गरिएको छ ।

# भाग ४ - मध्यमकालीन खर्च संरचना तर्जुमा [३]

## ४.१ अवधारणा

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनको एक महत्वपूर्ण औजार हो । उपलब्ध सीमित स्रोत (बाह्य स्रोत समेत) साधनलाई राज्य सञ्चालन र विकासका विभिन्न क्षेत्रमा बाँडफाँट गर्ने तीन वर्षीय चक्रिय खर्च संरचना हो । तसर्थ, यो निर्दिष्ट लक्ष्य प्राप्तिका लागि आवधिक योजना र वार्षिक बजेटलाई जोड्ने सेतुको कार्य गर्ने संयन्त्र हो । यो नीतिगत परिवर्तन एवम् खर्चको पुनर्वितरणलाई निर्देशित गर्न स्रोत योजनाको मध्यमकालीन दृष्टि र राष्ट्रिय, क्षेत्रगत एवम् मन्त्रालयगत ⁄ विभागीय तहमा स्रोतको अनुमानयोग्यता बढाउने संयन्त्र हो । यसले सरकारसँग उपलब्ध सीमित साधन स्रोतको आँकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । बजेट तर्जुमा गर्दा परम्परागत, अल्पकालीन र साँघुरो सोचबाट ग्रसित हुनसक्ने कमजोरीलाई निवारण गर्न सीमित स्रोतलाई नीतिगत प्राथमिकताको आधारमा अधिकतम उपलब्धि हासिल हुने गरी बाँडफाँट गर्ने संयन्त्र हो।

मध्यमकालीन खर्च संरचना अन्तर्गत सरकारी स्रोत, राजस्व, आन्तरिक ऋण, वैदेशिक अनुदान तथा ऋणको आँकलन गरी समष्टिगत आर्थिक खाका निर्धारण गरिन्छ । सोको आधारमा खर्च क्षेत्रगत प्राथमिकता अनुरुप विषयगत मन्त्रालय र सरकारका अन्य निकायहरुको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक मध्यम अवधिको बजेट विनियोजन र संघीय संरचनामा नेपाल सरकारले प्रदेश र स्थानीय तहको सरकारलाई उपलब्ध गराउनु पर्ने अनुदान र राजस्व बाँडफाँट सहितको मध्यमकालीन खर्च अनुमानको खाका तयार गरिन्छ । यसरी निर्धारण भएको स्रोतभित्र रहेर मन्त्रालय एवम् निकायले नीति तथा कार्यक्रम कार्यान्वयनको क्रममा लाग्ने खर्च रकमको अनुमान गर्दछन् । यसमा सम्बन्धित निकायको व्यापक छलफलपछि तीनवर्षे अवधिको बजेटको खाका तयार गरिन्छ ।

मध्यमकालीन खर्च संरचना तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरिन्छ। यसको पहिलो वर्षमा आगामी आर्थिक वर्षको वार्षिक बजेटलाई समावेश गरिन्छ र पछिल्लो दुई वर्षको बजेट प्रक्षेपण गरिन्छ । पहिलो वर्ष बजेट कार्यान्वयन भएपछि नयाँ मध्यमकालीन खर्च संरचना तयार गरिन्छ । जसमा अघिल्लो वर्षको प्रगति समीक्षा गरिन्छ र दुई वर्षको विगतको प्रक्षेपणलाई परिमार्जन गरी आगामी थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ । यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आँकलन गर्नुपर्ने हुन्छ । यस क्रममा विकासको आवश्यकता, आयोजना कार्यान्वयनको अवस्था, राजस्व र वैदेशिक सहायताको अनुमान समेतका आधारमा प्रत्येक वर्ष परिमार्जन गरिनुपर्ने हुन्छ । यसबाट मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।

प्रदेशले मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा प्रत्येक आर्थिक वर्षमा आफ्नो कार्यक्षेत्र भित्रका विषयमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्नुपर्छ । यस्तो अनुमान आगामी आर्थिक वर्ष पछिको थप दुई वर्षको समेत गर्नुपर्ने हुन्छ । प्रादेशिक मध्यमकालीन खर्च संरचनाको ढाँचा अनुसूची ६ र सो दस्तावेजमा समावेश हुने विषयवस्तु अनुसूची ७ मा दिइएको छ ।

## ४.२ उद्देश्य

मध्यमकालीन खर्च संरचनाका उद्देश्य निम्नानुसार छन्:

१. सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्व प्राप्त गर्नका लागि प्रदेश सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्ने ।

२. प्रदेशको विकास योजनाको प्राथमिकताका क्षेत्रमा लगानीको सुनिश्चितता प्रदान गर्न साधन स्रोतको कुशल विनियोजन गरी प्राथमिकता प्राप्त विषयगत क्षेत्रमा बजेटको बाँडफाँट गर्ने ।

---

[३] यो भाग मूलतः राष्ट्रिय योजना आयोगबाट जारी गरिएको प्रदेश स्तरीय योजना तर्जुमा दिग्दर्शन २०७५ बाट साभार गरिएको हो । प्रदेश नं. १ को हकमा हाल मध्यमकालीन खर्च संरचना (२०७६⁄७७–२०७८⁄७९) कार्यान्वयनमा रहेको छ । उक्त दस्तावेज www.moeap.p1.gov.np/node/255 मा हेर्न सकिने छ ।

३. सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्ने ।
४. सम्बन्धित निकाय / कार्यालयको बजेट अनुमान वास्तविक वा अनुमानयोग्य बनाउने र आर्थिक अनुशासन कायम गर्ने ।

## ४.३ आवश्यकता तथा औचित्य

नेपालको संविधानको कार्यान्वयन, "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय लक्ष्य, प्रादेशिक आवधिक योजनाको लक्ष्य एवम् सन् २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकास लक्ष्य सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्नका लागि सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापन हुनुपर्दछ । सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापन गर्ने औजारको रुपमा रहेको मध्यमकालीन खर्च संरचनाले सो लक्ष्य पूरा गर्न सहयोग पुऱ्याउँदछ ।

नेपालको संविधान अनुरुप अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले नेपाल सरकार तथा प्रदेश र स्थानीय तहले अनिवार्य रुपमा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । यस ऐनको दफा १७ मा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गरी संघीय संसद्, प्रदेश सभा र गाउँ वा नगर सभामा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी दफा २२(१ख) मा अर्थमन्त्रीले राजस्व र व्ययको अनुमान प्रस्तुत गर्दा मध्यमकालीन खर्च संरचनालाई पनि संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ । ऐनको दफा (२२-२) मा प्रदेश तथा स्थानीय तहले ऐन प्रारम्भ भएको तीन वर्षसम्म मध्यमकालीन खर्च संरचना आ—आफ्नो प्राथमिकता र आवश्यकताको आधारमा तय गर्न सक्ने व्यवस्था रहेको छ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) मा मध्यमकालीन खर्च संरचना तर्जुमा निम्नलिखित विषयवस्तु समेट्नुपर्ने व्यवस्था गरेको छः

क) प्रस्तावित योजनाको उद्देश्य,
ख) प्रस्तावित योजनाको लागि संभाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यक रहेको कुराको पुष्टयाँई,
ग) प्रस्तावित योजना कार्यान्वयन हुनसक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धि,
घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,
ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,
च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादाम्यता,
छ) सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुटयाइएको खर्चअनुसार लक्ष हासिल भए नभएको यथार्थ विवरण ।

यो खर्च संरचना तर्जुमा गर्दा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण गर्ने आधार परिमार्जन गरि वस्तुगत रुपमा चालु आवधिक योजना तथा दिगो विकास लक्ष्य, प्रदेशको मध्यमकालीन योजना हासिल गर्ने दिशामा कार्यक्रम / आयोजना उन्मुख छ, छैन भन्ने मुख्य आधारमा प्राथमिकीकरणको एउटा निश्चित मापदण्ड बनाइनुपर्दछ ।

## ४.४ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

### ४.४.१ कार्यतालिका र जिम्मेवारी निर्धारण

मध्यमकालीन खर्च संरचना तर्जुमाको लागि सर्वप्रथम तर्जुमाको लागि सम्पादन गर्नुपर्ने क्रियाकलापको तालिका र सो काम सम्पन्न क-कसले र कुन संस्थाले केकस्तो जिम्मेवारी रहन्छ सो स्पष्ट हुने गरी कार्यतालिका तयार गर्नुपर्छ । यसो गर्दा आर्थिक वर्षको सुरुदेखि सम्बन्धित प्रदेश सभामा मध्यमकालीन खर्च संरचना पेश गर्नेसम्मको कार्यतालिका र जिम्मेवारी निर्धारण गर्नुपर्ने हुन्छ ।

### ४.४.२ संस्थागत संयन्त्र गठन

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेट बीच तादत्म्यता अपनाउने साधन भएकोले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ । यसको लागि संस्थागत व्यवस्थाका रुपमा देहाय बमोजिमको स्तरका समितिहरुको व्यवस्था गरिएको छ ।

**क. मध्यमकालीन खर्च संरचना तर्जुमा निर्देशक समिति**

मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यको समग्र निर्देशनका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहने व्यवस्था छ ।

| | |
|---|---|
| १. मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय | संयोजक |
| २. उपाध्यक्ष, प्रदेश योजना आयोग | सदस्य |
| ३. सदस्यहरु, प्रदेश योजना आयोग | सदस्य |
| ४. प्रमुख सचिव, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| ५. सचिवहरु, प्रदेश विषयगत मन्त्रालय | सदस्य |
| ६. सचिव, प्रदेश योजना आयोग | सदस्य सचिव |

**ख. प्रदेश बजेट तथा स्रोत समिति**

प्रदेशमा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा आगामी तीन वर्षको बजेट सीमा निर्धारण गर्न देहाय बमोजिमको बजेट तथा स्रोत समितिको गठन गर्नुपर्ने हुन्छ ।

| क्रसं. | पद | निकाय | जिम्मेवारी |
|---|---|---|---|
| १ | मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय | सयोजक |
| २ | उपाध्यक्ष | प्रदेश योजना आयोग | सदस्य |
| ३ | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| ४ | प्रदेश लेखा नियन्त्रक | प्रदेश लेखा नियन्त्रक कार्यालय | सदस्य |
| ५ | निर्देशक | नेपाल राष्ट्र बैङ्क प्रदेश कार्यालय | सदस्य |
| ६ | महाशाखा प्रमुख | बजेट तथा योजना महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय महाशाखा | सदस्य |
| ७ | महाशाखा प्रमुख | वित्त व्यवस्थापन महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय महाशाखा | सदस्य सचिव |
| प्रदेश योजना आयोगका आर्थिक व्यवस्थापन क्षेत्र हेर्ने सदस्य विशेष आमन्त्रित हुने छ। | | | |

समितिले आवश्यकतानुसार सम्बन्धित कर्मचारी र विषयविज्ञलाई समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा बोलाउन सक्नेछ ।

**ग. प्रदेश मध्यमकालीन खर्च संरचना प्राविधिक समिति**

मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नको लागि देहाय बमोजिमको विभिन्न विषय / क्षेत्रगत प्राविधिक समिति रहने व्यवस्था गर्नुपर्ने हुन्छ ।

| | |
|---|---|
| १. सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | संयोजक |
| २. बजेट तथा कार्यक्रम महाशाखा प्रमुख, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| ३. प्रमुख, योजना तथा अनुगमन महाशाखा, सबै प्रादेशिक मन्त्रालय वा निकाय | सदस्य |
| ४. महाशाखा प्रमुख, प्रदेश योजना आयोग | सदस्य सचिव |

यस समितिले निम्नलिखित कार्यहरु गर्नुपर्नेछः

- सम्पूर्ण मन्त्रालय र निकायहरुसँग समन्वयकारी भूमिका निर्वाह गर्ने,
- निर्देशिका, मार्गदर्शन तथा ढाँचा बनाउने, डाटावेस व्यवस्थापन गर्ने कम्प्युटराइज गर्ने तथा सञ्जाल विकास गर्ने,
- मध्यमकालीन खर्च संरचनाको कार्य सम्पादनसम्बन्धी आवश्यक तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,
- मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी अन्य कार्य गर्ने ।

**घ) निकायगत मध्यमकालीन खर्च संरचना कार्यदल**

सम्बन्धित मन्त्रालय तथा निकायहरुमा आ–आफ्नो मातहतमा देहाय बमोजिमका मध्यमकालीन खर्च संरचना कार्यदल रहने व्यवस्था गर्नुपर्ने हुन्छ । सो कार्यदलले प्रत्येक क्रियाकलापको ईकाईगत लागत आँकलन, परिमार्जन साथै आफ्नो मन्त्रालय वा निकाय अन्तर्गतको मध्यमकालीन खर्च संरचना तर्जुमासम्बन्धी समन्वय गर्ने तथा सो निकायको बजेट मस्यौदा तयार गर्ने कार्य गर्नुपर्ने हुन्छ ।

| | |
|---|---|
| १. प्रमुख, योजना तथा बजेट महाशाखा सम्बन्धित प्रदेश मन्त्रालय वा निकाय | संयोजक |
| २. प्रमुख, सम्बन्धित निकायको आर्थिक प्रशासन शाखा | सदस्य |
| ३. सम्बन्धित निकाय मातहतका निकाय ⁄ निर्देशनालयको प्रतिनिधि | सदस्य |
| ४. प्रमुख, योजना तथा बजेट शाखा, प्रदेश मन्त्रालय वा निकाय | सदस्य सचिव |

**नोटः**

१. मातहत निकाय नरहेको हकमा आवश्यक नपर्ने ।

२ प्रदेशका संवैधानिक अंग र प्रदेश सभाका सचिवले आआफ्नो निकायका मध्यमकालिन खर्च संरचना तयार गरी गराई पेश गर्नु पर्ने छ ।

माथि उल्लिखित कार्यदलका कार्यहरु देहाय बमोजिम हुनेछन्ः—

- प्रत्येक कार्यक्रम ⁄ आयोजनाको इकाइगत लागत आँकलन एवम् परिमार्जन गर्ने,
- आफ्नो मन्त्रालय वा निकाय अन्तर्गतको बजेट तर्जुमासम्बन्धी सम्पूर्ण काममा समन्वय गर्ने,
- मन्त्रालय मध्यमकालीन खर्च संरचना तयार गरी आयोग वा मन्त्रालयमा पेश गर्ने ।

### ४.४.३ त्रि-वर्षीय खर्च प्रक्षेपणसहित कुल बजेटको आकार तयारी

गत आर्थिक वर्षको यथार्थ स्थिति, चालु आर्थिक वर्षको प्रक्षेपित अवस्था र मध्यमकालीन खर्च संरचनाको आधारमा सम्बन्धित निकाय ⁄ मन्त्रालय, आर्थिक मन्त्रालय र आयोगबीच नीतिगत छलफल गरी आगामी आर्थिक वर्षको बजेट प्रक्षेपणको प्रारम्भिक प्रतिवेदन तयार गर्नुपर्ने हुन्छ । बजेट तथा स्रोत समितिले प्रदेशको समष्टिगत अर्थतन्त्रको वर्तमान स्थिति, चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना, कुल गार्हस्थ्य उत्पादनको प्रक्षेपण, वित्तीय स्थिति, वित्तीय साधनको सम्भावना, करको लचकता, राजस्व प्रक्षेपण तथा कार्यगत नीति र प्राथमिकताको आधारमा आगामी तीन आर्थिक वर्षको कुल बजेटको आकार र सीमा निर्धारण तथा प्रक्षेपण गर्नुपर्ने हुन्छ ।

### ४.४.४ बजेट सीमा र मार्गदर्शन पठाउने

बजेट तथा स्रोत समितिले तयार गरेको बजेटको सीमाभित्र आयोग र मन्त्रालयबाट मन्त्रालयगत र कार्यगत रुपमा चालु, पूँजीगत र वित्तीय व्यस्थासहितको बजेटको सीमा र मार्गदर्शन तयार गर्नुपर्ने हुन्छ । माथि उल्लेख भएअनुसार तयार भएको मन्त्रालयगत बजेट सीमा र मार्गदर्शन आर्थिक मामिला तथा योजना मन्त्रालयले मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि गरी सम्बन्धित मन्त्रालयहरुमा पठाउनुपर्ने हुन्छ ।

### ४.४.५ आयोजना बैंक र आयोजनाको छनौट तथा प्राथमिकीकरण


**(१) आयोजना बैंकः**

प्रदेशको आवश्यकता, समस्या र सम्भाव्यता अनुसार कार्यान्वयन योग्य, लगानी योग्य र बढी प्रतिफल प्राप्त हुने आयोजानहरु छनौट गरी उक्त प्रदेशमा सञ्चालन गर्ने विभिन्न विषयगत क्षेत्रको आयोजनाको पहिचान, विश्लेषण तथा प्राथमिकीकरण र छनौट गरी प्राथमिकता क्रमका आधारमा आयोजना समावेश गर्ने गरी आयोजना बैंकको अवधारण अगाडी सारिएको छ । आयोजना बैंक सम्बन्धी विवरण अनुसूची ८ मा उल्लेख गरिएको छ । साथै, आयोजना प्रस्ताव (Project Document) को ढाँचा अनुसूची ९, आयोजना विश्लेषण प्रक्रिया अनुसूची १० र विस्तृत आयोजना प्रतिवेदन (Detailed Project Report) को ढाँचा अनुसूची ११ मा उल्लेख गरिएको छ ।

देहायका कारणले आयोजना प्राथमिकीकरण आवश्यक रहेको हुन्छ ।

- आवधिक योजना तथा दिगो विकास लक्ष्यलाई कार्यान्वयनमा लैजान,
- गरिबी निवारण तथा क्षेत्रगत सन्तुलन कायम गर्न,
- विनियोजन कुशलता हासिल गर्न,
- महत्वपूर्ण आयोजनाका लागि स्रोत सुनिश्चित गर्न,
- आयोजना कार्यान्वयनमा प्रभावकारिता ल्याउन ।

**(२) आयोजना बैंकमा आयोजना समावेश र छनौट प्रक्रियाः**




**(३) आयोजना प्राथमिकीकरणका आधारः**

आयोजनाको प्राथमिकताका आधारहरु अनुसूची १२ मा समावेश गरिएको छ । आयोजना बैंकमा समावेश भएका आयोजनाको प्राथमिकताक्रमको आधारमा मध्यमकालीन खर्च संरचनामा आयोजना छनौट गरी समावेश गर्नु पर्नेछ । यसर छनौट गरी समावेश गरिएको आयोजनाको लागि त्रि-वर्षीय खर्च प्रक्षेपण सहित आगामी आर्थिक वर्ष र थप दुई आर्थिक वर्षको लागि बजेट विनियोजन गर्नुपर्नेछ ।

**४.४.६ मध्यमकालीन खर्च संरचना, कार्यक्रम तथा बजेट प्रस्ताव**

प्रदेश बजेट तथा स्रोत समितिले तयार गरी पठाएको सीमा र मार्गदर्शनभित्र रही सम्बन्धित मन्त्रालय / निकायले आफ्ना आवश्यकता र प्राथमिकीकरणका आधारमा छनौट भएका आयोजना / कार्यक्रमको त्रि-वर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगाम आर्थिक वर्षको बजेट तयार गरी पि.एल.एम.बि.आइ.एस. (PLMBIS) मा प्रविष्टि गरी आयोग र मन्त्रालयमा पठाउनुपर्ने हुन्छ ।

### ४.४.७ विषयगत प्राविधिक समितिमा छलफल

विभिन्न निकाय / मन्त्रालयबाट प्रस्तावित आयोजना / कार्यक्रमको त्रि-वर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र बजेटमाथि सम्बन्धित विषयगत प्राविधिक समितिमा छलफल गर्नुपर्ने हुन्छ । यसरी छलफल गर्दा नेपालको संविधान (मौलिक हक, राज्यका निर्देशक सिद्धान्तहरु र राज्यका नीति र सम्बन्धित स्थानीय तहको कार्यक्षेत्र / क्षेत्राधिकार), राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय आवधिक योजना, प्रदेशको आवधिक योजना, दिगो विकास लक्ष्य, सम्बन्धित प्रदेशको आवश्यकता, समस्या र सम्भावना एवम् आयोजना बैंकबाट छनौट गरिएका आयोजनाको प्राथमिकीकरणलाई आधार बनाउनुपर्नेछ ।

### ४.४.८ मस्यौदा तयारी

विषयगत प्राविधिक समितिमा छलफल पश्चात् प्रस्ताव गरिएका कार्यक्रम / आयोजनाको त्रि-वर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचनाको तयारी गर्नुपर्ने हुन्छ । यस्तो मस्यौदा तयारी गर्दा अनुसूची ६ मा समावेश भएको मध्यमकालीन खर्च संरचनाको ढाँचा अनुरुप हुनुपर्नेछ ।

### ४.४.९ मध्यमकालीन खर्च संरचना प्रदेश सभामा पेश गर्ने

आयोग वा मन्त्रालयबाट स्वीकृत भएको मध्यमकालीन खर्च संरचना आर्थिक मामिला तथा योजना मन्त्रीबाट वार्षिक बजेटसँगै प्रदेश सभामा पेश गर्नुपर्ने हुन्छ ।

# भाग ५ - वार्षिक योजना/वार्षिक विकास कार्यक्रम तर्जुमा

## ५.१ अवधारणा

आवधिक योजनाको सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्ने माध्यम वार्षिक योजना / वार्षिक विकास कार्यक्रम हो । तसर्थ, वार्षिक विकास कार्यक्रमको तर्जुमा र कार्यान्वयन अति महत्वपूर्ण छ । वार्षिक विकास कार्यक्रमलाई आवधिक योजनाको सोच वा लक्ष्यसँग तादात्म्यता मिलाउने औजारको रुपमा मध्यमकालीन खर्च संरचना रहेको हुन्छ । वार्षिक कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानमा भएका नीतिगत व्यवस्था मौलिक हक, निर्देशक सिद्धान्त, अनुसूची र अन्य सम्बन्धित प्रावधान, प्रदेश नं. १ को आवधिक योजनाको उद्देश्य, रणनीति तथा प्राथमिकता, राष्ट्रिय योजनामा उल्लिखित उद्देश्य, लक्ष्य, रणनीति तथा प्राथमिकता, प्रदेश नं. १ को आवश्यकता, समस्या तथा सम्भावनालाई आधार मान्नुपर्ने हुन्छ। प्रदेश न. १ को आवधिक योजनाले लिएको लक्ष्य, मध्यमकालीन खर्च संरचनाले गरेका व्यवस्थालाई स्रोत साधनसँग तालमेल गरी प्राथमिकताका साथ स्रोतको विनियोजन गर्न वार्षिक विकास कार्यक्रमको आवश्यकता पर्दछ। साथै, नेपाल सरकार तथा प्रदेश सरकारको नीति कार्यक्रम तथा प्राथमिकता, दिगो विकास लक्ष्य, २०३० को मार्गचित्र, लगायतका अन्य अन्तर्राष्ट्रिय प्रतिवद्धताजस्ता पक्ष समेतलाई ध्यान दिनुपर्ने हुन्छ ।

वार्षिक विकास कार्यक्रममा समावेश गरिएका आयोजनाहरुको प्रदेश आवधिक योजनाको रणनीतिक स्तम्भ, दिगो विकास लक्ष्य संकेत, लैङ्गिक संकेत र जलवायु संकेतका आधारमा स्रोत वितरणलाई विश्लेषणसहित प्रस्तुत गर्नुपर्ने हुन्छ।

## ५.२ उद्देश्य र औचित्यः

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कानून बनाउने, बार्षिक बजेट बनाउने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने समेत व्यवस्था गरेको छ । अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४ ले प्रदेशले समेत सार्वजनिक खर्चको अनुमानित विवरण तर्जुमा, मध्यमकालीन खर्च संरचना तर्जुमा, आवश्यकताको प्रक्षेपण, राजस्वको प्रक्षेपण र वित्तीय अनुशासन कायम गर्नु पर्ने व्यवस्था गरेको छ ।

वार्षिक योजना, वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमाको मुख्य उद्देश्य प्रदेशको आवधिक योजनाको उद्देश्य एवम् लक्ष्य प्राप्तिको लागि मध्यमकालीन खर्च संरचनालाई आधार मानी प्रदेश तहमा संचालन गरिने विकास योजना तथा कार्यक्रमको कार्यान्वयन प्रभावकारिता कायम गर्नु हो। यसको साथै, विकास कार्यक्रममा पारदर्शिता, प्रदेशको स्रोत साधनको न्यायोचित वितरण र विनियोजित बजेटबाट अपेक्षित उपलब्धि हासिल गर्नु पनि वार्षिक विकास कार्यक्रमको उद्देश्य हो।

## ५.३ वार्षिक योजना तथा वार्षिक विकास कार्यक्रम तर्जुमाका आधारः

प्रदेश न. १ ले वार्षिक योजना तथा बजेट तर्जुमा र कार्यान्वयन गर्दा देहायका विषयलाई आधार लिने छ।

(क) नेपालको संविधान

(ख) राष्ट्रिय दीर्घकालीन सोच

(ग) प्रदेश न. १ को आवधिक विकास योजना

(घ) प्रदेश न. १ को मध्यमकालीन खर्च संरचना

(ङ) प्रदेशका क्षेत्रगत गुरुयोजनाहरु

(च) संघीय आवधिक योजना

(छ) दिगो विकास लक्ष्य

(ज) विकासका अन्तरसम्बन्धित विषय जस्तै लैङ्गिक समता तथा सामाजिक समावेशीकरण, प्रकोप व्यवस्थापन

(झ) नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताको परिपालना

(ञ) संघ र प्रदेश सरकारले अबलम्बन गरेका अन्य आर्थिक नीति, सामाजिक नीति

(ट) अन्तर प्रदेश असल अभ्यासहरू ।

साथै, प्रदेशको वार्षिक योजना, वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमासँग सम्बन्धित निम्नलिखित ऐन, नियम तथा निर्देशिकालाई समेत आधार लिनु पर्नेछः

(क) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

(ख) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

(ग) संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्ड

(घ) सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ का सान्दर्भिक दफा तथा नियम

(ङ) प्रदेशका विषय सम्वद्ध कानूनहरू ।

**वार्षिक योजना तथा बजेट तर्जुमा सम्बन्धमा नेपालको संविधानमा देहायको व्यवस्था रहेको छ ।**

**भाग—१६ प्रदेश आर्थिक कार्यप्रणाली**

**२०७. राजस्व र व्ययको अनुमानः**

(१) प्रदेशको अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको सम्बन्धमा प्रदेश सभा समक्ष देहायका कुरा समेत खुलाई वार्षिक अनुमान पेश गर्न सक्नेछः—

(क) राजस्वको अनुमान,

(ख) प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकम, र

(ग) प्रदेश विनियोजन ऐन बमोजिम व्यय हुने आवश्यक रकम ।

(२) उपधारा (१) बमोजिम वार्षिक अनुमान पेश गर्दा अघिल्लो आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुटयाइएको खर्चको रकम र खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि साथै पेश गर्नुपर्ने छ ।

**२०८. प्रदेश विनियोजन ऐनः**

प्रदेश विनियोजन ऐन बमोजिम व्यय हुने रकम शीर्षकमा उल्लेख गरी विनियोजन विधेयकमा राखिने छन् ।

**२०९. पूरक अनुमानः**

(१) कुनै आर्थिक वर्षमा देहायको अवस्था पर्न आएमा प्रदेशको अर्थमन्त्रीले प्रदेश सभा समक्ष पूरक अनुमान पेश गर्न सक्नेछः-

(क) चालू आर्थिक वर्षका लागि प्रदेश विनियोजन ऐन बमोजिम कुनै सेवाका लागि खर्च गर्न अख्तियारी दिइएको रकम अपर्याप्त भएमा वा त्यस वर्षका लागि प्रदेश विनियोजन ऐनले अधिकार नदिएको नयाँ सेवामा खर्च गर्न आवश्यक भएमा, वा

(ख) चालू आर्थिक वर्षमा प्रदेश विनियोजन ऐन बमोजिम अख्तियारी दिएको रकमभन्दा बढी खर्च हुन गएमा ।

(२) पूरक अनुमानमा राखिएको रकम सम्बन्धित शीर्षकमा उल्लेख गरी पूरक विनियोजन विधेयकमा राखिनेछ ।

**२१०. पेश्की खर्चः**

(१) यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा आर्थिक वर्षका लागि अनुमान गरिएको व्ययको कुनै अंश पेश्कीका रुपमा प्रदेश ऐन बमोजिम खर्च गर्न सकिनेछ ।

(२) धारा २०७ बमोजिम राजस्व र व्ययको अनुमान पेश नगरिएसम्म पेश्की खर्च विधेयक प्रस्तुत गरिने छैन र पेश्कीको रकम आर्थिक वर्षको व्यय अनुमानको एक तहाई भन्दा बढी हुने छैन ।

(३) प्रदेश पेश्की खर्च ऐन बमोजिम खर्च भएको रकम प्रदेश विनियोजन विधेयकमा समावेश गरिनेछ ।

**२११. उधारो खर्चः**

यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक कारण वा अन्य कारणले गर्दा प्रदेशमा संकटको अवस्था परी धारा २०७ को उपधारा (१) बमोजिम चाहिने विवरण खुलाउन अव्यावहारिक वा प्रदेशको सुरक्षा वा हितको दृष्टिले अबाञ्छनीय देखिएमा प्रदेशको अर्थमन्त्रीले व्ययको विवरण मात्र भएको उधारो खर्च विधेयक प्रदेश सभासमक्ष पेश गर्न सक्नेछ ।

**२१२. प्रदेश आकस्मिक कोषः**

(१) प्रदेश ऐन बमोजिम प्रदेश आकस्मिक कोषको नामले एउटा कोष स्थापना गर्न सकिनेछ र त्यस्तो कोषमा समय समयमा प्रदेश ऐन बमोजिम निर्धाण भएको रकम जम्मा गरिनेछ ।

(२) उपधारा (१) बमोजिमको कोष प्रदेश सरकारको नियन्त्रणमा रहनेछ । प्रदेश सरकारले त्यस्तो कोषबाट आकस्मिक कार्यका लागि खर्च गर्न सक्नेछ ।

(३) उपधारा (२) बमोजिमको खर्चको रकम प्रदेश ऐनबमोजिम यथाशीघ्र सोधभर्ना गरिनेछ ।

**२१३. आर्थिक कार्यविधि सम्बन्धी ऐनः**

प्रदेश ऐन बमोजिम विनियोजित रकम एक शीर्षकबाट अर्को शीर्षकमा रकमान्तर गर्ने र आर्थिक कार्यविधि सम्बन्धी अन्य व्यवस्था प्रदेश ऐन बमोजिम हुनेछ ।

## ५.४ राजस्व परामर्श समितिः

### (क) राजस्व परामर्श समितिको गठनः

प्रदेश आर्थिक ऐन, २०७६ बमोजिम प्रदेश सरकारको एकल अधिकार तथा प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीभित्र रहेका कर र गैरकर सम्बन्धी विषयमा करका दर प्रस्ताव गर्न तथा नयाँ करका क्षेत्र सम्बन्धमा अध्ययन गर्न देहाय बमोजिमको राजस्व परामर्श समिति रहनेछ।

| क्र.सं | पद | निकाय | जिम्मेवारी |
|---|---|---|---|
| १ | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय | संयोजक |
| २ | प्रदेश लेखा नियन्त्रक | प्रदेश लेखा नियन्त्रक कार्यालय | सदस्य |
| ३. | महाशाखा प्रमुख | बजेट तथा कार्यक्रम महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| ४ | प्रतिनिधि (उपसचिव स्तर) | विषयगत मन्त्रालय (उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय) | सदस्य |
| ५ | प्रमुख/ प्रतिनिधि | नेपाल राष्ट्र बैंक, प्रदेश कार्यालय विराटनगर | सदस्य |
| ६ | निर्देशक | यातायात व्यवस्था निर्देशनालय | सदस्य |
| ७ | अध्यक्ष | प्रदेश उद्योग वाणिज्य महासंघ | सदस्य |
| ८ | प्रतिनिधि | प्रदेश स्तरीय विषय तथा वस्तुगत संगठनहरू (यातायात व्यवसायी महासंघ,सहकारी महासंघ,वन पैदावार महासंघ,घरेलु उद्योग महासंघ, क्रसर उद्योग महासंघ) | सदस्य |
| ९ | अध्यक्ष / प्रतिनिधि | गाउँपालिका महासंघको प्रदेश समिति र नगरपालिका संघ प्रदेश समितबाट १-१ जना | सदस्य |
| १० | अध्यक्ष | उद्योग संगठन, मोरङ | सदस्य |
| ११ | अध्यक्ष | मोरङ व्यापार संघ | सदस्य |
| १२ | महाशाखा प्रमुख | वित्त व्यवस्थापन महाशाखा, आर्थिक तथा योजना मन्त्रालय | सदस्य सचिव |

**(ख) राजस्व परामर्श समितिको काम कर्तव्यः**

राजस्व परामर्श समितिको काम कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः

१. प्रदेशको सरकारको राजस्व नीति तर्जुमा, राजस्व सम्बन्धी कानून निर्माण तथा परिमार्जन एवं कर प्रणाली सुधारका विषयमा सुझाव दिने,
२. प्रदेश सरकारको अधिकार क्षेत्रभित्र पर्ने राजस्व संकलनका सम्भावित क्षेत्रहरू पहिचान गर्ने,
३. प्रदेश र स्थानीय तहका साझा अधिकार सूचीभित्र रहेका कर तथा गैरकर राजस्व परिचालन सम्बन्धमा साझा अवधारणा बनाउन स्थानीय तह र सरोकारवालासँग अन्तर्क्रिया तथा छलफल गर्ने, परिचालनका लागि उपयुक्त तरिकाहरुको बारेमा प्रदेश सरकारलाई सुझाव गर्ने,
४. प्रदेश सरकारको राजस्व सुधारका क्षेत्रमा वैचारिक स्रोत (Think Tank) को रूपमा कार्य गर्ने,
५. करको दायरा विस्तार, करका दर परिवर्तन तथा छुट, राजस्व सुधार योजना तथा प्रक्षेपण र राजस्व परिचालन आदि कार्यको निरन्तर अनुगमन र मूल्याङ्कन गरी सम्बन्धित विषय विज्ञ तथा क्षेत्रगत सरोकारवालाहरू र वस्तुगत संघहरूसमक्ष छलफल गरी सुझाव दिने,
६. स्थानीय तहका सरकारहरूसँग राजस्व सुधार, राजस्व व्यवस्थापन सूचना प्रणाली तथा अन्य सहकार्य अभिवृद्धि गर्दै समन्वय प्रभावकारी बनाउने, स्थानीय तहका राजस्व परामर्श समितिहरूलाई प्रभावकारी बनाउन आवश्यक सहयोग गर्ने,
७. समितिले आफ्नो प्रतिवेदन प्रत्येक वर्षको जेठको सात(७) गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रीसमक्ष पेश गर्नु पर्ने छ ।

**(ग) राजस्व प्रक्षेपण विधीः**

प्रदेश सरकारले राजस्व प्रक्षेपण गर्दा देहायका तरिका अवलम्बन गर्नेछ।

१. प्रदेश सरकारले संकलन गर्ने कर तथा गैरकरको प्रक्षेपण गर्दा प्रवृत्तिगत विश्लेषणमा(Trend Analysis) आधारित तरिका अबलम्बन गर्नेछ।
२. बुँदा १ बमोजिमको प्रवृत्तिगत विश्लेषण गर्दा राजस्व संकलन गर्ने निकायबाट विगत तीन वर्षमा संकलन भएको राजस्वको आधारमा र प्रदेशले साधन परिचालनका लागि लिएको नीति एवं परिचालन संभावनाका आधारमा लक्ष्य प्रक्षेपण गरिनेछ ।
३. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, प्रदेश वित्त व्यवस्थापन ऐन २०७५ बमोजिम एकल कर प्रशासनको भावना अनुरूप स्थानीय तहसँगको साझेदारीमा संकलन गरिने विज्ञापन कर, मनोरञ्जन कर, पर्यटन शुल्क, कृषि आयमा कर जस्ता राजस्वको अनुमान सम्बन्धित स्थानीय तहसँग रहेको विवरण तथा अनुमानमा आधारित रही प्रक्षेपण गरिनेछ ।
४. घरजग्गा रजिष्ट्रेसन शुल्क र सवारीसाधन करको अनुमान हाल यस्तो कर संकलन गरिरहेका निकायबाट प्राप्त विवरण तथा अर्थतन्त्रमा आउनसक्ने परिवर्तनबाट राजस्व संकलनमा पर्ने प्रभाव समेतको आधारमा प्रवृत्तिगत विश्लेषण गरी अनुमान गरिनेछ ।
५. संघीय सरकारबाट राजस्व बाँडफाँट मार्फत प्राप्त हुने मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क वापत प्राप्त हुने राजस्व रकमको अनुमान संघीय सरकारले उपलव्ध गराउने सीमा तथा गतवर्ष उक्त शीर्षकमा प्राप्त राजस्व र प्राकृतिक स्रोत तथा वित्त आयोगको विश्लेषण एवं सुझावको आधारमा गरिनेछ।
६. रोयल्टी बाँडफाँटबाट प्राप्त हुन सक्ने राजस्व रकमको अनुमान गर्दा गत वर्षमा यस शीर्षकमा प्राप्त भएको रकम तथा प्रदेशभित्र रोयल्टी प्राप्त हुनसक्ने सम्भावित विकास आयोजनाको सञ्चालन हुने अवस्था समेतको आधारमा गरिनेछ ।
७. प्रदेशमा परिचालन हुन सक्ने संभावना भएका सहायता एवं साझेदारीमा सञ्चालन हुने कार्यक्रमहरुको स्थितिको वस्तुनिष्ठ विश्लेषणमा आधारितभै स्रोत परिचालनको आँकलन गरिनेछ।

## ५.५ बजेट तथा स्रोत समितिः

प्रदेशको मध्यमकालीन खर्च संरचना र अगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलव्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वअनुमान गर्न देहाय बमोजिम प्रदेश स्रोत अनुमान समिति रहनेछः

| क्र.सं | पद | निकाय | जिम्मेवारी |
|---|---|---|---|
| १ | मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय | सयोजक |
| २ | उपाध्यक्ष | प्रदेश योजना आयोग | सदस्य |
| ३ | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| ४ | प्रदेश लेखा नियन्त्रक | प्रदेश लेखा नियन्त्रक कार्यालय | सदस्य |
| ५ | निर्देशक | नेपाल राष्ट्र वैङ्क प्रदेश कार्यालय | सदस्य |
| ६ | महाशाखा प्रमुख | बजेट तथा योजना महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| ७ | महाशाखा प्रमुख | वित्त व्यवस्थापन महाशाखा आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य सचिव |
| नोटः प्रदेश योजना आयोगका आर्थिक व्यवस्थापन क्षेत्र हेर्ने सदस्य विशेष आमन्त्रित हुनेछन्। | | | |

## ५.६ वार्षिक योजना, वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रिया

प्रदेश न. १ ले आफ्नो वार्षिक विकास योजना तर्जुमा गर्दा देहायका चरण अबलम्बन गर्नेछ।

| क्र.सं. | चरणहरु | जिम्मेवारी | समय सीमा |
|---|---|---|---|
| १. | आयव्ययको प्रक्षेपण गरिएको तथ्यांकसहितको विवरण नेपाल सरकारमा पेश | आर्थिक मामिला तथा योजना मन्त्रालय | पुष मसान्तभित्र |
| २. | संघबाट प्रदेशलाई वित्तीय हस्तान्तरणको सीमा र मार्गदर्शन प्राप्ति | रा.यो.आ/.अर्थ मन्त्रालय | फागुन मसान्तभित्र |
| ३. | बजेट तथा स्रोत समितिले प्रदेशको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण | आर्थिक मामिला तथा योजना मन्त्रालय | चैत १५ गतेभित्र |
| ४. | आगामी आर्थिक वर्षको बजेट सीमा मन्त्रालय / निकायलाई पठाउने | आर्थिक मामिला तथा योजना मन्त्रालय | चैत्र २० गतेभित्र |
| ५. | विषयगत योजना तथा बजेट प्रस्तुती | आर्थिक मामिला तथा योजना मन्त्रालय/ प्रदेश योजना आयोग | वैशाख १० गतेभित्र |
| ५(क) | सहभागितामूलक योजना तर्जुमा सम्बन्धी छलफल कार्यक्रम - प्रदेश सभाका निर्वाचन क्षेत्रगत (क्लष्टर) छलफल | प्रदेश योजना आयोग | चैत्र मसान्तभित्र |
| ५(ख) | प्रदेश योजना आयोगले निर्वाचन क्षेत्रगत योजना तर्जुमा सम्बन्धी छलफलमा प्राप्त आयोजनाको विवरण क्षेत्रगत रुपमा विभाजन (Clustering ) गरी सम्बन्धित मन्त्रालयमा पठाउने । | प्रदेश योजना आयोग | चैत्र ५ गतेभित्र |
| ५(ग) | मन्त्रालय / निकायले विषयगत योजना कार्यक्रम अर्थ मन्त्रालयमा पेश गर्ने। | विषयगत मन्त्रालय /निकाय | वैशाख १० गतेभित्र |
| ६. | बजेट तथा कार्यक्रम छलफल समाप्त गरी अन्तिम रुप दिने | आर्थिक मामिला तथा योजना मन्त्रालय | जेठ १५ गतेभित्र |
| ७. | आयोगबाट वार्षिक विकास कार्यक्रम स्वीकृति | प्रदेश योजना आयोग | जेठ २५ गतेभित्र |

| | | | |
|---|---|---|---|
| ८. | प्रदेश सभामा बजेट पेश | मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय / आर्थिक मामिला तथा योजना मन्त्री | असार १ गतेभित्र |
| ९. | प्रदेश सभाबाट बजेट स्वीकृति | प्रदेश सभा | असार मसान्तभित्र |
| १० | बजेट तथा कार्यक्रम सर्वसाधारणको लागि प्रकाशन गर्नुपर्ने | आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोग | प्रदेश सभामा पेश भएको दिन |

**५.६.१ आयव्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण नेपाल सरकारमा पेश गर्ने**

प्रदेश सरकारले आगामी आर्थिक वर्षको आयव्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण बजेट तथा स्रोत अनुमान समितिको सिफारिसमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट निर्णय गरी प्रत्येक वर्षको पुष मसान्तभित्र देहायका विवरणसहित नेपाल सरकार, अर्थ मन्त्रालयसमक्ष पेश गर्नुपर्ने हुन्छ ।

- व्ययको अनुमान,
- आफ्नो स्रोतबाट संकलन हुनसक्ने अनुमानित राजस्व,
- राजस्व बाँडफाँटबाट प्राप्त हुन सक्ने अनुमानित रकम, र
- वित्तीय हस्तान्तरण अनुदानबाट प्राप्त हुनसक्ने अनुमानित रकम ।

**५.६.२ संघबाट वित्तीय हस्तान्तरणको खाका र मार्गदर्शन प्राप्ति**

नेपाल सरकारबाट राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदान बापत प्रदेश सरकारलाई आगामी आर्थिक वर्षमा उपलब्ध हुने स्रोतको विवरण फागुन मसान्तभित्र पठाउनुपर्ने व्यवस्था अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०५४ मा रहेको हुन्छ। प्रदेश सरकारले स्थानीय तहलाई प्रदान गर्ने राजस्व बाँडफाँट र वित्तीय अनुदानको अनुमानित विवरण चैत्र मसान्तभित्र प्रदेश न. १ का सम्बन्धित स्थानीय तहहरुमा पठाउनुपर्ने हुन्छ।

**५.६.३ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण**

बजेट सीमा निर्धारण गर्ने कार्य मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नको लागि गठन गरिएको (दिग्दर्शनको दफा ४.४.२-ख) बजेट तथा स्रोत समितिले गर्ने छ।

**क. बजेट तथा स्रोत समितिको कार्य जिम्मेवारी**

(क) आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने आय, नेपाल सरकारबाट प्राप्त हुने वित्तीय हस्तारन्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्ने,

(ख) प्रादेशिक प्राथमिकता र आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने,

(ग) आगामी आर्थिक वर्षको लागि स्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण गर्ने,

(घ) विषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने,

(ङ) नेपाल सरकारबाट प्राप्त मार्गदर्शन, प्रदेशको आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तय गर्ने,

(च) विषय क्षेत्रगत बजेट तर्जुमासम्बन्धी मार्गदर्शन तय गर्ने र

(छ) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धमा प्रदेश न. १ को आवश्यकता र निर्णय बमोजिमका अन्य कार्य गर्ने ।

समितिले आफ्नो कार्य प्रत्येक आर्थिक वर्षको चैत्र १५ गतेभित्र सम्पन्न गरिसक्नु पर्नेछ। समितिले बजेट तथा स्रोत प्रक्षेपण गर्दा आगामी आर्थिक वर्ष र त्यसपछिको २ वर्ष समेत गरि ३ वर्षको लागि गर्नुपर्दछ ।

**ख. वार्षिक बजेट तर्जुमा गर्दा गर्नुपर्ने कार्यहरु**

यस चरणमा बजेट सीमा र आयोजना प्राथमिकता निर्धारणका आधार तथा योजना तर्जुमाको मार्गदर्शन सम्बन्धित कार्यहरु गर्नुपर्दछ। जसमा:

- आन्तरिक आय (कर, शुल्क, दस्तुर र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम) को अनुमान,
- नेपाल सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण (वित्तीय समानीकरण, सःशर्त, विशेष र समपूरक अनुदान) को अनुमान,
- कूल स्रोतको अनुमान तथा बजेट सीमा निर्धारण,
- आयोजना प्राथमिकता निर्धारणका आधार र मार्गदर्शन तयारी ।

यस्तो अनुमान गर्दा संघीय तथा प्रदेश कोषबाट प्राप्त हुने स्रोतको समेत अनुमान गर्नुपर्दछ । यसरी तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा चालु आर्थिक वर्षको चैत्र २० गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयले विषयगत मन्त्रालय वा निकायलाई उपलब्ध गराउनुपर्ने हुन्छ ।

**ग. बजेट सीमा निर्धारण गर्दा ध्यान दिनुपर्ने पक्ष**

आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट सीमाको निर्धारण गर्दा देहाय बमोजिमको प्राथमिकताको आधारमा गर्नेछ ।

(क) आवधिक योजनाको लक्ष्य प्राप्तिको लागि प्रदेशका प्राथमिकता प्राप्त क्षेत्रका गुरुयोजना कार्यान्वयन गर्न लाग्ने रकम

(ख) प्रदेश स्तरका गौरवका आयोजनाको लागि आवश्यक रकम,

(ग) समपूरक कोष आवश्यक पर्ने आयोजनाको लागि चाहिने रकम,

(घ) सशर्त अनुदानको कार्यक्रमको लागि तोकिएको रकम,

(ङ) दिगो विकासका लक्ष्य लगायत राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिबद्धताको कार्यान्वयनका लागि आवश्यक पर्ने रकम,


(च) ऐन बमोजिम प्रदेशले आफैंले गर्नुपर्ने अन्य अत्यावश्यक कार्य,

(छ) प्रदेशमा रहेको सामाजिक तथा साँस्कृतिक विविधता, समावेशीतालाई आधार मानी यस्ता क्षेत्रको सशक्तीकरणको लागि आवश्यक पर्ने रकम ।

साथै, प्रदेशको कूल बजेट सीमाबाट तलब भत्ता तथा कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने बजेट छुट्याई अन्य कार्यक्रमको लागि बजेट सीमा निर्धारण गर्नुपर्नेछ । प्रशासनिक खर्चको लागि बजेट सीमा निर्धारण गर्दा राजस्व बाँडफाँटबाट प्राप्त रकम र आन्तरिक आयको रकमभन्दा बढी नहुने गरी गर्नुपर्ने हुन्छ ।

**५.६.४ बजेट सीमा र मार्गदर्शन पठाउने**

बजेट तथा स्रोत समितिले तयार गरेको बजेटको सीमाभित्र रही आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्रदेश योजना आयोगसंग छलफल गरी मन्त्रालयगत र कार्यगत रुपमा चालु, पुँजीगत र वित्तीय व्यवस्था सहितको बजेटको सीमा र मार्गदर्शन तयार गर्नुपर्ने हुन्छ । मन्त्रालयगत बजेट सीमा र मार्गदर्शन आर्थिक मामिला तथा योजना मन्त्रालयले मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि गरी सम्बन्धित मन्त्रालयहरुमा पठाउनुपर्ने हुन्छ । सम्बन्धित मन्त्रालयले मातहतका कार्यालय / निकायलाई बजेट सीमा तथा मार्गदर्शन पठाउनु पर्दछ ।




### ५.६.५ आयोजना छनौट तथा प्राथमिकीकरण

(१) प्रदेश निर्वाचन क्षेत्र स्तरीय योजना तर्जुमा गोष्ठीः

(क) प्रदेश मन्त्रालय⁄ निकायबाट मातहतका प्रदेश कार्यालयहरुलाई बजेट सिलिङ र मार्गदर्शन चैत्र २५ गतेसम्म पठाउनु पर्दछ ।

(ख) प्रदेश मन्त्रालयबाट प्रदेश कार्यालयहरुलाई बजेट सिलिङ र मार्गदर्शन प्राप्त भएपश्चात चैत्र मसान्तभित्र प्रदेश योजना आयोगले निर्वाचन क्षेत्रस्तरीय योजना तर्जुमा गोष्ठीको आयोजना गर्नु पर्नेछ। उक्त गोष्ठीमा विषयगत मन्त्रालय र निकाय, निर्देशनालयहरूले सहभागी भई योजना तर्जुमाको कार्यमा सहयोग पुऱ्याउनुपर्नेछ ।

(ग) निर्वाचन क्षेत्रस्तरीय योजना तर्जुमा गोष्ठीः

यस गोष्ठीमा देहायका व्यक्तिहरुको सहभागिताका लागि आमन्त्रित गर्नु पर्नेछः

१. प्रदेश सभाका सदस्यहरु
२. प्रदेश निर्वाचन क्षेत्रमा रहेका स्थानीय तहका प्रमुख वा अध्यक्ष र उपप्रमुख वा उपाध्यक्ष,
३. जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख
४. जिल्ला समन्वय समितिका पदाधिकारीहरुमध्ये आफ्नो क्षेत्र पर्ने, निर्वाचन क्षेत्रमा पर्ने पदाधिकारी
५. जिल्ला समन्वय समितिको जिल्ला समन्वय अधिकारी र योजना शाखा प्रमुख
६. जिल्लास्थित विषयगत कार्यालयका प्रमुख र योजना शाखा प्रमुख
७. सम्बन्धित निर्वाचन क्षेत्रका स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत
८. प्रदेश निर्वाचन क्षेत्रमा रहेका प्रदेश सरकार मातहत सेवा केन्द्र वा कार्यालयका प्रमुखहरु
९. प्रदेश योजना आयोगबाट आमन्त्रित प्रदेश निर्वाचन क्षेत्रभित्र रहेका सामुदायिक संघसंस्थाका प्रमुख, नागरिक समाजका प्रतिनिधिहरु,

**विशेष आमन्त्रितः** उक्त क्षेत्रबाट प्रतिनिधित्व गर्ने संघीय संसदका सदस्य

(घ) प्रदेश सभास्तरीय योजना तर्जुमा गोष्ठी गर्दा प्रदेश योजना आयोगले सवै मन्त्रालय निकायहरूलाई समयमै जानकारी गराई गोष्ठी हुने मिति, समय र स्थान तोकी कम्तिमा तीन दिन अगावै सरोकारवालालाई जानकारी गराउनु पर्नेछ।

(ङ) यसरी योजना तर्जुमाको क्रममा मूलतः आर्थिक सामाजिक विकास सम्बन्धी आयोजनाहरू माग गर्नु पर्नेछ। जसमाः

१. संघीय सरकारबाट हस्तान्तरण भएका प्रदेश स्तरीय योजना / कार्यक्रम
२. स्थानीय तहबाट प्रदेश स्तरीय योजनाको रूपमा सिफारिश भएका,
३. प्रदेशको कार्यक्षेत्रमा परेका,
४. संभाव्यता अध्ययन भएका,
५. एक भन्दा बढी स्थानीय तहलाई लाभ पुग्ने,
६. प्रदेशको आवधिक योजना तथा क्षेत्रगत गुरू योजनामा प्राथमिकतामा परेका,
७. प्रदेश योजना वैङ्कमा परेका,
८. प्रदेश सभासद्ज्यूहरूको निर्वाचन क्षेत्र विकास कार्यक्रमभित्र समावेश हुनु पर्ने योजनाहरू
९. वित्तीय हस्तान्तरण (समानीकरण बाहेक) का कार्यक्रमहरू पर्नेछन्।

(च) स्थानीय तह वा अन्तरस्थानीय तहले खासगरी पर्यटन, पूर्वाधार, कृषि, सामाजिक (शिक्षा, स्वास्थ्य, खेलकुद) बिषयसंग सम्बन्धित योजनाहरु अनुसूची-९ बमोजिमका फारम भरी बढीमा ५ वटासम्म प्रदेश स्तरीय योजना प्रस्ताव गर्न सक्नेछन्।

नोटः प्रदेश स्तरीय आयोजना भन्नाले

१. संविधानले प्रदेशको एकल अधिकारमा तोकेका विषयहरू,
२. विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ ले प्रदेश सरकारको कार्यक्षेत्र भनी तोकेका(अनुसूची १५),
३. प्रदेश कानूनले प्रदेशको कार्य जिम्मेवारीमा पर्ने भनी निर्धारण गरेका योजना,
४. प्रदेश योजना आयोगले तोकेको निश्चित रकम (सिलिङ्ग) सम्मका योजना तथा कार्यक्रम

(छ) योजनाहरुको प्राथमिकीकरण यसै दिग्दर्शनको अनुसूची १२ बमोजिम गरिने छ ।

(ज) प्रदेश निर्वाचन क्षेत्रस्तरीय योजना तर्जुमा गोष्ठी व्यवस्थापन समितिः

प्रदेश निर्वाचन क्षेत्रस्तरीय योजना तर्जुमा गोष्ठी सञ्चालन गर्न आवश्यक कर्मचारीको व्यवस्थापनका लागि प्रदेश योजना आयोगले मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको समन्वयमा आवश्यक व्यवस्था गरी प्रदेश निर्वाचन क्षेत्रस्तरीय योजना तर्जुमा गोष्ठी व्यवस्थापन समिति गठन गर्नेछ ।

२. प्रदेश योजना आयोगले निर्वाचन क्षेत्रगत योजना तर्जुमा सम्बन्धी छलफलमा प्राप्त आयोजनाको विवरण (आयोजना ,परियोजना ,कार्यक्रम माग विवरण अनुसूची १२ क) सम्बन्धित मन्त्रालयमा वैशाख ५ गतेभित्र पठाउनु पर्नेछ ।

३. योजना आयोगबाट योजना तर्जुमा गोष्ठीको विवरण प्राप्त भएपछि विषयगत मन्त्रालय/निकाय मातहतका कार्यालय वा निकायले कार्यक्रम तर्जुमा गरी निर्देशनालयमा र निर्देशनालयले तालुक मन्त्रालयमा कार्यक्रम तथा बजेट प्रस्ताव गरी पठाउनुपर्छ । कार्यक्रम वा आयोजना प्रस्ताव गर्दा अनुसूची १० मा उल्लिखित आधारमा आयोजनाको विश्लेषण गरी तयार गरिएको आयोजना प्रस्ताव बमोजिम आयोजना बैंकमा समाबेश भएका आयोजना मात्र छनौट गर्नुपर्दछ । छनौट भएका आयोजनाको अनुसूची १२ मा उल्लिखित आधार बमोजिम प्राथमिकीकरण गर्नुपर्ने छ। आयोजना बैंक संचालन नआएको अवस्थामा आर्थिक मामिला तथा योजना मन्त्रालयले तोके बमोजिम हुनेछ।

### ५.६.६ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा

विषयगत रुपमा प्राथमिकीकरणसहित पेश भएका आयोजनालाई सम्बन्धित विषयगत मन्त्रालय/निकायहरुले कार्यक्रममा दोहोरो नपर्ने गरी देहायका आधारमा आयोजनाको बजेट तर्जुमा गर्नुपर्नेछ ।

(क) प्रदेशको आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति,


(ख) प्रदेशको मध्यमकालीन खर्च संरचना,

(ग) आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त बजेट सीमा, मार्गदर्शन र आयोजना प्राथमिकीकरणका आधार,

(घ) आयोजना बैंक र मध्यमकालीन खर्च संरचनामा समावेश नभएका तर प्रदेश स्तरका महत्वपूर्ण आयोजना छनौट गर्नुपर्ने भएमा स्पष्ट आधार र औचित्य समेतको आधारमा बजेटको सुनिश्चितता हुने गरी त्यस्ता आयोजना समावेश गर्नु पर्ने छ।

(ङ) प्रदेशको स्रोत साधनले मात्र कार्यान्वयन हुन नसक्ने योजनालाई समपूरक अनुदानबाट सञ्चालन गर्नको लागि प्रस्ताव गर्न सकिनेछ ।

सम्बन्धित मन्त्रालय/निकायले आफ्ना आवश्यकता र प्राथमिकीकरणका आधारमा छनौट भएका आयोजना/कार्यक्रमको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट तयार गरी पि.एल.एम.बि.आइ.एस. (PLMBIS) मा प्रविष्टि गरी आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनुपर्ने हुन्छ ।



### ५.६.७ बजेट तथा कार्यक्रममाथि छलफल

**(१) बजेट छलफलः**

(क) आर्थिक मामिला तथा योजना मन्त्रालयले विषयगत मन्त्रालयहरूसँग छलफल तथा प्रदेश योजना आयोगसँग पारमर्श गरी चैत्र महिनाको अन्तिम हप्ताभित्र बजेट छलफल गर्ने मिति समय र स्थान निर्धारण गरी पठाउने छ ।

(ख) विषयगत मन्त्रालयहरूले प्रस्तावित बजेट तथा कार्यक्रम छलफलमा सम्बन्धित मन्त्रालय अन्तर्गतका बजेट कार्यान्वयन गर्ने निकायका प्रतिनिधि समेत सहभागी गराई कार्यक्रमको पुष्ट्याई सहित तोकिएको मिति, समय र स्थानमा छलफलमा भाग लिनुपर्नेछ ।

(ग) चालुतर्फको बजेट तथा कार्यक्रमको छलफलमा विषयगत मन्त्रालय, सचिवालय, निर्देशनालयका प्रतिनिधिलाई आमन्त्रण गरिने छ ।

(घ) प्रदेश योजना आयोगका सम्बन्धित विषयक्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा हुने पूँजीगत बजेट तथा कार्यक्रम छलफलको क्रममा विषयगत मन्त्रालयका प्रतिनिधिका साथै अन्तरसम्बन्धित बिषयमा सरोकारवाल मन्त्रालयका प्रतिनिधि समेतलाई आमन्त्रण गरिनेछ।

**(२) बजेट छलफलका आधारः**

विभिन्न निकाय/मन्त्रालयहरुबाट प्रस्तावित आयोजना/कार्यक्रमहरुको बजेट र वार्षिक विकास कार्यक्रममाथि आयोग र मन्त्रालयमा छलफल गर्नुपर्ने हुन्छ । यसरी छलफल गर्दा नेपालको संविधान (मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति र प्रदेशको कार्यक्षेत्र/क्षेत्राधिकार), राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय आवधिक योजना, प्रदेशको आवधिक योजना, दिगो विकास लक्ष्य, सम्बन्धित प्रदेशको आवश्यकता, योजना तर्जुमा गोष्ठीको छलफल एवं संकलित माग, समस्या र सम्भावना र आयोजना बैंकबाट छनौट गरिएका आयोजनाको प्राथमिकीकरणलाई आधार बनाउनुपर्ने हुन्छ ।

बजेट तथा कार्यक्रम छलफल जेठ १५ गतेभित्र समाप्त गरी अन्तिम रुप दिनुपर्ने हुन्छ ।

**(३) विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रस्तुत गरिनेः**

(क) आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभा नियमावली, २०७४ को नियम तथा प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ९ बमोजिमको पूर्व बजेट छलफलका लागि प्रदेश योजना आयोग तथा विषयगत मन्त्रालयसँग समेत छलफल गरी विनियोजन विधेयकमा समावेश हुने सिद्धान्त र प्राथमिकता तय गर्नेछ ।

(ख) माथि उपदफा क बमोजिम तयार पारिएको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता विनियोजन विधेयक प्रदेश सभामा पेश गर्नु भन्दा सामान्यतः १५ दिन अगावै आर्थिक मामिला तथा योजना मन्त्रीले प्रदेश सभामा पेश गर्नु पर्नेछ ।

**(४) प्रदेश सरकारको नीति तथा कार्यक्रमः**

आवधिक योजनालाई आधारलिई वार्षिक बजेट तथा कार्यक्रमको छलफलको आधारमा आर्थिक मामिला तथा योजना मन्त्रालय, अन्य बिषयगत मन्त्रालय तथा सरोकारवालासँग परामर्श गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट सामान्यतया जेष्ठ महिनाको तेस्रो हप्ताभित्र प्रदेश सरकारको नीति तथा कार्यक्रमको दस्तावेज तयार गर्नु पर्नेछ ।

यसरी तयार भएको नीति तथा कार्यक्रम प्रदेश प्रमुखबाट प्रदेश सभामा पेश हुनेछ ।

### ५.६.८ वार्षिक विकास कार्यक्रमको मस्यौदा तयारी

(क) आयोग र मन्त्रालयमा छलफल गरी प्रस्ताव भएका कार्यक्रम/आयोजनाको विषयगत मन्त्रालय / निकायहरूले वार्षिक विकास कार्यक्रमको दस्तावेज तयार गर्नुगर्ने हुन्छ । यस्तो मस्यौदा तयारी गर्दा अनुसूची १३ मा समावेश भएको वार्षिक विकास कार्यक्रमको ढाँचा अनुरुप हुनुपर्ने हुन्छ ।

(ख) आर्थिक मामिला तथा योजना मन्त्रालयले जेठ महिनाको अन्तिम हप्ता सम्ममा बजेट तथा कार्यक्रमलाई अन्तिम रूप दिइसक्नु पर्नेछ । बजेटलाई अन्तिम रूप दिँदा विषयगत मन्त्रालयबाट प्रस्तावित आयोजना तथा कार्यक्रम, बजेट सीमा तथा आर्थिक मामिला तथा योजना मन्त्रीले प्रस्तुत गरेको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता एवं प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई आधार लिइनेछ ।

**५.६.९ बजेट तथा कार्यक्रम स्वीकृति**

आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगबाट वार्षिक विकास कार्यक्रम जेठ २५ गतेभित्र स्वीकृत गरी सक्नुपर्नेछ ।

**५.६.१० प्रदेश सभामा बजेट तथा कार्यक्रम पेश**

(१) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ तथा प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १३ बमोजिम प्रत्येक वर्षको असार १ गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्रदेश सभामा आगामी आर्थिक वर्षको लागि बजेट (राजस्व र व्ययको अनुमान) प्रस्तुत हुनेछ ।

(२) उपदफा १ बमोजिमको बजेटमा नेपालको संविधानको धारा २०७ मा उल्लेखित राजस्वको अनुमान, प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकम, प्रदेश विनियोजन ऐन बमोजिम व्यय हुने आवश्यक रकम प्रस्तुत गर्नुपर्छ । साथै अघिल्लो आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्टयाइएको खर्चको रकम र खर्च अनुसारको लक्ष्य हासिल भयो भएन सो समेतको विवरण (मन्त्रालयगत प्रगति विवरण) पेश गर्नु पर्नेछ ।

(३) उपदफा २ का अतिरिक्त बजेट प्रस्तुत गर्दा प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १३ मा उल्लेखित अघिल्लो आर्थिक वर्षमा अनुमान गरिएको राजस्व संकलनको विवरण तथा कर वा गैरकरमा छुट दिइएको विववरण, अनुदान, सार्वजनिक ऋण र लगानी सम्बन्धी नीति समेत प्रस्तुत गरिनेछ ।

(४) आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट साथ सामान्यतया देहायका विवरणहरू समेत प्रदेश सभामा पेश गर्नेछः

(क) व्यय अनुमानको विवरण (खर्च शीर्षकगत र स्रोतगत समेत- रातो किताव)
(ख) गत आर्थिक वर्षमा हासिल भएको मन्त्रालयगत प्रगति विवरण पुस्तिका,
(ग) विनियोजन विधेयक,
(घ) आर्थिक विधेयक,
(ङ) आन्तरिक ऋण प्रस्ताव गरिएको भए प्रदेश ऋण उठाउने विधेयक,
(च) वार्षिक विकास कार्यक्रम पुस्तिका
(छ) मध्यमकालीन खर्च पुस्तिका,
(ज) अनुदान, सार्वजनिक ऋण र लगानी सम्बन्धी नीति (आवश्यक भएमा)

(५) उपदफा ४ मा उल्लेखित विवरणहरू प्रदेश सभामा बजेट वक्तव्य प्रस्तुत भएपछि मात्र सार्वजनिक गरिनेछ।

(६) प्रदेश सभाले स्वीकृत गरेको वार्षिक बजेट तथा कार्यक्रम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नुपर्नेछ । साथै, सम्बन्धित प्रदेशको बेवसाईटमा समेत प्रकाशन गर्नुपर्नेछ । यसका एक/एक प्रति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र सम्बन्धित विषयगत मन्त्रालयमा पठाउनुपर्ने हुन्छ ।

## ५.७ कार्यान्वयन कार्ययोजना

वार्षिक विकास कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न यसको कार्यान्वयन योजना बनाउन आवश्यक छ । कार्यान्वयन योजनामा आवधिक योजनाको उद्देश्य प्राप्त गर्नका लागि आवश्यक कार्यान्वयन विधि, कार्यान्वयन कार्यतालिका र जिम्मेवारी तालिका समेटिएको हुन्छ । सम्बन्धित विषयगत मन्त्रालय/निकायले वार्षिक विकास तथा बजेट कार्यक्रमको प्रत्येक आयोजना र कार्यक्रमको कार्यान्वयन कार्ययोजना तयार गर्नुपर्ने हुन्छ । विकास आयोजनाको कार्यन्वयन गर्ने क्रियाकलापको विस्तृत विवरण र त्यसको बजेटको विभाजन गर्नु आवश्यक हुन्छ ।

(क) प्रदेश सभाले पारित गरेको वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयले साउन १ गते सम्बन्धित विषयगत मन्त्रालय निकायहरुलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने हुन्छ ।

(ख) विषयगत मन्त्रालय/निकायले अख्तियार प्राप्त भएको ७ दिनभित्र आफ्नो विभाग/ महाशाखा/शाखा/इकाइलाई लिखित रुपमा बजेट कार्यान्वयनको अख्तियारी दिनुपर्ने हुन्छ ।

(ग) बजेट कार्यान्वयनको अख्तियारी प्राप्त भएको मितिले ७ दिनभित्र विभाग/महाशाखा/शाखा र एकाइले कार्यक्रम कार्यान्वयन कार्यतालिका सम्बन्धित मन्त्रालय/निकायमा पेश गर्नुपर्ने हुन्छ ।

(घ) विभाग/महाशाखा/शाखा/एकाइबाट पेश भएको कार्यान्वयन कार्ययोजनामा प्राविधिक क्षमता, आयोजनाको सम्वेदनशीलता, कार्यान्वयन प्राथमिकीकरण, नगद प्रवाहको अवस्था समेतको आधारमा कुनै संशोधन गर्नुपर्ने देखिएमा सम्बन्धित मन्त्रालय/निकायले सुझाव दिनुपर्ने हुन्छ । यसरी प्राप्त भएको सुझाव समेतको आधारमा सम्बन्धित निकायले कार्यान्वयन कार्ययोजनामा संशोधन गरी ५ दिनभित्र मन्त्रालय/निकायमा पुनः पेश गर्नुपर्ने हुन्छ ।

(ङ) सबै विभाग/महाशाखा/शाखा/इकाइबाट प्राप्त कार्ययोजनालाई सम्बन्धित मन्त्रालय/ निकायले एकीकृत गरी मन्त्रालय/निकायगत एकीकृत कार्यान्वयन कार्ययोजना प्रदेश मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आयोग र मन्त्रालयसमक्ष पेश गर्नुपर्ने हुन्छ ।

### ५.७.१ वार्षिक विकास कार्यक्रम कार्यान्वयन विधि

#### (क) कार्यान्वयन विधि निर्धारण

आयोजना कार्यान्वयनका लागि आवश्यक पूर्वाधार सिर्जना गर्नुपर्ने तथा सरोकारवाला बीच समन्वय एवम् साझेदारी गर्नुपर्ने भएकाले प्रदेशले आवधिक योजनामा उल्लिखित योजनाको सार्वजनिक निर्माण एवम् सेवा खरिद सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, आर्थिक कार्यविधि ऐन, २०५५ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ र प्रदेशले संविधान तथा प्रचलित कानूनको अधिकार क्षेत्रभित्र रही निर्माण गरेका ऐन नियमानुसार कार्यान्वयन गर्नुपर्नेछ । यसरी कार्यान्वयन विधि निर्धारण गर्दा ठेक्कापट्टा, उपभोक्ता समिति, अमानत, सेवा करार, संयुक्त व्यवस्थापन, स्थानीय तह र प्रदेश सरकारको साझेदारी वा सार्वजनिक निजी साझेदारी, गैरसरकारी संस्थामार्फत गर्ने सम्बन्धमा सार्वजनिक खरिद ऐनको परिधिभित्र रही आयोजना वा कार्यक्रम सञ्चालन हुनुपूर्व निश्चित गर्नुपर्दछ । प्रदेश सरकार तथा यस अन्तर्गतका सम्बन्धित निकायले आर्थिक वर्ष शुरु भएको एक महिनाभित्र आफ्नो वार्षिक खरिद योजना र गुरुयोजना स्वीकृत गरी सो अनुरुप खरिद कार्यको व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

#### (ख) आयोजना कार्यान्वयन तालिका

आयोजना कार्यान्वयन गर्ने निकायले कुन काम कहिले शुरु गर्ने र कहिले सम्पन्न गर्ने समय किटान गरिएको कार्यतालिका बनाई कार्यान्वयन व्यवस्था गर्नुपर्दछ । आयोजना कार्यान्वयन गर्दा सम्बद्ध निकाय र व्यक्तिलाई तोकिएका कार्य जिम्मेवारी र क्रियाकलापप्रति जिम्मेवार बनाउन उपलब्धि परिणाम सूचकसहित कार्य सम्पादन करार गर्ने प्रणाली अपनाउनुपर्ने हुन्छ ।

**तालिकाः ५.१**

आयोजना कार्यान्वयन तालिका (नमूना)

| **आयोजना** | **उपलब्धि सूचक (परिणाम तहको)** | **बजेट** | **जिम्मेवार निकाय (पदाधिकारी)** | **प्रारम्भ गर्ने अवधि** | **सम्पन्न गर्नुपर्ने अवधि** |
|---|---|---|---|---|---|
| नवमी डाँडा लिफ्ट खानेपानी आयोजना, पाँचथर | १५०० घरधुरीमा धारा जडान तथा खानेपानी वितरण | १५०० लाख | भौतिक पूर्वाधार खानेपानी तथा सरसफाई डीभिजन कार्यालय, डिभिजन प्रमुख, पाँचथर | २०७६ भाद्र | २०७७ मंशिर |

## ५.८ अनुगमन तथा मूल्याङ्कन व्यवस्था

आयोजनाको कार्यान्वयनबाट लक्षित उद्देश्य प्राप्त भयो/भएन र आयोजनाको कार्यान्वयनबाट आयोजनाका अपेक्षित लाभग्राही जनतालाई लक्ष्य बमोजिम फाइदा भयो/भएन भनी गरिने अध्ययन विश्लेषणलाई आयोजनाको मूल्याङ्कन भनिन्छ। कार्यान्वयन गरिएका योजना, नीति, कार्यक्रम तथा आयोजना के-कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् तथा के-कस्ता उपलब्धि एवम् प्रभाव हासिल भएका छन् भन्ने कुराको आन्तरिक वा बाह्य मूल्याङ्कनकर्ताबाट उद्देश्यपूर्ण र व्यवस्थित तरिकाले लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । सामान्यतया योजनाको मूल्याङ्कन तीन प्रकारको हुन्छः

१. आयोजनाको कार्यान्वयन चरणमा गरिने आयोजनाको लेखाजोखा ।
२. आयोजनाको कार्यान्वयन समाप्तिपछि आयोजनाको लक्ष्य, उद्देश्य अनुरुप काम भए, नभएको लेखाजोखा गरिने आयोजनाको मूल्याङ्कन ।
३. आयोजना समाप्त भएपछि त्यसको सञ्चालनको ६-७ वर्षपछि गरिने प्रभाव मूल्याङ्कन ।

योजनाका उपलब्धि र प्रभाव तहका सूचकमा के-कति परिमाणमा परिवर्तन आयो भन्ने जानकारी मूल्याङ्कनबाट हुन्छ। प्रदेशले आवश्यकता र आयोजना वा कार्यक्रमको प्रकृति अनुसार उल्लिखित दुवै तहमा तेश्रो पक्षबाट पनि मूल्याङ्कन गराउन सक्दछ। अनुगमन तथा मूल्याङ्कन प्रदेश योजना आयोगबाट स्वीकृति निर्देशिका/दिग्दर्शन अनुसार हुनेछ। उक्त निर्देशिका/दिग्दर्शन तयार नभए सम्म राष्ट्रिय योजना आयोगबाट तयार गरिएको प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनका प्रावधान अनुरुप गर्न सकिनेछ।

## ५.९ सःशर्त, विशेष र समपूरक अनुदानबाट सञ्चालित योजना कार्यान्वयन

संघबाट प्रदेशलाई दिइने सःशर्त, विशेष र समपूरक अनुदानका आयोजनाको कार्यान्वयन संघबाट प्राप्त मार्गदर्शन बमोजिम हुनेछ।

## ५.१० विविध

### ५.१०.१ वस्तुगत विवरण/पार्श्वचित्र (Profile) तयार गर्नु पर्ने

प्रदेशले आवधिक वार्षिक योजना र बजेट तर्जुमा गर्नुपूर्व प्रदेशको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुगत विवरण (Profile) तयार वा अद्यावधिक गर्नु पर्नेछ । अद्यावधिक वस्तुगत विवरण आफ्नो वेबसाइट (Website) मार्फत् सार्वजनिक गर्नु पर्नेछ । यसको ढाँचा अनुसूची ४ मा दिइएको छ । त्यस्तै, प्रदेश सरकारबाट स्थनीय तहमा दिइने सःशर्त, विशेष र समपूरक अनुदानबाट सञ्चालित हुने योजनाको कार्यान्वयन प्रदेश सरकारबाट तर्जुमा गरिने निर्देशिका बमोजिम हुनेछ।

# अनुसूची

## अनुसूची १ – नेपालको संविधानका सान्दर्भिक धाराहरू

नेपालको संविधानका सान्दर्भिक धारा देहाय अनुसार छन् ।

**भाग ३ मौलिक हक र कर्तव्य**

**धारा १८: समानताको हकः**

(१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।

(२) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

(३) राज्यले नागरिकका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।

(४) समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन ।

(५) पैतृक सम्पत्तिमा लैंगिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ ।

**धारा २५ सम्पत्तिको हकः**

(१) प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ। तर राज्यले व्यक्तिको सम्पत्तिमा कर लगाउन र प्रगतिशील करको मान्यता अनुरूप व्यक्तिको आयमा कर लगाउन सक्नेछ।

(२) सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन। तर कुनै पनि व्यक्तिले गैरकानूनी रूपले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागू हुने छैन।

(३) उपधारा (२) बमोजिम सार्वजनिक हितका लागि राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्तिको आधार र कार्यप्रणाली ऐन बमोजिम हुनेछ।

(४) उपधारा (२) र (३) को व्यवस्थाले भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकीकरण र व्यवसायीकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा शहरी विकास गर्ने प्रयोजनका लागि राज्यले कानून बमोजिम भूमि सुधार, व्यवस्थापन र नियमन गर्न बाधा पर्ने छैन।

(५) उपधारा (३) बमोजिम राज्यले सार्वजनिक हितका लागि कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गरेकोमा त्यस्तो सार्वजनिक हितको सट्टा अर्को कुनै सार्वजनिक हितका लागि त्यस्तो सम्पत्ति प्रयोग गर्न बाधा पर्ने छैन ।

**धारा २७ सूचनाको हकः**

प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ। तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन।

**धारा ३१ शिक्षासम्बन्धी हकः**

(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।

(३) अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ।

(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।

(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

**धारा ३३ रोजगारीको हकः**

(१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ। रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता संघीय कानून बमोजिम हुनेछ।

(२) प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ।

**धारा ३४ श्रमको हकः**

(१) प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ।

(२) प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ।

(३) प्रत्येक श्रमिकलाई कानून बमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ।

**धारा ३५ स्वास्थ्यसम्बन्धी हकः**

(१) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन।

(२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ।

(३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ।

(४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ।

**धारा ३६ खाद्यसम्बन्धी हकः**

(१) प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक हुनेछ।

(२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ।

(३) प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ।

**धारा ३७ आवासको हकः**

(१) प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ। (२) कानून बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन।

**धारा ३८ महिलाको हकः**

(१) प्रत्येक महिलालाई लैंगिक भेदभावविना समान वंशीय हक हुनेछ।

(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुनेछ।

(३) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

(४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ।

(५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ।

(६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ।

**३९ बालबालिकाको हकः**

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुनेछ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन।

(५) कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

(९) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।

(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

**धारा ४० दलितको हकः**

(१) राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ। सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ।

(२) दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

(३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानून बमोजिम विशेष व्यवस्था गरिनेछ।

(४) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ ।

(५) राज्यले भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जमीन उपलब्ध गराउनु पर्नेछ।

(६) राज्यले आवासविहीन दलितलाई कानून बमोजिम बसोबासको व्यवस्था गर्नेछ।

(७) दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्नेछ।

**धारा ४१ ज्येष्ठ नागरिकको हकः**

ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ।

**धारा ४२ सामाजिक न्यायको हकः**

(१) सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तीकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ।

(२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ।

(३) अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ।

(४) प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ।

(५) नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जन आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवम् उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ।

**धारा ४३ सामाजिक सुरक्षाको हकः**

आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ।

**धारा ४४ उपभोक्ताको हकः**

(१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ।

**भाग ४ राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व**

**धारा ४९ मार्गनिर्देशनका रूपमा रहनेः**

(१) यस भागमा उल्लिखित निर्देशक सिद्धान्त, नीति तथा दायित्व राज्य सञ्चालनको मार्गनिर्देशनका रूपमा रहनेछन् ।

(२) राज्यले यस भागमा उल्लिखित सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन गर्न आवश्यकता अनुसार स्रोतसाधन परिचालन गर्ने गराउनेछ।

**धारा ५० निर्देशक सिद्धान्तहरू**

(१) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरि राख्दै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैंगिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्ने तथा परस्पर सहयोगमा आधारित संघीयताका आधारमा संघीय इकाइबीचको सम्बन्ध सञ्चालन गर्दै स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा शासन व्यवस्थामा समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्दै लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने राज्यको राजनीतिक उद्देश्य हुनेछ।

(२) धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने एवम् राष्ट्रिय गौरव, लोकतन्त्र, जनपक्षीयता, श्रमको सम्मान, उद्यमशीलता, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक सांस्कृतिक मूल्यको विकास गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सद्भाव, ऐक्यबद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको सामाजिक र सांस्कृतिक उद्देश्य हुनेछ।

(३) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ।

(४) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्दै सार्वभौमिक समानताका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरी विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्नेतर्फ राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित हुनेछ।

**धारा ५१ राज्यका नीतिहरूः**

राज्यले देहायका नीति अवलम्बन गर्नेछ

**(क) राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षासम्बन्धी नीतिः**

(१) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण्ण राख्ने,

(२) विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी संघीय इकाइबीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय एकता प्रवर्द्धन गर्ने,

(३) राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुरक्षाको व्यवस्था गर्ने,

(४) सर्वाङ्गीण मानवीय सुरक्षाको प्रत्याभूति गर्ने,

(५) राष्ट्रिय सुरक्षा नीतिका आधारमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, बल नेपाल लगायत सबै सुरक्षा निकायलाई सबल, सुदृढ, व्यावसायिक, समावेशी र जनउत्तरदायी बनाउने,

(६) राष्ट्रिय आवश्यकता अनुरूप नागरिकलाई राष्ट्रको सेवा गर्न तत्पर र सक्षम बनाउने,

(७) पूर्व कर्मचारी, सैनिक र प्रहरी लगायतका पूर्व राष्ट्रसेवकमा रहेको ज्ञान, सीप र अनुभवलाई राष्ट्र हितमा समुचित उपयोग गर्ने।

**(ख) राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी नीतिः**

(१) राजनीतिक उपलब्धिको रक्षा, सुदृढीकरण र विकास गर्दै आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरणका माध्यमबाट जनताको सर्वोत्तम हित र समुन्नति प्रत्याभूत गर्ने,

(२) मानव अधिकारको संरक्षण र संवर्धन गर्दै विधिको शासन कायम राख्ने,

(३) नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन गर्ने,

(४) सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने,

(५) आमसञ्चारलाई स्वच्छ, स्वस्थ, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने,

(६) संघीय इकाइबीच जिम्मेवारी, स्रोत साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने ।

**(ग) सामाजिक र सांस्कृतिक रूपान्तरणसम्बन्धी नीतिः**

(१) स्वस्थ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने,

(२) ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्धन र विकासका लागि अध्ययन, अनुसन्धान, उत्खनन तथा प्रचार प्रसार गर्ने,

(३) सामाजिक, सांस्कृतिक तथा सेवामूलक कार्यमा स्थानीय समुदायको सिर्जनशीलताको प्रवर्द्धन र परिचालन गरी स्थानीय जनसहभागिता अभिवृद्धि गर्दै सामुदायिक विकास गर्ने,

(४) राष्ट्रिय सम्पदाको रूपमा रहेका कला, साहित्य र सङ्गीतको विकासमा जोड दिने,

(५) समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त गर्ने,

(६) देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवम् सहअस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने,

(७) बहुभाषिक नीति अवलम्बन गर्ने

**(घ) अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीतिः**

(१) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने,

(२) अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिँदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने,

(३) सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने,

(४) आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेही र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्दै सर्वाङ्गीण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने,

(५) उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गर्ने,

(६) तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने,

(७) कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने,

(८) राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने,

(९) राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने,

(१०) राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पूँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन एवम् परिचालन गर्ने,

(११) वैदेशिक सहायता लिँदा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार बनाउँदै यसलाई
पारदर्शी बनाउने र वैदेशिक सहायताबाट प्राप्त रकम राष्ट्रिय बजेटमा समाहित गर्ने,

(१२) गैरआवासीय नेपालीको ज्ञान, सीप, प्रविधि र पूँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने,

(१३) औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, विदेशी लगानीका परियोजनाको सन्दर्भमा अन्तर प्रदेश तथा प्रदेश र संघ बीच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने।

**(ङ) कृषि र भूमिसुधारसम्बन्धी नीतिः**

(१) भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने,

(२) अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

(३) किसानको हक हित संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने,

(४) भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने,

(५) कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने ।

**(च) विकाससम्बन्धी नीतिः**

(१) क्षेत्रीय सन्तुलन सहितको समावेशी आर्थिक विकासका लागि क्षेत्रीय विकासको योजनाअन्तर्गत दिगो सामाजिक आर्थिक विकासका रणनीति र कार्यक्रम तर्जुमा गरी समन्वयात्मक तवरले कार्यान्वयन गर्ने,

(२) विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिँदै सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रूपमा भौतिक पूर्वाधारको विकास गर्ने,

(३) विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने,

(४) वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाको संरक्षण गर्ने,

(५) राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास र विस्तार गरी त्यसमा सर्वसाधारण जनताको सहज र सरल पहुँच सुनिश्चित गर्ने तथा राष्ट्रिय विकासमा सूचना प्रविधिको उच्चतम उपयोग गर्ने,

(६) विकासको प्रतिफल वितरणमा विपन्न नागरिकलाई प्राथमिकता दिँदै आम जनताले न्यायोचित रूपमा पाउने व्यवस्था गर्ने,

(७) एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरण एकीकृत रूपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने,

(८) जनसांख्यिक तथ्यांकलाई अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने ।

**(छ) प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोगसम्बन्धी नीतिः**

(१) राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलको न्यायोचित वितरण गर्ने,

(२) जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने,

(३) नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने,

(४) जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाइको विकास गर्ने,

(५) जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवम् भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्धन र दिगो उपयोग गर्ने,

(६) वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने,

(७) प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपाय अवलम्बन गर्ने,

(८) वातावरण प्रदूषण गर्नेले सो बापत दायित्व ब्यहोर्नुपर्ने तथा वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने,

(९) प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापना गर्ने।

**(ज) नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिः**

(१) शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,

(२) शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,

(३) उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने,

(४) नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने,

(५) नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्दै जाने,

(६) गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने,

(७) नेपालको परम्परागत चिकित्सा पद्धतिको रूपमा रहेको आयुर्वेदिक, प्राकृतिक चिकित्सा र होमियोपेथिक लगायत स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्द्धन गर्ने,

(८) स्वास्थ्य क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै यस क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,

(९) स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिँदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको संख्या वृद्धि गर्दै जाने,

(१०) नेपालको क्षमता र आवश्यकताका आधारमा जनसंख्या व्यवस्थापनका लागि परिवार नियोजनलाई प्रोत्साहित गर्दै मातृ शिशु मृत्युदर घटाई औसत आयु बढाउने,

(११) अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने,

(१२) कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने,

(१३) आधारभूत वस्तु तथा सेवामा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिई योजनाबद्ध आपूर्तिको व्यवस्था गर्ने,

(१४) यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने,

(१५) नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने।

**(झ) श्रम र रोजगारसम्बन्धी नीतिः**

(१) सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने,

(२) मर्यादित श्रमको अवधारणा अनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने,

(३) बालश्रम लगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने,

## अनुसूची २ - नेपाल सरकारबाट जारी भएका राष्ट्रिय नीतिहरू

| क्र.सं. | नीति |
|---|---|
| १ | सार्वजनिक निजी साझेदारी नीति , २०७२ |
| २ | विकास सहायता नीति , २०७१ |
| ३ | आपूर्ति नीति, २०६९ |
| ४ | विदेशी लगानी नीति , २०७१ |
| ५ | औद्योगिक नीति , २०६७ |
| ६ | राष्ट्रिय वौध्दिक सम्पत्ति नीति, २०७३ |
| ७ | जलविद्युत विकास नीति , २०५८ |
| ८ | राष्ट्रिय कृषि नीति, २०६१ |
| ९ | कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ |
| १० | कृषि जैविक विविधता नीति, २०६३ |
| ११ | राष्ट्रिय चिया नीति, २०५७ |
| १२ | राष्ट्रिय कफि नीति २०६० |
| १३ | राष्ट्रिय विउ विजन नीति २०५६ |
| १४ | राष्ट्रिय मल नीति, २०५८ |
| १५ | खर्क नीति, २०६८ |
| १६ | पुष्प प्रवर्द्धन नीति, २०६९ |
| १७ | कृषि यान्त्रिकरण प्रवर्द्धन नीति, २०७१ |
| १८ | मौरी प्रवर्द्धन नीति,२०७३ |
| १९ | ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाइ सम्बन्धी राष्ट्रिय नीति,२०६० |
| २० | सहरी खानेपानी तथा सरसफाइ नीति, २०६६ |
| २१ | लागूऔषध नियन्त्रण राष्ट्रिय नीति, २०६३ |
| २२ | राष्ट्रिय जनसंख्या नीति, २०७१ |
| २३ | ग्रामीण ऊर्जा नीति, २०६३ |
| २४ | नवीकरणीय ऊर्जा अनुदान नीति, २०६९ |
| २५ | जलवायु परिवर्तन नीति , २०६७ |
| २६ | परराष्ट्र सेवाका कर्मचारीहरूको लागि तालिम नीति, २०६९ |
| २७ | दुग्ध विकास नीति २०६४ |
| २८ | पन्छिपालन नीति,२०६८ |
| २९ | राष्ट्रिय भूउपयोग नीति, २०७२ |
| ३० | वातावरण सम्बन्धी सवारी तथा यातायात नीति, २०७१ |
| ३१ | राष्ट्रिय यातायात नीति, २०५८ |
| ३२ | बालबालिका सम्बन्धी राष्ट्रिय नीति , २०६९ |
| ३३ | अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति र कार्ययोजना , २०६३ |
| ३४ | राष्ट्रिय युवा नीति , २०७२ ३५ राष्ट्रिय खेलकूद नीति , २०६७ |
| ३६ | राष्ट्रिय सुरक्षा नीति, २०७३ |
| ३७ | वन नीति, २०७१ |
| ३८ | राष्ट्रिय सिमसार नीति, २०६९ |
| ३९ | जडिवुटी एवं गैरकाष्ठ वनपैदावर विकास नीति, २०६१ |
| ४० | घर पालुवा हात्ती व्यवस्थापन नीति, २०६० |
| ४१ | वाणिज्य नीति , २०७२ |
| ४२ | राष्ट्रिय परमाणु नीति, २०६४ |
| ४३ | जैविक प्रविधि नीति, २०६३ |
| ४४ | विज्ञान तथा प्रविधि नीति, २०६१ |
| ४५ | आन्तरिक रूपमा विस्थापित व्यक्तिसम्बन्धी राष्ट्रिय नीति , २०६३ |
| ४६ | अनौपचारिक शिक्षा नीति, २०६३ |
| ४७ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सीप विकाससम्बन्धी नीति, २०६४ |
| ४९ | उच्च शिक्षा नीति , २०७२ |
| ५० | शैक्षिक जनशक्ति विकास केन्द्रको तालिम नीति, २०६२ |
| ५१ | विशेष शिक्षा नीति , २०५३ |
| ५२ | प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम नीति , २०६९ |
| ५३ | निजी लगानीमा सञ्चालन गरिने प्राविधिक महाविद्यालय (कलेज र क्याम्पस) सम्वन्धमा बनेको आधारभूत नीति २०६३ |
| ५४ | अपाङ्गता भएका व्यक्तिका लागि सभावेशी शिक्षा नीति, २०७३ |
| ५५ | राष्ट्रिय रोजगार नीति , २०७१ |
| ५६ | वैदेशिक रोजगार नीति , २०६८ |
| ५७ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति , २०६६ |
| ५८ | स्थानीय पूर्वाधार विकास नीति, २०६१ |
| ५९ | सार्वजनिक निजी साझेदारी नीति (स्थानीय निकायको लागि ) , २०६० |
| ६० | पर्यटन नीति , २०६५ |
| ६१ | हवाइ नीति , २०६३ |

६२ राष्ट्रिय संस्कृति नीति , २०६७
६३ राष्ट्रिय सहकारी नीति , २०६९
६४ राष्ट्रिय सहरी नीति २०६४
६५ राष्ट्रिय आवास नीति २०६८
६६ फोहोरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०५३
६७ निजामती कर्मचारी राष्ट्रिय तालिम नीति , २०७१
६८ सिंचाइ नीति , २०७०
६९ जलउत्पन्न प्रकोप व्यवस्थापन नीति , २०७२
७० ब्रोडब्याण्ड नीति , २०७१
७१ सूचना तथा सञ्चार प्रविधि नीति , २०७२
७२ दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँड तथा मूल्य) सम्बन्धी नीति , २०६९
७३ दूरसञ्चार नीति – २०६०
७४ राष्ट्रिय चलचित्र नीति , २०७१
७५ सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति २०५९
७६ आम सञ्चार नीति, २०७३
७७ विज्ञापन रहित नीति, २०७३
७८ मानसिक स्वास्थ्य सम्वन्धी राष्ट्रिय नीति, २०५३
७९ राष्ट्रिय आयुर्वेद स्वास्थ्य नीति, २०५२
८० शहरी स्वास्थ्य नीति , २०७२
८१ राष्ट्रिय स्वास्थ्य नीति , २०७१
८२ राष्ट्रिय औषधी नीति , २०५१
८३ राष्ट्रिय स्वास्थ्य सञ्चार नीति , २०६९
८४ गुणस्तरीय स्वास्थ्य सेवा सम्बन्धी नीति , २०६४
८५ राष्ट्रिय स्वास्थ्य प्रयोगशाला नीति , २०६९
८६ राष्ट्रिय पोषण नीति तथा रणनीति , २००८
८७ एम्वुलेन्स सेवा सञ्चालन नीति , २०६०
८८ राष्ट्रिय मुख स्वास्थ्य नीति , २०७०
८९ राष्ट्रिय स्वास्थ्य बीमा नीति , २०७१
९० राष्ट्रिय रक्तसञ्चार नीति, २०७१

स्रोतः प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (१८ असोज २०७५ मा https://www.opmcm.gov.np/national-acts/ बाट लिइएको ।)

## अनुसूची ३ - दिगो विकास लक्ष्य तथा परिमाणात्मक लक्ष्यहरू र प्रदेश तहमा स्थानीयकरण

### १. पृष्ठभूमि

संविधानले तीनै तहका सरकारबीच एकल र साझा कार्यसूचीमार्फत सहकारिता, समन्वय र सहअस्तित्वमा आधारित शासन व्यवस्थाको सिद्धान्त अवलम्बन गरेको छ । यसै सन्दर्भमा नेपालले समेत अन्तर्राष्ट्रिय रुपमा प्रतिबद्धता व्यक्त गरेको दिगो विकासका लक्ष्य (Sustainable Development Goals - SDG) लाई कार्यान्वयन तहमा लैजान यसका लक्ष्यहरू, परिमाणात्मक लक्ष्यहरू र सूचकहरूलाई स्थानीयकरण गरी प्रदेश स्तर र स्थानीय तहको योजनामा आन्तरिकीकरण र मूलप्रवाहीकरण (internalization/mainstreaming) गर्नु अपरिहार्य हुन्छ । यसका लागि प्रदेश तथा स्थानीय स्तरमा दिगो विकास लक्ष्य २०३० को आन्तरिकीकरण प्रक्रिया र यसको लागि गठन हुने संस्थागत संयन्त्रमा एकरूपता कायम गर्नुपर्ने र संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरआवद्धता (Inter-connection) कायम गरी राष्ट्रिय लक्ष्यका साथै अन्तर्राष्ट्रिय प्रतिबद्धता पुरा गर्न प्रदेश सरकारले समेत सहयोगी भूमिका खेल्नु पर्ने आवश्यकता छ ।

माथि उल्लेखित तथ्यलाई हृदयङ्गम गरी प्रदेश न. १ ले आफ्नो प्रथम आवधिक योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरुलाई मुलप्रवाहीकरण गरी क्षेत्रगत तर्कबद्ध खाकामा समावेश गरेको छ र सोहि अनुसार कार्यान्वयन गर्नेछ। दिगो विकासका लक्ष्यलाई आन्तरिकीकरण कार्यान्वयन र अनुगमन गर्न आवश्यक संस्थागत संरचनाको निर्माण संघीय सरकारसंगको समन्वयमा प्रदेश सरकारले आवश्यकता अनुसार गर्नेछ।

### २. दिगो विकासका लक्ष्य (Goals) तथा परिमाणात्मक लक्ष्यहरू[४] (Quantitative Targets)

दिगो विकासका १७ वटा विश्वव्यापी लक्ष्य र १६९ वटा परिमाणात्मक लक्ष्य रहेका छन्। दिगो विकासका लक्ष्यहरु निम्न बमोजिम छन्:

**दिगो विकास लक्ष्य १** - हरेक क्षेत्रमा रहेको सबै स्वरूपहरूको गरिबीको अन्त्य गर्ने । (End poverty in all its forms everywhere)

**दिगो विकास लक्ष्य २** - भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने । (End hunger, achieve food security and improved nutrition and promote sustainable agriculture)

**दिगो विकास लक्ष्य ३** - सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने । (Ensure healthy lives and promote well-being for all at all ages)

**दिगो विकास लक्ष्य ४** - समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि आजीवन सिकाइका अवसर प्रवर्द्धन गर्ने। (Ensure inclusive and equitable quality education and promote lifelong learning opportunities for all)

**दिगो विकास लक्ष्य ५** - लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला, किशोरी तथा बालिकाहरूलाई सशक्त बनाउने । (Achieve gender equality and empower all women and girls)

**दिगो विकास लक्ष्य ६** - सबैको निम्ति पानी तथा सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने। (Ensure qvailability of sustainable management of water and sanitation for all)

**दिगो विकास लक्ष्य ७** - व्यहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने (Ensure access to affordable, reliable, sustainable and modern energy for all)

**दिगो विकास लक्ष्य ८** - सबैका लागि, स्थिर, समावेशी तथा दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने । (Promote sustained, inclusive and sustainable economic growth, full and productive employment and decent work for all)

[४] दिगो विकासका लक्ष्य, परिमाणात्मक लक्ष्यहरु र राष्ट्रिय सुचाङ्कहरुको लागि राष्ट्रिय योजना आयोगको वेबसाइट http://sdg.npc.gov.np/ मा हेर्नुहुन अनुरोध छ।

**दिगो विकास लक्ष्य ९** - उत्थानशील पूर्वाधारको निर्माण, समावेशी तथा दिगो औद्योगीकरणको प्रवर्द्धन र नवप्रवर्तनलाई प्रेरित गर्ने (Build Resilient infrastructure, promote inclusive and sustainable industrialization and foster innovation)

**दिगो विकास लक्ष्य १०** - देशभित्र तथा देशहरूबीचको असमानता घटाउने । (Reduce inequality within and among countries)

**दिगो विकास लक्ष्य ११** - सहरहरू एवम् मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने । (Make cities and human settlements inclusive, safe, resilient and sustainable)

प्रभावलाई घटाउने।

**दिगो विकास लक्ष्य १२** - दिगो उपभोग तथा उत्पादन प्रणाली र ढाँचाहरू सुनिश्चित गर्ने ।(Ensure sustainable consumption and production patterns)

**दिगो विकास लक्ष्य १३** - जलवायु परिवर्तन र यसका प्रभावसँग जुध्न तत्काल कार्य अघि बढाउने ।(Take urgent action to combat climate change and its impact)

**दिगो विकास लक्ष्य १४** - दिगो विकासको निम्ति महासागर, समुन्द्र र सामुन्द्रिक स्रोत संरक्षण गर्ने ।(Converse and sustainable use the oceans, seas and marine resources for sustainable development)

**दिगो विकास लक्ष्य १५** - भूसतही/भूपरिधिस्तरीय पारिस्थितिजन्य प्रणालीको दिगो उपयोग, रक्षा र पुनर्स्थापन गर्ने, वनको दिगो रूपमा व्यवस्थापन गर्ने, मरुभूमीकरण विरुद्ध लड्ने र जमिनको क्षयीकरण रोक्नुका साथै यसलाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने। (Protect, restore and promote sustainable use of terrestrial ecosystems, sustainably manage forest, combat desertification, and halt and reverse aland degradation and halt biodiversity loss)

**दिगो विकास लक्ष्य १६** - दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच प्रदान गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्था निर्माण गर्ने । (Promote peaceful and inclusive societies for sustainable development, provide access to justice for all and build effective, accountable and inclusive institutions at all levels)

**दिगो विकास लक्ष्य १७** - दिगो विकासका लागि कार्यान्वयनका उपाय साधनलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनः जीवन्त तुल्याउने । (Stengthen the means of implementation and revitalize the global partnership for sustainable development)

## अनुसूची ४ - प्रदेशको पार्श्वचित्र (Profile) को ढाँचा

प्रदेशको पार्श्वचित्रमा समाबेस हुने विषयहरूको सूची

**१. परिचय**

१.१ पृष्ठभूमि

१.२ उद्देश्य

१.३ अध्ययन विधि

१.३.१ वस्तुस्थितिको विवरण

१.३.२ तथ्याङ्क र सूचना संकलन

१.३.३ आधार वर्षको तथ्याङ्क तथा सूचना

१.३.४ तथ्याङ्कको तालिकीकरण

१.३.५ तथ्याङ्कको विश्लेषण

१.४ अध्ययन सीमा

**२. प्रदेशको आधारभूत (भौगोलिक तथा भौतिक) चरित्र**

२.१ भौगोलिक अवस्थिति, सीमाना तथा राजनीतिक, प्रशासनिक विभाजन

२.२ भू-उपयोग

२.३ भू-क्षेत्र (टोपोग्राफी, भिरालोपना)

२.४ माटोको बनावट र उर्वराशक्ति

२.५ भू-क्षय संभावित क्षेत्र

२.६ जलवायु

२.७ जलस्रोत र वनजंगल तथा अन्य प्राकृतिक स्रोतसाधन

**३. जनसंख्याको चरित्र**

३.१ जनसंख्याको आकार (स्थानीय तह तथा जिल्लास्तरीय विवरण)

३.२ जनसंख्याको वृद्धिदर (गा.पा., न.पा. र जिल्ला छुट्टिने गरी)

३.३ जनसंख्याको विश्लेषण

प्रजननदर, जन्म, औषत आयु (महिला र पुरुषको औषत आयु समेत), मृत्यु

(मातृ/बाल/शिशु मृत्युदर र बसाईसराई)

३.४ जनसंख्याको बनावट

(उमेर, उमेर समूह, लिङ्ग, एकल महिला, शहरी तथा ग्रामीण जनसंख्या, जनघनत्व, धर्म, जातजाति तथा भाषागत एवम् अपाङ्गता अनुसार जनसंख्या विवरण)

**४. प्रदेशको आर्थिक स्थिति तथा रोजगारीको स्थिति**

४.१ प्रदेशको अर्थतन्त्रको संरचनात्मक स्वरूप

४.२ कृषि तथा सिंचाई क्षेत्र

- कृषि उत्पादन तथा खाद्यान्न आत्मनिर्भरता (मुख्य कृषि तथा पशुजन्य उत्पादन र फलफूल समेत)
- प्रदेशमा खाद्य सुरक्षाको अवस्था
- सिंचित क्षेत्र तथा सिंचाई प्रणाली

४.३ प्रदेशको अर्थतन्त्रको विशिष्टीकरण

५.४ आर्थिक अन्तरसम्बन्ध

- अन्तरक्षेत्र जस्तै कृषि, वन आदि
- अन्तरप्रदेश आर्थिक सम्बन्ध

४.५ प्रदेशमा वैदेशिक लगानीको स्थिति

४.६ घरपरिवारको आयस्तर तथा गरिबीको स्थिति

४.७ श्रमशक्ति तथा रोजगारी स्थिति

- उमेर समुह १६ देखि २४ सम्मको अवस्था (युवा रोजगारीको अवस्था)
- उमेर समूह २४ देखि ५९ वर्षसम्मको अवस्था
- स्वेदेशी तथा विदेशी रोजगारीको अवस्था (लिंग तथा जातजाति अनुसार)

४.८ उद्योग तथा खानी क्षेत्रको स्थिति

- औद्योगिक विकासको स्थिति तथा औद्योगिक उत्पादन (ठूला, मझौला, लघु, घरेलु तथा साना समेत)
- प्रमुख प्रादेशिक उत्पादनको बजारीकरण र प्रतिष्पर्धाको स्थिति
- उद्यमशीलता, सिप विकास, बजारीकरण, कर्जा, बजार सूचनामा उद्यमीको पहुँचको स्थिति
- कच्चा पदार्थको उपलब्धता तथा उपयोगको स्थिति
- खानी स्रोत तथा उपयोग
- अन्य उद्योग तथा खानीजन्य विवरण

४.९ व्यापार, पर्यटन तथा सेवा क्षेत्रको स्थिति

- थोक तथा खुद्रा व्यापार
- निकासी, पैठारी स्थिति
- ढुवानी तथा भण्डार
- वित्तीय तथा व्यवसाय सेवा
- पर्यटन क्षेत्र

४.१० आर्थिक विकासका अन्य क्षेत्रहरू

## ५. भौतिक तथा सार्वजनिक पूर्वाधारको स्थिति

५.१ सडक यातायात

(सडक यातायातको स्थिति, सडक वर्गीकरण तथा सडक घनत्व र सडक पुनर्निर्माणको अवस्था)

५.२ अन्य यातायातका साधनको (हवाइ यातायात, जल यातायात र रोपवे, रेल)

५.३ सूचना प्रविधि तथा सञ्चार क्षेत्रको स्थिति

(हुलाक, टेलिफोन, मोबाइल, इन्टरनेट टेलिभिजन, पत्रपत्रिका, रेडियो)

५.४ विद्युत तथा अन्य वैकल्पिक ऊर्जाको स्थिति

५.४.१ विद्युतीकरणको अवस्था

- उर्जा उपलब्धता र प्रयोगको अवस्था
- ठूला तथा मझौला जलविद्युत
- लघु तथा साना जलविद्युत, नवीकरणीय ऊर्जा विकास र तिनीहरूको परिप्रयोगको सम्भावना
  (वायोग्यास, सौर्य ऊर्जा, सुधारिएको घट्ट, उन्नत चुल्हो वायो ब्रिकेट जैविक इन्धन)

५.५ खानेपानी तथा सरसफाईको स्थिति

- शहरी तथा ग्रामीण खानेपानी आपूर्ति र पहुँच स्थिति
- शहरी तथा ग्रामीण सरसफाईको स्थिति
- खानेपानीका सम्भावित स्रोतहरू र तिनको उपयोगको स्थिति

- विद्यालयहरूमा खानेपानी तथा सरसफाइ (छात्र र छात्राका लागि) सुविधाको स्थिति
- खुल्ला दिशामुक्त क्षेत्रको स्थिति

५.६ ढल निकास र फोहोरमैला संकलन तथा व्यवस्थापन

५.७ नदी नियन्त्रण

## ६. सामाजिक क्षेत्रको स्थिति

६.१ शिक्षा

- प्रदेशको शैक्षिक तथा साक्षरता स्थिति (न.पा. र गा.पा. र जिल्ला छुट्टिने गरी)
- शिक्षा सेवा तथा सुविधा, पूर्वाधारको अवस्था
- मानव संसाधनको माग र आपूर्तिको स्थिति
- बाल विकास छात्र छात्राको अवस्था
- विद्यालय भर्ना दर तथा परित्याग दर, (आधारभूत र माध्यामिक तह)
- वैकल्पिक एवम् अनौपचारिक शिक्षा
- उच्च शिक्षा, क्याम्पस, विश्वविद्यालय आदिको स्थिति

६.२ स्वास्थ्य

- स्वास्थ्य सेवा सुविधाको स्थिति
  उपस्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, आयुर्वेद, अस्पताल, निजी अस्पताल, विशिष्टीकृत अस्पताल (क्यान्सर, मुटु मृगौला आदि), वर्थिङ्ग केन्द्र तथा शिशु स्याहार केन्द्र, औषधी पसल, शिक्षण अस्पताल र अस्पताल शैया, खोपको अवस्था, निशुल्क उपचार तथा औषधी उपलब्धताको अवस्था, स्वास्थ्य संस्थामा मानव संसाधनको स्थिति (डाक्टर, नर्स, स्वास्थ्यकर्मी)
- स्वास्थ्य तथा पोषणको अवस्था
  (कोरा जन्म तथा मृत्यु दर, मातृस्वास्थ्य, महिला स्वास्थ्य, HIV/AIDS को स्थिति (संक्रमित, प्रभावित संख्या, जोखिम क्षेत्र, सही जानकारी भएको १५ देखि २४ वर्ष उमेर समूह), पोषण, प्रमुख रोगहरू र तिनको रोकथाम
- स्वास्थ्य बीमाको स्थिति

६.३ खेलकुद तथा मनोरञ्जन

(रंगशाला, कवर्ड हल, पौडी पोखरी, व्यायाम केन्द्र, खेल प्रशिक्षण केन्द्र, चलचित्र घर तथा नाटक घर र सांस्कृतिक केन्द्र)

६.४ समाज कल्याण तथा सामाजिक सुरक्षा

- बालगृह र बृद्धाआश्रमको स्थिति
- सडक बालबालिकाको स्थिति
- सामाजिक सुरक्षा भत्ता प्रासकर्ता र नागरिकको स्थिति
- छात्रवृत्ति र पोषण भत्ता वितरणको स्थिति

६.५ नागरिक सुरक्षा सेवा

(अपराधिक घटनाको प्रकृति र प्रवृत्ति, जनसंख्या प्रहरीको अनुपात, महिला प्रहरी, सुरक्षा अवस्था)

६.६ महिला तथा बालबालिकाको विकास स्थिति

- शैक्षिक स्थिति र पहुँच
- स्वास्थ्य स्थिति तथा प्रजनन् स्वास्थ्य
- सीप विकास र क्षमता विकासको स्थिति
- रोजगार स्थिति र पहुँच (स्वदेशी तथा विदेशी रोजगारी, समग्र आर्थिक विकासको स्थिति)
- वैवाहिक स्थिति बालविवाह
- समग्र सामाजिक स्थिति (भेदभाव, छुवाछुत, महिला विरुद्ध हिंसा)

- सामुदायिक र राजनीतिक क्रियाकलापमा महिला सहभागिता र प्रतिनिधित्व
- सेवा र सुविधा माथिको पहुँच र नियन्त्रण विकासको हरेक चरणमा महिला तथा पिछडिएका वर्गको सहभागिता तथा विकासको प्रतिफलबाट लाभान्वित
- जन्म दर्ता विवाह दर्ता मृत्यु दर्ता
- एकल महिलाको स्थिति विधवा
- द्वन्दपिडित महिला, बालबालिकाको संख्या
- बालश्रमको अवस्था
- उपेक्षामा परेका र अभिभावकविहीन बालबालिकाको अवस्था
- समुदायमा आधारित बाल संरक्षण प्रणाली
- पीडित महिला बालबालिकाको न्यायमा पहुँचको स्थिति
- महिला बालबालिकाको लागि अल्पकालीन आश्रयस्थलको स्थिति
- वृद्धाश्रमको अवस्था
- महिला बालबालिका घरमूली रहेको अवस्था

६.७ पछाडि परेका उत्पिडित, दलित तथा जनजातिको स्थिति

- (शैक्षिक स्थिति, गरिबीको स्थिति, रोजगारीको स्थिति, स्वास्थ्य स्थिति)
- समग्र सामाजिक स्थिति नियन्त्रण र शक्ति विश्लेषण (निर्णय प्रक्रियामा पहुँच)
- सामुदायिक र राजनीतिक क्रियाकलापमा सहभागिता र प्रतिनिधित्व तथा
- सेवा र सुविधा माथिको पहुँच

६.८ अपाङ्गता भएकाको अवस्था

६.९ लैङ्गिक अल्पसंख्यकको स्थिति

**७. वन, वातावरण तथा जलवायु परिवर्तनको स्थिति**

७.१ वन क्षेत्रको स्थिति

७.२ वन संरक्षण तथा जैविक विविधता

७.३ वन उत्पादन तथा सामदायिक सहभागिता

७.४ वन पैदावारको माग तथा आपूर्ति स्थिति

७.५ शहरी वातावरण स्थिति

(वायु तथा जलीय प्रदूषण, ध्वनि प्रदूषण, माटो-जमिन प्रदूषण, फोहरमौला व्यवस्थापन, अन्य वातावरणीय समस्याहरू र ढल निकास)

७.६ ग्रामीण वातावरण स्थिति

- भूक्षय तथा बाढीपहिरो, नदी कटान
- वन डढेलो
- घरभित्रको वायु प्रदूषण अन्य वातावरणीय समस्या

७.७ जलाधारको अवस्था

७.८ बाढी, पहिरो, नदी कटान, हुरी बतासबाट सम्भावित जोखिमको अवस्था

**८. संस्थागत स्रोत तथा क्षमता**

८.१ वित्तीय स्रोत तथा क्षमता विश्लेषण

- प्रदेश सरकार
- प्रदेशमा गैसस र नगारिक समाजहरूको क्षमता विकास र वित्तीय अवस्था

८.२ आर्थिक स्रोत तथा आय

- आन्तरिक स्रोत स्थिति तथा प्रक्षेपण
- अनुदान, सहयोग तथा राजस्व बाँडफाँटबाट प्राप्त रकम र सो को प्रक्षेपण

८.३ आर्थिक स्रोत परिचालन तथा आय स्थिति

८.४ जनसहभागिता परिचालन स्थिति तथा प्रक्षेपण

८.५ सुशासनको अवस्था

- सूचना तथा अभिलेख केन्द्र व्यवस्थापन
- नागरिक समाज, संगठनको प्रवर्द्धनको स्थिति
- योजना, आयोजना र कार्यक्रमहरूको अनुगमन
- बालबालिका, महिला, दलित, जनजाति समितिहरूको प्रभावकारिता स्थिति
- प्रदेश स्तरमा गठित समिति र तिनीहरूको क्रियाशीलता
- नागरिक वडापत्रको अनुगमन स्थिति

८.६ योजना तथा कार्यान्वयन क्षमता विश्लेषण

- योजना तथा कार्यान्वयनको लागि संस्थागत स्वरूप
- संस्थागत समन्वय तथा संजाल
- स्रोत उपयोग स्थिति (शीर्षकगत खर्च विश्लेषण, सञ्चालन आयोजना संख्या र आयोजना सम्पन्न गर्ने दर, विनियोजित रकम निकासा र खर्च स्थिति)

८.७ प्रदेशमा दिगो विकास लक्ष सूचकको अवस्था

# अनुसूची ५ - प्रादेशिक आवधिक योजनाको खाका

आधारपत्र र मूल दस्तावेजको खाका

**परिच्छेद १: परिचय**

- १.१ पृष्ठभूमि
- १.२ प्रदेशको वस्तुस्थिति विवरण
- १.३ प्रदेशको विकासको समीक्षा

**परिच्छेद २: प्रादेशिक योजना**

- २.१ पृष्ठभूमि
- २.२ चुनौती तथा अवसर
- २.३ योजना खाका
    - २.३.१ प्रादेशिक सोच
    - २.३.२ प्रादेशिक लक्ष्य
    - २.३.३ प्रादेशिक उद्देश्य
    - २.३.४ परिमाणात्मक लक्ष्य
    - २.३.५ रणनीति
- २.४ समष्टिगत आर्थिक लक्ष्य र खाका
    - २.४.१ आर्थिक वृद्धिदर
    - २.४.२ लगानीको आवश्यकता र स्रोत
    - २.४.३ सार्वजनिक स्रोत व्यवस्था
    - २.४.४ अन्तरसरकारी वित्त
    - २.४.५ स्रोत साधनको बाँडफाँट तथा परिचालनका आधार

**परिच्छेद ३: समष्टिगत आर्थिक नीति**

- ३.१ सार्वजनिक वित्त
    - ३.१.१ सार्वजनिक खर्च
    - ३.१.२ राजस्व
    - ३.१.३ वैदेशिक सहायता परिचालन
    - ३.१.४ सार्वजनिक ऋण
- ३.२ सार्वजनिक, निजी र सहकारी साझेदारी
- ३.३ वैदेशिक लगानी

**परिच्छेद ४: आर्थिक क्षेत्र**

- ४.१ कृषि तथा प्राकृतिक स्रोत व्यवस्थापन
    - ४.१.१ कृषि विकास
    - ४.१.२ पशुपन्छी विकास
    - ४.१.३ खाद्य सुरक्षा तथा पोषण
    - ४.१.४ सिंचाइ
    - ४.१.५ भूमि व्यवस्था
    - ४.१.६ जलस्रोत
    - ४.१.७ वन तथा वनस्पति सम्पदा
    - ४.१.८ खनिज सम्पदा

- ४.२ उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन
    - ४.२.१ उद्योग
    - ४.२.२ वाणिज्य
    - ४.२.३ आपूर्ति
    - ४.२.४ पर्यटन

**परिच्छेद ५: सामाजिक क्षेत्र**

५.१ जनसंख्या तथा बसाइँसराइ

५.२ शिक्षा

५.३ स्वास्थ्य तथा पोषण

५.४ खानेपानी तथा सरसफाइ

५.५ युवा

५.६ महिला

५.७ बालबालिका तथा किशोरकिशोरी

५.८ ज्येष्ठ नागरिक

५.९ अपाङ्गता भएका व्यक्ति

५.१० खेलकूद

५.११ सामाजिक सुरक्षा तथा संरक्षण

**परिच्छेद ६: पूर्वाधार क्षेत्र**

६.१ ऊर्जा

६.१.१ जलविद्युत्

६.१.२ वैकल्पिक तथा अन्य ऊर्जा

६.२ यातायात पूर्वाधार

६.२.१ सडक

६.२.२ केबलकार, रज्जुमार्ग तथा अन्य यातायात

६.२.३ यातायात व्यवस्थापन

६.३ सञ्चार तथा सूचना प्रविधि पूर्वाधार

६.४ प्रादेशिक तथा स्थानीय पूर्वाधार

६.५ विज्ञान तथा प्रविधि

६.६ सहरी विकास

६.७ ग्रामीण विकास

६.८ आवास तथा बस्ती विकास

६.९ पुनर्निर्माण

**परिच्छेद ७: लोकतन्त्र र सुशासन**

७.१ राष्ट्रिय एकता

७.२ सुरक्षा

७.३ शान्ति र सुव्यवस्था

७.४ नेतृत्व निर्माण

७.५ मानव अधिकार

७.६ न्याय प्रणाली

७.७ संघीय शासन प्रणाली

७.८ प्रादेशिक तथा स्थानीय तहको सन्तुलित विकास

७.९ शासकीय सुधार

७.१० प्रशासकीय सुशासन

७.११ वित्तीय सुशासन

७.१२ भ्रष्टाचार निवारण

७.१३ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण

**परिच्छेद ८: अन्तरसम्बन्धित विषय**

८.१ तथ्यांक प्रणाली

८.२ गरिबी निवारण

८.३ श्रम तथा रोजगारी

८.४ मानव संसाधन विकास

८.५ अनुसन्धान तथा विकास
८.६ उद्यमशीलता विकास
८.७ समानता
८.८ समावेशीकरण
८.९ सामाजिक सुधार
८.१० सामाजिक सांस्कृतिक विविधता
८.११ विपद् व्यवस्थापन
८.१२ वातावरण
८.१३ जलवायु परिवर्तन
८.१४ सामुदायिक साझेदारी र गैरसरकारी संस्था

**परिच्छेद ९: योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन**

९.१ योजना तर्जुमा
९.२ आयोजना बैंक
९.३ संस्थागत तथा कार्यान्वयन व्यवस्था
९.४ तहगत सम्बन्ध तथा अन्तरसरकार समन्वय
९.५ जोखिम व्यवस्थापन
९.६ अनुगमन तथा मूल्याङ्कन

**परिच्छेद १०: प्रादेशिक आवधिक योजनाको नतिजाखाका**

१०.१ पृष्ठभूमि
१०.२ नतिजाखाकामा समावेश गरिएका विषयहरु
(विषयक्षेत्रगत आधारमा समावेश भएका विषयहरु उल्लेख गर्ने)
१०.३ नतिजाखाकाको प्रयोग
(मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम)
१०.४ नतिजा सूचक
(विषय क्षेत्रगत रुपमा विभाजन गरी विषयक्षेत्रगत नतिजाखाकाबाट समावेश गर्ने)

**विषय क्षेत्रगत खाका**

१. पृष्ठभूमि
२. प्रमुख समस्या
३. चुनौती तथा अवसर
४. क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच
४.२ लक्ष्य
४.३ उद्देश्य
४.४ रणनीति
४.५ कार्यनीति
४.६ प्रमुख कार्यक्रम (आधारपत्रमा समावेश गर्नु नपर्ने)
४.७ अपेक्षित उपलब्धि

५. नतिजा खाका (आधारपत्रमा समावेश गर्नु नपर्ने)

| क्र.सं. | प्रमुख नतिजा (Key Results) | एकाई | आधार वर्ष २०७५/७६ अनुमानित | आ.व. २०८०/८१ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | प्रभाव | | | | | | |
| | असर | | | | | | |
| | प्रतिफल | | | | | | |

**आवधिक योजनाको अवधारणा-पत्रको खाका**

१. पृष्ठभूमि
२. योजनाको आवश्यकता र औचित्य
३. विद्यमान अवस्था
४. योजना खाका
    ४.१ प्रादेशिक सोच
    ४.२ प्रादेशिक लक्ष्य
    ४.३ उद्देश्य
    ४.४ प्रादेशिक रणनीति
५. विषयवस्तु
६. तर्जुमा विधि तथा प्रक्रिया
७. अपेक्षित नतिजा
८. जोखिम पक्ष तथा अनुमान
९. अनुसूचीहरु
    अनुसूची १. प्रादेशिक आवधिक योजनाको विषयसूची
    अनुसूची २. समय तालिका

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय / महाशाखा | सहयोगी | समय सीमा |
|---|---|---|---|---|
| १ | | | | |

## अनुसूची ६ - प्रादेशिक मध्यमकालीन खर्च संरचनाको ढाँचा

**परिच्छेद १ परिचय**

१.१ पृष्ठभूमि
१.२ अवधारणा तथा उद्देश्य
१.३ संस्थागत व्यवस्था
१.४ तर्जुमा प्रक्रिया

**परिच्छेद २ मध्यमकालीन खर्च संरचना**

२.१ पृष्ठभूमि
२.२ सोच, उद्देश्य तथा रणनीति
२.३ मध्यमकालीन खर्च संरचनाको त्रिवर्षीय बजेट अनुमान तथा प्रक्षेपण
२.४ बजेट अनुमान तथा प्रक्षेपणको विवरण
२.५ प्रमुख विषय क्षेत्रगत आधारमा खर्चको अनुमान तथा प्रक्षेपण

**परिच्छेद ३: आर्थिक क्षेत्र**

३.१ अर्थ
३.२ वन तथा वातावरण
३.३ उद्योग वाणिज्य तथा आपूर्ति
३.४ पर्यटन
३.५ श्रम तथा रोजगारी

**परिच्छेद ४: कृषि, सहकारी तथा भूमिव्यवस्था**

४.१ कृषि
४.२ पशुपन्छी
४.३ भूमिव्यवस्था
४.४ सहकारी तथा गरिबी निवारण

**परिच्छेद ५: सामाजिक क्षेत्र**

५.१ शिक्षा
५.२ विज्ञान तथा प्रविधि
५.३ स्वास्थ्य
५.४ युवा तथा खेलकुद
५.५ महिला, बालबालिका तथा समाज कल्याण
५.६ खानेपानी तथा सरसफाई

**परिच्छेद ६: पूर्वाधार क्षेत्र**

६.१ उर्जा
६.२ सिँचाई तथा जल उत्पन्न प्रकोप व्यवस्थापन
६.३ भौतिक पूर्वाधार तथा यातायात व्यवस्था
६.४ भवन, आवास तथा सहरी विकास
६.५ सूचना तथा सञ्चार

**परिच्छेद ७: शासकीय तथा अन्तरसम्बन्धित क्षेत्र**

७.१ प्रदेश संसद
७.२ प्रदेश मन्त्रिपरिषद्
७.३ आन्तरिक मामिला, शान्ति सुरक्षा, कानून, न्याय तथा संसदीय मामिला
७.४ अर्थ-विविध

## अनुसूची ७ - प्रादेशिक मध्यमकालीन खर्च संरचना दस्तावेजमा समावेश हुने विषयवस्तु (विषय क्षेत्रगत मात्र)

### १. पृष्ठभूमि

विषय क्षेत्रसँग सम्बन्धित प्रादेशिक सन्दर्भ, वर्तमान अवस्था, दिगो विकास लक्ष्या सम्बन्धमा विषय क्षेत्रगत व्यवस्था र विषय क्षेत्रगत नीति, रणनीति एवम् प्रदेश सरकारको क्षेत्रगत प्राथमिकता तथा प्रतिबद्धता समेटेर एक अनुच्छेदमा र बढीमा आधा पृष्ठसम्म लेख्न सकिने ।

### २. समस्या तथा चुनौती

यस क्षेत्रका कार्यक्रम कार्यान्वयनमा विद्यमान प्रमुख समस्या दुई वाक्यमा नबढ्ने गरी एक अनुच्छेद तथा आगामी दिनमा सामना गर्नुपर्ने चुनौती समेत गरी एक अनुच्छेदमा लेख्न सकिने ।

### ३. सोच

प्रादेशिक योजना (हाल १४ औं योजना) मा उल्लिखित विषयक्षेत्रगत सोच लेख्ने, एकभन्दा बढी क्षेत्रको भएमा सबै क्षेत्रको सोच लेख्ने र कोष्ठमा क्षेत्र खुलाउँदा उपयुक्त हुने ।

### ४. उद्देश्य

प्रादेशिक योजनामा उल्लिखित विषय क्षेत्रगत उद्देश्य लेख्ने, एक भन्दा बढी क्षेत्रको भएमा सबै क्षेत्रको उद्देश्य लेख्ने र कोष्ठमा क्षेत्र खुलाउन उपयुक्त हुने । कुनै विषय क्षेत्रमा नयाँ उद्देश्य समावेश गरेमा सो पनि खुलाउन उपयुक्त हुने।

### ५. रणनीति

प्रादेशिक योजनामा उल्लिखित विषय क्षेत्रगत रणनीति लेख्ने, एकभन्दा बढी क्षेत्रको भएमा सबै क्षेत्रको रणनीति लेख्ने र कोष्ठमा क्षेत्र खुलाउने । कुनै विषय क्षेत्रमा नयाँ रणनीति समावेश गरेमा सो पनि खुलाउन सकिने ।

### ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य (दफा १७ (२) (ङ, छ))

नेपाल सरकारको मध्यमकालीन खर्च संरचनाका विषयक्षेत्रसँग सम्बन्धित नतिजा सूचक उल्लेख गर्ने आ.व. २०७६/७७ मा प्रदेश स्तरको विवरण भएमा सो विवरण उल्लेख गर्ने । आगामी ३ आ.व. को लक्ष्य निर्धारण गर्दा प्रादेशिक योजनालाई मूलआधार मानी प्रदेशस्तरमा हासिल गर्ने लक्ष्य उल्लेख गर्ने र सो विषय क्षेत्रसम्बन्धी प्रदेश सरकारको प्राथमिकता र प्रतिबद्धता एवम् सन् २०१९ र २०२२ मा दिगो विकास लक्ष्यसम्बन्धी राष्ट्रिय लक्ष्यलाई आधार मान्न सकिने ।

**विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाई | आ.व. २०७४/७५ सम्मको वास्तविक उपलब्धि | आ.व. २०७५/७६ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (दफा १७ (२) (घ))**
अनुसूची १ र २ को आधारमा तयार गर्ने

**विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आ.व. | बजेट अनुमान | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | वैदेशिक अनुमान | वैदेशिक ऋण |
| २०७६/७७ | | | | | | | |
| २०७७/७८ | | | | | | | |
| २०७८/७९ | | | | | | | |

**८. कार्यक्रम / आयोजनाको संक्षिप्त विवरण (दफा १७ (२) (क), (ख), (ग))**
उद्देश्य तथा पुष्ट्याई संक्षिप्तमा लेख्ने (जस्तैः गरिबी निवारण, क्षमता विकास) । कार्यक्रम वा आयोजनाको सुरु र समाप्त हुने मिति अनिवार्य रुपमा खुलाउने । सालबसाली प्रकृतिका कार्यक्रम भएमा ५ वर्षको अवधिलाई एक चरण मानी सो अनुसार उल्लेख गर्ने र आयोजना अवधिको कुल लागत उल्लेख गर्ने । साधारण प्रशासनतर्फ अवधि र लागत उल्लेख गर्नु नपर्ने । आगामी तीन वर्षको उपलब्धि सूचक उल्लेख गर्दा परिमाण खुलाउने तथा खुलाउन नसकिने प्रकृतिको भएमा छोटो बुँदामा उल्लेख गर्ने ।

**कार्यक्रम / आयोजनाको संक्षिप्त विवरण**

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्देश्य | आयोजना अवधि (शुरु र समाप्ति) | लगत तथा पुष्ट्याइँ | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत (रु. लाखमा) (अर्ब) | पुष्टयाई | |
| १ | २ | ३ | ५ | ६ | ७ | ८ |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**९. जोखिम पक्ष तथा अनुमान**
आगामी तीन वर्षमा कार्यक्रम कार्यान्वयन गर्दा आइपर्ने सम्भावित जोखिमको आँकलन तथा सम्बोधन सहित २ वाक्यमा बढीमा एक अनुच्छेद लेख्ने । पहिलो वाक्यमा उल्लेख प्रमुख अनुमान उल्लेख गर्ने । दोस्रो वाक्यमा उक्त कार्यहरु नभएमा अपेक्षित उपलब्धि हासिल नहुने कस्तो जोखिम रहन्छ, उल्लेख गर्ने ।

## १०. कार्यक्रमको प्राथमिकीकरण, सांकेतीकरण तथा त्रिवर्षीय खर्च अनुमान (दफा १७ (२) (च)

### अनुसूची १

### कार्यक्रमको प्राथमिकीकरण, सांकेतीकरण तथा त्रिवर्षीय खर्च अनुमान

(रकम रु. लाखमा)

| क्र. सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना | आ.व. २०७६/७७ को विनियोजन | | | | आ.व. २०७७/७८ को खर्च अनुमान | | | | आ.व. २०७८/७९ को खर्च अनुमान | | | | रणनीतिक स्तम्भ | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य संकेत | गरिबी न्यूनीकरण संकेत | लैंगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय | कुल | चालु | पुँजीगत | वित्तीय | कुल | चालु | पुँजीगत | वित्तीय | | | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |

- प्रदेशको कार्यक्रमको प्राथमिकीकरण तथा सांकेतीकरण सम्बन्ध उल्लेख भएबमोजिम गर्ने ।
- त्रिवर्षीय खर्च अनुमान विषयगत मन्त्रालय वा निकायले उपलब्ध गराउने ।
- उक्त खर्च अनुमान गर्दा सूत्रमा उल्लेख गरिएको भएमा सोलाई आधार मान्ने ।
- आ.व. २०७६/७७ को बजेट अनुमान खर्च तथा स्रोत प्रदेश सभामा प्रस्तुत भएको बजेट रकम उल्लेख गर्ने। सो समेतको आधारमा पछिल्ला दुई वर्षको खर्चको प्रक्षेपण गर्ने ।
- खर्च प्रक्षेपण गर्दा आगामी आ.व. मा सम्पन्न हुने आयोजनाका लागि पर्याप्त रकमको व्यवस्था गर्ने तथा सो सम्पन्न हुने अवधिपछि रकम व्यवस्था गर्ने ।
- सशर्त अनुदान अन्तरगत संचालन हुने कार्यक्रमको प्रकृति हेरी बढ्दो वा घट्दो प्रवृत्तिमा प्रक्षेपण गर्ने ।
- साधारण खर्चको हकमा तलब बाहेकको खर्चमा मुद्रास्फितिलाई आधार मान्ने ।
- स्रोत समितिले आँकलन गरेको स्रोतभित्र रहेर मात्र कुल खर्च प्रक्षेपण गर्ने ।
- प्रक्षेपण गर्दा रकम बाँकी रहेमा नयाँ कार्यक्रम वा आयोजनाको लागि बाँकी रकम एकमुष्ट अनुमान गर्ने ।

## ११. त्रिवर्षीय खर्चको स्रोत प्रक्षेपण (दफा १७ (२) (ङ))

- अनुसूची १ मा उल्लिखित कार्यक्रमगत खर्चको स्रोतको विवरण उल्लेख गर्ने, वैदेशिक सहायता अनुमान गर्दा सम्झौता भइसकेको वा प्रतिबद्धताको क्रममा रहे सोको पुष्टयाईं सहित तयार गर्ने ।
- नेपाल सरकारबाट प्राप्त हुने अनुदान तथा वैदेशिक सहायताको रकम एकिन भएपछि मात्र बाँकी रकम प्रदेश सरकारबाट व्यहोर्ने व्यवस्था गर्ने ।

## १२. प्रति एकाइ लागत अनुमान

### अनुसूची २

### प्रति एकाई लागत अनुमान

| क्र.सं. | विषय क्षेत्र | प्रतिफल | एकाई | प्रति एकाई लागत (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | | २ | ३ | ४ | ५ |

# अनुसूची ८ - आयोजना बैंक (Project Bank)

## १. पृष्ठभूमि

वर्तमान नेपाल सरकारले देशको आर्थिक विकास र समृद्धि प्राप्तिको लागि "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन लक्ष्य निर्धारण गरेको छ । नेपालले योजनाबद्ध विकास प्रयासमा विभिन्न योजनाहरु तर्जुमा गर्दै आएको छ तर योजनाको उपलब्धी लक्ष्यअनुरुप हुन सकिरहेको छैन । वास्तवमा आवधिक योजना तर्जुमाले मात्र योजनामा उल्लिखित उद्देश्य एवम् लक्ष्यहरु प्राप्त हुँदैनन् । यसका लागि गुणस्तरीय र कार्यान्वयनयोग्य आयोजना तर्जुमा, छनौट र प्रभावकारी कार्यान्वयन आवश्यक पर्दछ । विद्यमान परिस्थितिमा तत्काल आयोजना कार्यान्वयनमा लिएर जान सकिने आयोजनाहरुको विवरण समेत तयार गरिएको पाइँदैन ।

## २. आवश्यकता

विकास आयोजनाको चक्रका चरणहरु मध्ये आयोजना तर्जुमा (Project formulation) पहिलो चरण हो । यस चरणमा आयोजनाको पहिचान, पूर्व सम्भाव्यता अध्ययन, विस्तृत सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन (Detailed Project Report) को आधारमा मात्र आयोजनाको सहि पहिचान र त्यसको प्राथमिकता निर्धारण गर्न सकिन्छ । यथार्थमा आयोजनाको कार्यान्वयन गर्ने गरिका र प्रक्रियागत विधि विगत र वर्तमानमा खासै फरक नदेखिएको परिस्थितिमा नेपालको आर्थिक समृद्धितर्फको अभियानमा ठूलो बाधकको रुपमा रहेको छ ।

नेपालको सन्दर्भमा धेरैजसो विकास आयोजनाहरु वैदेशिक सहयाताबाट सञ्चालन हुने भएकाले आयोजनाहरु दातामुखी (Donor-driven) का रुपमा रहेका छन् । यी आयोजनाहरुको पहिचान र सम्भाव्यता अध्ययन पनि दातृ निकायबाट गरिने भएबाट राष्ट्रको आवश्यकता, क्षमता र प्रविधि ग्रहण क्षमता भन्दा फरक आयोजनाहरु पनि छनौट भइ कार्यान्वयन हुने अवस्था रहेको छ । यसबाट वैदेशिक सहायताको प्रभावकारिता बढाउनको निम्ति पेरिस घोषणा, २००५ (Paris Declaration, 2005) का पाँच (५) सिद्धान्तमध्ये राष्ट्रिय स्वामित्व (Country Ownership) लाई अभिवृद्धि गर्ने सिद्धान्तको विषयले वास्तवमा व्यवहारमा प्राथमिकता पाउन सकेको छैन । विकास आयोजनालाई राष्ट्रको प्राथमिकता अनुरुप बनाउन र राष्ट्रिय स्वामितत् अभिवृद्धि गर्न आयोजना बैंक (Project Bank) को अवधारणाले सहयोग पुर्‍याउँछ ।

वास्तवमै तदर्थवाद र कुनै तयारी बिना हचुवाको भरमा आयोजना छनौट र कार्यान्वयन गर्दा आयोजना कार्यान्वयन चरणमा विभिन्न समस्या र जोखिम पहिचान हुन नसकि यस्ता आयोजनाले अपेक्षित प्रतिफल दिन सकिरहेको छैन र कतिपय अवस्थामा प्रत्युत्पादक समेत बन्न पुगेका छन् । यी समस्या समाधान गरी बढी प्रतिफलमुखी वित्तीय र आर्थिक रुपमा सम्भाव्य (Financially and economically viable) आयोजना छनौट गरी गर्न आयोजना बैंक आवश्यक छ । तसर्थ यसै विषयलाई मध्यनजर गर्दै राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ को दफा ६ (क) को उपदफा (४) मा लागत, लाभ लगायतका विविध विश्लेषणका आधारमा आयोजना बैंक निर्माण गर्ने / गराउने प्रावधान रहेको छ । यस्तो आयोजना बैंक प्रदेश र स्थानीय तहमा समेत निर्माण गर्नु जरुरी छ ।

## ३. उद्देश्य

- प्रतिफलमुखी वित्तीय र आर्थिक रुपमा सम्भाव्य (Financially and economically viable) आयोजना छनौट गर्नु।
- आयोजनामा राष्ट्रिय स्वामित्व (Country Ownership) लाई अभिवृद्धि गर्नु ।

## ४. आयोजना बैंक निर्माणका लागि गर्नुपर्ने कार्य

### क. कार्यान्वयन चरणमा रहेका आयोजनाको हकमा

- आयोजना बैंक निर्माण गर्ने सम्बन्धमा विषय-क्षेत्रगत मन्त्रालय / निकायबाट विवरण माग गर्ने,
- प्राप्त भएका त्यस्ता आयोजनाका विवरण, अध्ययन प्रतिवेदनको चरण र अवस्था समेलाई मध्यनजर गरी आयोजनाको प्राथमिकीकरण गरी आयोजना अद्यावधिक गर्ने,
- आयोजनाको कार्यान्वयन तह समेतलाई विचार गरी आयोजनाहरुको वर्गीकरणको आधार समेत स्पष्ट हुने गरी आयोजना बैंकको व्यवस्थापन गर्ने, र
- यसरी प्रोजेक्ट बैंकमा समावेश गरिएका आयोजनाको कार्यान्वयनका लागि प्रदेश नीति तथा योजना आयोग वा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्वस्वीकृति अनिवार्य गर्ने ।

**ख. नयाँ आयोजनाको हकमा**

- विषय-क्षेत्रगत मन्त्रालय / निकायले आ-आफ्नो आवश्यकता अनुसार आयोजनाको पहिचान गर्ने,
- पहिचान गरिएका आयोजनाको पूर्व सम्भाव्यता अध्ययन गर्ने र आवश्यकता अनुसार विस्तृत सम्भाव्यता अध्ययन गर्ने,
- आयोजनाको विश्लेषण गरि वित्तीय, आर्थिक, सामाजिकी र वातावरणीय रुपमा सम्भाव्य आयोजनाको सूची (आयोजना बैंक) तयार गर्ने,
- सूचीमा परेका आयोजनालाई अनुसूची १२ मा दिइएको आयोजना प्राथमिकीकरणका आधारमा प्राथमिकीकरण गर्ने,
- प्राथमिकीकरणमा परेका आयोजना मध्ये आयोजनाको प्राथमिकता क्रम, उपलब्ध स्रोत साधन र कार्यान्वयन क्षमता समेतलाई ध्यानमा राख आयोजना कार्यान्वयनको लागि छनौट गरी बजेट विनियोजन गर्ने ।

## अनुसूची ९ - आयोजना प्रस्ताव (Project Proposal) को ढाँचा

**१. आयोजनाको परिचय**

- आयोजनाको नाम
- लक्ष्य
- उद्देश्य
- कार्यान्वयन अवधि
  सुरु-आ.व. समाप्ति (आ.व.)
- कार्यान्वयन हुने क्षेत्र
  जिल्लाः गाउँपालिका / नगरपालिकाः

**२. आयोजनाको कुल लागत**

- विकास तथा निर्माण लागत
- सञ्चालन लागत
- अन्य लागत

**३. वित्तीय स्रोत**

**४. अपेक्षित प्रतिफल**

**५. आयोजनाको प्रमुख क्रियाकलाप**

**६. आयोजनाको वित्तीय र आर्थिक विश्लेषण**

**७. आयोजना कार्यान्वयन तथा खर्च योजना**

**८. आयोजना कार्यान्वयनमा आवश्यक जनशक्ति र प्रमुख निर्माण सामग्री**

**९. आयोजना सञ्चालन प्रस्ताव**

**१०. सञ्चालन प्रबन्ध**

- खर्च अनुमान (कम्तीमा ३ वर्षको)
- उपभोक्तालाई खर्च गर्ने भए नेपाल सरकारको सहयोग आवश्यक पर्ने वा नपर्ने
- सम्भावित आय आर्जन (कम्तीमा ३ वर्षको)

## अनुसूची १० - आयोजना विश्लेषण प्रक्रिया

१. आयोजनाको लगानी योग्यता र औचित्यता मापनको आधार
२. आयोजना छनौट (स्वीकृत वा अस्वीकृत गर्ने औजार)
३. विधि

- आर्थिक औचित्यता
- लागत लाभ विश्लेषण
- लागत प्रभावकारिता

**आर्थिक विश्लेषण**

१. आयोजनाको उद्देश्य र आर्थिक औचित्यता
२. आर्थिक लागत विश्लेषण
३. लाभ मापन सकिने आयोजना
  - लागत लाभ विश्लेषण

४. लाभ मापन गर्न नसकिने आयोजना
  - लागत प्रभावकारिता विश्लेषण (न्यूनतम लागत)

५. निष्कर्ष र सुझाव

**लागत लाभ विश्लेषण**

१. आयोजना हुँदा र नहुँदाको अवस्था
२. विश्लेषण विधि
३. आर्थिक खुद वर्तमान मूल्य (Economic Net Present Value)
४. आर्थिक आन्तरिक प्रतिफल दर (Economic Internal Rate of Return)
५. लागत लाभ अनुपात (Cost Benefit Ratio)
६. संवेदनशीलता विश्लेषण (Sensitivity Analysis)
७. वितरणात्मक विश्लेषण (Distributive Analyusis)

**वित्तीय विश्लेषण**

१. आयोजनाको पूँजीगत लगानी, सञ्चालन र वित्तीय लागत अनुमान
२. राजस्व सिर्जन गर्ने आयोजना
  - राजस्व अनुमान
  - लगत लाभ विश्लेषण

३. राजस्व सिर्जना नगर्ने आयोजना
  - वित्तीय दिगोपना विश्लेषण

४. निष्कर्ष र सुझाव

## अनुसूची ११ - विस्तृत आयोजना प्रतिवेदन (Detailed Project Report) को ढाँचा

१. क्षेत्रगत विश्लेषण
२. आयोजनाको परिचय
३. आयोजनाको विस्तृत अध्ययन, अनुसन्धान तथा सर्वेक्षण
४. विस्तृत इन्जिनियरिङ डिजाइन
५. विस्तृत लागत अनुमान
६. आर्थिक र वित्तीय विश्लेषण
७. वातावरणीय र सामाजिक विश्लेषण
८. विस्तृत वित्तीय योजना
९. विस्तृत कार्य योजना
१०. विस्तृत खरिद योजना
११. विस्तृत कार्यान्वयन योजना
१२. सञ्चालन तथा मर्मत ढाँचा
१३. जोखिम व्यवस्थापन योजना

## अनुसूची १२(क) - आयोजना परियोजना कार्यक्रमको माग विवरण

जिल्लाः ........... प्रदेश निर्वाचन क्षेत्रको नामः ............. पालिकाको नामः .. ......... ....... .......

| क्रसं. | आयोजनाको नाम र स्थान | संघीय सरकारबाट हस्तान्तरण भएका प्रदेश स्तरीय योजना / कार्यक्रम | स्थानीय तहबाट प्रदेश स्तरीय योजनाको रूपमा सिफारिश भएको | प्रदेशको कार्यक्षेत्रमा परेको | संभाव्यता अध्ययन भएको | एक भन्दा बढी स्थानीय तहलाई लाभ पुग्ने | प्रदेशको प्राथमिकतामा परेको प्रदेश आवधिक योजना नतिजा खाका नं | प्रदेश योजना वैङ्कमा परेको | प्रदेश सभा निर्वाचन क्षेत्र विकास कार्यक्रमहरूमा प्रस्तावित | वित्तिय हस्तान्तरण (समानीकरण बाहेक) मा प्रस्तावित कार्यक्रमहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| ६ | | | | | | | | | | |
| ७ | | | | | | | | | | |
| ८ | | | | | | | | | | |

## अनुसूची १२ - आयोजना प्राथमिकीकरणका आधार

१. विकास आयोजना / कार्यक्रमलाई प्राथमिकीकरण गर्नको लागि समग्र विषयगत क्षेत्रलाई ५ क्षेत्रहरु वर्गीकरण गरिएको छ ।
(१) आर्थिक, (२) कृषि, सहकार तथा भूमि व्यवस्था, (३) सामाजिक, (४) पूर्वाधार,(५) सुशासन तथा अन्य
२. विकास आयोजना / कार्यक्रमलाई प्राथमिकीकरण गर्नको लागि ६ वटा सामान्य आधार र २ वटा क्षेत्रगत आधारहरु तय गरी सामान्य आधारलाई कुल ७० अंक र क्षेत्रगत आधारलाई कुल ३० अंक राखिएको छ।
३. कार्यक्रमलाई $P_1$ र $P_2$ गरी २ वटा प्राथमिकता क्रममा वर्गीकरण गरिएको छः
४. साधारण बजेटलाई ५ आधारमा $P_1$ र $P_2$ गरी २ वटा प्राथमिकीकरणमा वर्गीकरण गरिएको छ ।

**विकास कार्यक्रमको अंक प्रदान**

| क्र.सं. | योगदान | अंक |
|---|---|---|
| १. | प्रत्यक्ष र उल्लेखनीय योगदान गरेमा - अति उत्तम | ३ |
| २. | अप्रत्यक्ष र उल्लेखनीय योगदान गरेमा - उत्तम | २ |
| ३. | कम वा सामान्य योगदान गरेमा - सामान्य | १ |
| ४ | योगदान नपुर्‍याएमा - न्युन | ० |

**विकास कार्यक्रमको प्राथमिकीकरण**

| क्र.सं. | कूल प्रासाङ्क | प्राथमिकता क्रम |
|---|---|---|
| १. | ७५ वा सो भन्दा बढी अंक भएमा | पहिलो (P1) |
| २. | ७५ भन्दा कम अंक भएमा | दोस्रो (P2) |

**सामान्य आधार (७० अंक)**

**१. तीव्र, दिगो र रोजगारमुलक आर्थिक वृद्धिमा योगदान पुऱ्याउनेः (१५ अंक)**

| | | |
|---|---|---|
| क | निम्न विषयहरुमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने<br>- प्रादेशिक उत्पादन<br>- प्रादेशिक आय वृद्धि | अति उत्तम |
| ख | माथिका विषयहरुमा अप्रत्यक्ष तथा उल्लेखनीय रुपमा योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका विषयहरुमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका विषयहरुमा योगदान नपुऱ्याउने | न्यून |

**१. प्रादेशिक प्राथमिकता वा तुलनात्मक लाभका क्षेत्रमा योगदान पुऱ्याउनेः (१० अंक)**

| | | |
|---|---|---|
| क | प्रदेशको प्राथमिकता वा तुलनात्मक लाभ भएका प्रमुख दुई क्षेत्रको उत्पादन वा आय वृद्धिमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने | अति उत्तम |
| ख | माथिका विषयहरुमा अप्रत्यक्ष तथा उल्लेखनीय रुपमा योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका विषयहरुमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका विषयहरुमा योगदान नपुऱ्याउने | न्यून |

**२. दिगो विकासका लक्ष्यहरु प्रासिमा योगदान पुऱ्याउनेः (१० अंक)**

| | | |
|---|---|---|
| क | निम्न विषयहरुमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने<br>- दिगो विकास लक्ष्य १ (SDG 1) (सबै प्रकारका गरिबीको अन्त्य)<br>- दिगो विकास लक्ष्य ८ (SDG 8) (पूर्ण र उत्पादनमूलक रोजगार प्रासी वा वृद्धि) | अति उत्तम |
| ख | माथिका विषयहरुमा अप्रत्यक्ष तथा उल्लेखनीय रुपमा योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका विषयहरुमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका विषयहरुमा योगदान नपुऱ्याउने | न्यून |

### ४. सहभागिताको अवस्थाः (१० अंक)

| | | |
|---|---|---|
| क | निम्न क्षेत्र वा संस्थाहरु मध्ये कुनै एकको सहभागिता रहने<br>- नागरिक समाज, सामुदायिक संस्था, गैरसरकारी संस्थ, उपभोक्ता समूह वा सेवाग्राही, वा<br>- स्थानीय सरकार, वा<br>- निजी क्षेत्र | अति उत्तम |
| ख | माथिका विषयहरुमा अप्रत्यक्ष तथा उल्लेखनीय रुपमा योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका विषयहरुमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका विषयहरुमा योगदान नपुऱ्याउने | न्यून |

### ५. समावेशीकरणमा योगदान (१० अंक)
### (क) क्षेत्रीय समावेशीकरणमा योगदानः (५ अंक)

| | | |
|---|---|---|
| क | मवनव विकास सूचकाङ्कमा तलदेखि २५ औँ स्थानसम्मका जिल्लाहरुमा पर्ने पालिकाहरुमा सञ्चालित हुने आयोजना कार्यक्रम / | अति उत्तम |
| ख | मानव विकास सूचकाङ्कमा २६ औं देखि ५० औं स्थानसम्मका जिल्लाहरुमा पर्ने पालिकाहरुमा सञ्चालित हुने आयोजना कार्यक्रम / | उत्तम |
| ग | मानव विकास सूचकाङ्कमा ५१ औं देखि ७५ औं स्थानसम्मका जिल्लाहरुमा पर्ने पालिकाहरुमा सञ्चालित हुने आयोजना कार्यक्रम / | सामान्य |
| घ | मानव विकास सूचकाङ्कमा ७५ औं स्थानदेखि माथिका जिल्लाहरुमा पर्ने पालिकाहरुमा सञ्चालित हुने वा क्षेत्रीय सन्तुलनमा स्पष्ट योगदान नपुऱ्याउने आयोजना कार्यक्रम / | न्यून |

### ५. समावेशीकरणमा योगदान (१० अंक)
### (ख) सामाजिक समावेशीकरण र लैंगिक मूलप्रवाहीकरणमा योगदानः (५ अंक)

| | | |
|---|---|---|
| क | सामाजिक र लैंगिक मूलप्रवाहीकरण, समानता र सशक्तीकरण (SDG 5) लाई प्रत्यक्ष तथा उल्लेख्य रुपमा बढावा दिने | अति उत्तम |
| ख | माथिका विषयहरुमा अप्रत्यक्ष तथा उल्लेखनीय रुपमा योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका विषयहरुमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका विषयहरुमा योगदान नपुऱ्याउने | न्यून |

### ६. आयोजनाको पूर्व कार्य प्रगति, सम्पन्न हुन लाग्ने समय वा कार्यान्वयन तयारी कार्य (१५ अंक)
### (ख) सामाजिक समावेशीकरण र लैंगिक मूलप्रवाहीकरणमा योगदानः (५ अंक)

| | | |
|---|---|---|
| क | **चालु आयोजनाको लागि**<br>- गत आ.व.को दोस्रो चौमासिकसम्मको औषत भौतिक तथा वित्तीय प्रगति ८० प्रतिशत वा सो भन्दा माथि रहेको, वा<br>- आगामी आ.व. मा आयोजना सम्पन्न हुने सुनिश्चित रहेको, वा<br>**नयाँ आयोजनाको लागि**<br>- आयोजना कार्यान्वयन तयारी कार्य पूरा भएको । | अति उत्तम |
| ख | **चालु आयोजनाको लागि**<br>- गत आ.व. को दोस्रो चौमासिकसम्मको औषत भौतिक तथा वित्तीय प्रगति ६५ प्रतिशत देखि ८० प्रतिशतसम्म रहेको, वा<br>- आगामी दुई वर्षमा आयोजना सम्पन्न हुने सुनिश्चित रहेको, वा<br>**नयाँ आयोजनाको लागि**<br>- आयोजना कार्यान्वयन तयारी कार्य अन्तिम चरणमा रहेको । | उत्तम |

| | | |
|---|---|---|
| ग | **चालु आयोजनाको लागि**<br>- गत आ.व. को दोस्रो चौमासिकसम्मको औषत भौतिक तथा वित्तीय प्रगति ५० प्रतिशत देखि ६५ प्रतिशतसम्म रहेको, वा<br>- आगामी तीन वर्षमा आयोजना सम्पन्न हुने सुनिश्चित रहेको, वा<br>**नयाँ आयोजनाको लागि**<br>- आयोजना कार्यान्वयन तयारी कार्य भैरहेको । | सामान्य |
| घ | **चालु आयोजनाको लागि**<br>- गत आ.व. को दोस्रो चौमासिकसम्मको औषत भौतिक तथा वित्तीय प्रगति ५० प्रतिशत भन्दा कम रहेको, वा<br>- आगामी चार वर्षमा आयोजना सम्पन्न हुने सुनिश्चित नरहेको, वा<br>**नयाँ आयोजनाको लागि**<br>- आयोजना कार्यान्वयन तयारी कार्य नभएको । | न्यून |

**क्षेत्रगत आधार**

**प्रमुख क्षेत्र तथा उपक्षेत्रहरु**

| क.सं. | प्रमुख क्षेत्र | उपक्षेत्रहरु |
|---|---|---|
| १ | आर्थिक क्षेत्र | अर्थ, उद्योग, वाणिज्य, आपूर्ति, वन तथा वातावरण, पर्यटन, श्रम तथा रोजगार |
| २. | कृषि, सहकारी तथा भूमि व्यवस्था | कृषि विकास, पशुपन्छी, सहकारी तथा भूमि व्यवस्था |
| ३ | पूर्वाधार | सडक तथा अन्य यातायात, सहर विकास, सिँचाई, सूचना तथा सञ्चार, ऊर्जा र प्रादेशिक पूर्वाधार विकास |
| ४ | सामाजिक क्षेत्र | शिक्षा, विज्ञान तथा प्रविधि, स्वास्थ्य तथा पोषण, पहिला बालबालिका तथा समाज कल्याण, खानेपानी तथा सरसफाई र संस्कृति |
| ५ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | माथि उल्लिखित वर्गीकरणमा नपरेका अन्य सम्पूर्ण क्षेत्रहरु जस्तैः जनसंख्या, महिला तथा बालाबालिका, आन्तरिक मामिला तथा न्याय, योजना तथा तथ्याङ्क र विपद व्यवस्थापन |

**क्षेत्रगत आधार अंक-३०**

**(अ) आर्थिक क्षेत्र**

**१. चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा योगदानः (३० अंक)**

| | | |
|---|---|---|
| क | चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा प्रत्यक्ष र उल्लेखनीय योगदान पुऱ्याउने | अति उत्तम |
| ख | चालु प्रादेशिक  आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा अप्रत्यक्ष र उच्च योगदान  पुऱ्याउने | उत्तम |
| ग | चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा सामान्य वा कम योगदान पुऱ्याउने | सामान्य |
| घ | चालु प्रादेशिक  आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा योगदान नपुऱ्याउने | न्यून |

### (आ) कृषि, सहकारी तथा भूमि व्यवस्था

### (कृषि विकास, पशुपन्छी, सहकारी तथा भूमिका व्यवस्था)

**१. चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा योगदानः (३० अंक)**

| | | |
|---|---|---|
| क | चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा प्रत्यक्ष र उल्लेखनीय योगदान पुऱ्याउने | अति उत्तम |
| ख | चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा अप्रत्यक्ष र उच्च योगदान पुऱ्याउने | उत्तम |
| ग | चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा सामान्य वा कम योगदान पुऱ्याउने | सामान्य |
| घ | चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा योगदान नपुऱ्याउने | न्यून |

### (इ) सामाजिक क्षेत्र

### (शिक्षा, विज्ञान, तथा प्रविधि, स्वास्थ्य तथा पोषण, महिला बालबालिका तथा समाज कल्याण, खानेपानी तथा सरसफाई, संस्कृति)

**१. चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा योगदानः (३० अंक)**

| | | |
|---|---|---|
| क | चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा प्रत्यक्ष र उल्लेखनीय योगदान पुऱ्याउने | अति उत्तम |
| ख | चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा अप्रत्यक्ष र उच्च योगदान पुऱ्याउने | उत्तम |
| ग | चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा सामान्य वा कम योगदान पुऱ्याउने | सामान्य |
| घ | चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा योगदान नपुऱ्याउने | न्यून |

### (ई) पूर्वाधार क्षेत्र

### (ऊर्जा, सिंचाई, सडक तथा अन्य यातायात, सहरी विकास, सूचना तथा सञ्चार तथा प्रादेशिक पूर्वाधार विकास)

**१. चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा योगदानः (३०अंक)**

| | | |
|---|---|---|
| क | चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा प्रत्यक्ष र उल्लेखनीय योगदान पुऱ्याउने | अति उत्तम |
| ख | चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा अप्रत्यक्ष र उच्च योगदान पुऱ्याउने | उत्तम |
| ग | चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा सामान्य वा कम योगदान पुऱ्याउने | सामान्य |
| घ | चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा योगदान नपुऱ्याउने | न्यून |

## (उ) सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

### (जनसंख्या, विपद् व्यवस्थापन, आन्तरिक मामिला तथा न्याय, शान्ति, योजना, तथा तथ्यांक)

### १. चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा योगदानः (३० अंक)

| | | |
|---|---|---|
| क | चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा प्रत्यक्ष र उल्लेखनीय योगदान पुऱ्याउने | अति उत्तम |
| ख | चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा अप्रत्यक्ष र उच्च योगदान पुऱ्याउने | उत्तम |
| ग | चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा सामान्य वा कम योगदान पुऱ्याउने | सामान्य |
| घ | चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा योगदान नपुऱ्याउने | न्यून |

### साधारण बजेटको प्राथमिकीकरण

| क्र.सं. | आधार | अंक |
|---|---|---|
| १ | जनतालाई प्रत्यक्ष सेवा गर्न सहयोग गर्ने | ५ |
| २ | सुशासन कायम गर्न योगदान पुऱ्याउने | ५ |
| ३ | राजस्व वृद्धि गर्न सहयोगी कार्यहरु | ५ |
| ४ | विकास कार्यमा योगदान पुऱ्याउने | ५ |
| ५ | मानव संसाधन विकास, वातावरण संरक्षण र क्षेत्रीय सन्तुलनमा योगदान पुऱ्याउने | ५ |
| | जम्मा | २५ |

### साधारण बजेटको भार प्रदान गर्ने तरिका

| क्र.सं. | आधार | अंक |
|---|---|---|
| १ | अति उच्च सहयोग पुग्ने | ५ |
| २ | उच्च सहयोग पुग्ने | ३५ |
| ३ | सामान्य सहयोग पुग्ने | २ |
| ४ | सहयोग नपुग्ने | ० |

| क्र.सं. | कुल प्राप्ताङ्क | प्राथमिकताक्रम |
|---|---|---|
| १ | १७.५ वा सो भन्दा बढी अंक प्राप्त भएमा | पहिलो (P1) |
| २ | १७.५ वा सो भन्दा कम अंक प्राप्त भएमा | दोस्रो (P2) |

## अनुसूची १३ - वार्षिक विकास कार्यक्रमको ढाँचा

मन्त्रालय / आयोग / सचिवालयः
क्षेत्र / उपक्षेत्रः
क. पृष्ठभूमि (विकास कार्यक्रम सञ्चालन सम्बन्धमा)
ख. चालु आवधिक योजनाको विषय क्षेत्रगत उद्देश्यः
ग. चालु आवधिक योजनाको विषय क्षेत्रगत रणनीतिहरुः

**घ. नतिजा सूचकहरुः**

| **क.सं.** | **प्रतिफल सूचक** | **ईकाइ** | **विगतका वर्षको प्रगति** | **आधार वर्ष २०७५/७६ को अनुमानित स्थिति** | **आ.व. २०७६/७७ को लक्ष्य** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**ङ. वार्षिक विकास कार्यक्रम**

| क.सं. | कार्यक्रम / आयोजना (ब.उ.शि.नं.) | क्षेत्रगत रणनीतिक स्तम्भ | सुरु तथा सम्पन्न वर्ष र कुल लागत अनुमान (रु. हजारमा) | प्रमुख प्रतिफलहरु | हालसम्मको स्थिति | आ.व. २०७६/७७ मा सञ्चालन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**च. बजेट**

आ.व. २०७६/७७ को लागि यस क्षेत्र/मन्त्रालयको लागि चालुतर्फ रु ....... ....... ........ करोड, पूजीगततर्फ रु ...... ....... करोड र वित्तीय व्यवस्थातर्फ रु ...... ...... करोड गरी जम्मा रु.... ..... करोड विनियोजन गरिएको छ।

**च. आगामी आर्थिक वर्ष २०७६/७७ को खर्च तथा स्रोतको अनुमान (विकास कार्यक्रम मात्र)**

| क. सं. | ब.उ.शी. नं. | कार्यक्रम/ आयोजना | २०७६/७७ को विनियोजन र स्रोत | | | | | | | रणनीतिक स्तम्भ | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य संकेत | गरिबी न्यूनिकरण संकेत | लैंगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | विनियोजन | | | | स्रोत | | | | | | | | |
| | | | कुल जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

## अनुसूची १४ - प्रदेशका अन्तरसम्बन्धित नीति तथा कानूनहरू

- मध्यमकालीन खर्च संरचना
- प्रथम आवधिक योजना, २०७६/७७ — २०८०/८१
- प्रदेश विनियोजन ऐन , २०७६
- आर्थिक ऐन, २०७६
- विनियोजन विधेयक, २०७६ का सिद्धान्त र प्राथमिकता
- श्रोत सुनिश्चितता र बहुवर्षीय आयोजना सम्बन्धि निर्देशिका, २०७६
- प्रदेश विशेष अनुदान सम्वन्धी कार्यविधि,२०७५
- प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४
- प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५
- सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका,२०७५
- सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६
- पर्यटन विकास ऐन,२०७६
- प्रदेश विशेष अनुदान सम्वन्धी कार्यविधि,२०७५
- प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि,२०७५

**सन्दर्भ-सामग्री**


१. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, नेपाल कानून आयोग, काठमाडौं, नेपाल ।
२. आर्थिक कार्यविधि ऐन २०५५, नेपाल कानून आयोग, काठमाडौं, नेपाल ।
३. आर्थिक कार्यविधि नियमावली, २०५४, नेपाल कानून आयोग, काठमाडौं, नेपाल ।
४. नेपालको संविधान, नेपाल कानून आयोग, काठमाडौं, नेपाल ।
५. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, नेपाल कानून आयोग, काठमाडौं, नेपाल।
६. राष्ट्रिय भू उपयोग नीति, २०७२, नेपाल कानून आयोग, काठमाडौं, नेपाल ।
७. सार्वजनिक खरिद ऐन, २०६३, नेपाल कानून आयोग, काठमाडौं, नेपाल ।
८. सार्वजनिक खरिद नियमावली, २०६४, नेपाल कानून आयोग, काठमाडौं, नेपाल
९. Nepal Sustainable Development Goals Status

## अनुसूची १५ - संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६[५]

### १. पृष्ठभूमि

नेपालको संविधान र पन्ध्रौं योजनाको आधारपत्र (मस्यौदा) ले परिलक्षित गरेका सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिहरु कार्यान्वयनका लागि आगामी आर्थिक वर्ष २०७६-७७ को बजेट मार्फत संघ, प्रदेश र स्थानीय तहको कार्य जिममेवारीमा पर्ने विकास कार्यक्रम र आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ तयार भएको। संविधानकले तीनै तहका सरकारहरुको अधिकार र कार्य जिम्मेवारी निश्चित गरेका छ । उल्लेखित अधिकार र कार्य जिम्मेवारी प्रयोगका लागि सम्पूर्ण रुप्मा प्रशासनिक संरचना र प्रणाली पुनःसंरचना भई स्थापना भइसकेका छन्। यो मापदण्ड नेपालको संविधान, नेपाल सरकारबाट मिति २०७३-१०-१८ मा स्वीकृत कार्यविस्तृतीकरण प्रतिवेदन, अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७४-१२-०७ मा स्वीकृत मापदण्ड र पन्ध्रौं योजनाको आधारपत्रको मस्यौदालाई आधार लिइएको छ । साथै चालू वर्षको बजेट कार्यान्वयनको अवस्थालाई समेत आधार लिइएको छ । आगामी आर्थिक वर्षको बजेट तयारीका लागि स्रोत र कार्यक्रम तथा आयोजनाहरु थप वर्गीकरण सहित बाँडफाँट गर्नुपर्ने भएकोले भएकोले प्रष्ट मापदण्ड तयार गरिएको हो। स्रोत बाँडफाँटका लागि संविधानको धारा ५९, ६० र ६१ मा गरिएको व्यवस्थ, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २९०७४ र अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भएका व्यवस्थाहरुलाई पनि आधार लिइएको छ ।

नेपालको संविधानले संघीय सरकारलाई नीति निर्माण, नियमन तथा ठूला र वृहत् प्रभाव पार्ने आयोजना तर्जुमा एवं कार्यान्वयनको जिम्मेवारी दिएको छ भने प्रदेश तह विकास निर्माणको प्रमुख तह हुने र स्थानीय तह सेवा प्रवाहको पहिलो विन्दु हुने परिकल्पना गरेको छ । नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले पनि संघीय मन्त्रालयहरुको कार्य नीति निर्माण र नियमन हुने व्यवस्था समेत गरेको छ । वित्तीय संघीयता कार्यान्वयन हुनुभन्दा पहिले नेपाल सरकारबाट भइरहेका कार्यहरुलाई संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहले सम्पादन गर्ने गरी वर्गीकरण गर्नुपर्ने अवस्था रहेको छ । हाल सञ्चालनमा रहेका केही कार्यक्रम तथा आयोजनाहरु यथावत् सञ्चालन हुनेछन् भने धेरै कार्यक्रमहरु स्रोत सहित प्रदेश र स्थानीय तहमा हस्तान्तरण गरिनेछन् ।

संविधानले प्रदेश र स्थानीय तहका लागि आवश्यक पर्ने स्रोत व्यवस्थापनका लागि संघीय सञ्चित कोषबाट ती तहहरुमा वित्तीय हस्तान्तरण गर्ने र संघीय विभाज्य कोषबाट र प्रदेश सञ्चित कोषबाट राजस्व बाँडफाँट गर्ने व्यवस्था गरेको छ। विगतमा केन्द्रको मातहातमा रहेको राजस्वको अधिकारहरु प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएपछि संघको राजस्व संकलनको आधार संकुचन भएको छ । संघको अधिकार सूचीको राजस्व स्रोतबाट प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता पूरा गर्न वित्तीय हस्तारन्तरण गर्नुपर्ने अवस्था पनि छ । संघीय सरकारका अनिवार्य खर्चहरु सार्वजनिक ऋणको साँवा तथा व्याज भुक्तानी, सुरक्षा खर्च, सामाजिक सुरक्षा कार्यक्रम, कर्मचारहीको दायित्व एवम् सञ्चित कोषमाथिका व्ययभार र राष्ट्रिय गौरवका आयोजनाको लागि स्रोतको सुनिश्चितता एवम् संक्रमणकालीन आयोजनाहरुको निर्माण छिट्टै सम्पन्न गर्ने गरी स्रोतको व्यवस्थापन गर्नुपर्ने हुन्छ । संघीय सरकारबाट प्राप्त गर्ने वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटका अतिरिक्त प्रदेश र स्थानीय तहले आफ्नो आन्तरिक स्रोत परिचालन गरी आ–आफ्नो अधिकार सूचीभित्र परेका कार्यहरु गर्न सक्ने व्यवस्था पनि रहेको छ ।

चालु आर्थिक वर्ष २०७५/७६ चौधौं योजनाको अन्तिम वर्ष र आगामी आर्थिक वर्ष २०७६/७७ पन्ध्रौ योजना कार्यान्वयनको पहिलो वर्ष भएकोले बजेट तर्जुमा तथा विकास कार्यक्रमको छनौट, प्राथमिकीकरण तथा बजेट व्यवस्थापन गर्दा पन्ध्रौं योजनाले लिएको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य हासिल हुने गरी गर्नुपर्नेछ ।

[५] नोटः यो मापदण्ड हाल कार्यान्वयनमा रहेको मापदण्ड हो। राष्ट्रिय योजना आयोगले संसोधन गरेमा प्रदेश सरकारले आवश्यक निर्णय गरी सोहि अनुसार कार्यान्वयन गर्न सक्नेछ।

संघ, प्रदेश र स्थानीय तहमा जनशक्ति सहितको प्रशासनिक संरचना कार्यान्वयनमा आइसकेकोले सम्बन्धित तहको विषय क्षेत्रगत मन्त्रालयहरुबाट विगतमा सञ्चालित र नयाँ कार्यक्रम तथा आयोजनाको तत् तत् क्षेत्रमा अधिकारक्षेत्र अनुसार वर्गीकरण गर्ने सम्बन्धी मापदण्ड देहाय बमोजिम रहनेछ । संघ, प्रदेश र स्थानीय तहमा विकास कार्यक्रम तथा आयोजनाहरु यस मापदण्डको आधारमा स्रोत सहित बाँडफाँट गरिनेछ ।

## २. विकास कार्यक्रम तथा आयोजना वर्गीकरणका आधारहरु मापदण्ड

यस मापदण्डको आधारमा चालु आर्थिक वर्षसम्म संघबाट संचालन भइरहेका र नयाँ विकास कार्यक्रम तथा आयोजना वर्गीकरण तथा बाँडफाँटका समष्टिगत र क्षेत्रगत आधारहरु निर्धारण गरिएको छ ।

### १.१. समष्टिगत आधारहरु

१. नेपालको संविधानको अनुसूची ५, ६ र ८ मा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको एकल अधिकारको सूची अन्तरगतका कार्यहरु तत् तत् तहले सम्पादन गर्ने । यस अन्तरगत वित्तीय संघीयता कार्यान्वयन हुनु अगाडि केन्द्रबाट कार्यान्वयन भइआएका कार्यक्रम तथा आयोजनाहरु जुन तहको कार्यक्षेत्रभित्र पर्दछ, सोही तहबाट कार्यान्वयन हुने गरी हस्तान्तरण गर्ने । नयाँ कार्यक्रम तथा आयोजनाहरु संविधानको अनुसूचीहरुको अधिकारसूची बमोजिम सम्बन्धित तहमा प्रस्ताव गर्ने।

२. नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट संघबाट सञ्चालन गरिने गरी निर्णय भएका विकास कार्यक्रम तथा आयोजनाहरु संघबाट संचालन गर्ने ।

३. नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा उल्लेखित संघीय विषयगत मन्त्रालयहरुको जिम्मेवारीमा परेका कार्यहरु संघले सम्पादन गर्ने ।

४. यो मापदण्ड लागू हुनु पूर्व नै दातृ पक्षसँग सम्झौता भई कार्यान्वयन भएको बाहेक वैदेशिक सहायतामा सञ्चालित विकास कार्यक्रमहरु तत् तत् तहबाट कार्यान्वयन गर्ने । साथै, दातृ निकायसँग थप वा पूरक सम्झौता गरी सञ्चालन हुने विकास कार्यक्रमहरुको राष्ट्रिय तथा अन्तर प्रदेश वा अन्तर स्थानीय तह समन्वय तथा अनुगमन एवम् विकास साझेदारहरुसँग समन्वय र सहजीकरण संघले गर्ने ।

५. बहुवर्षीय ठेक्कापट्टा भई सञ्चालनमा रहेका र नेपाल सरकारको दायित्व सिर्जना भएका विकास कार्यक्रमहरु प््रदेश सरकार र स्थानीय तहको क्षमता वृद्धि गरी सवल बनाउँदै तत् तत् तहमा स्रोत र ठेक्का व्यवस्थापनको अभिलेख सहति हस्तान्तरण गर्दै जाने ।

६. समान प्रकृतिका विकास कार्यक्रमहरुलाई गाभी संविधान बमोजिम जुन तहले सञ्चालन गर्नुपर्ने हो सोही तहमा हस्तान्तरण गर्ने ।

७. चालु आर्थिक वर्षमा सम्पन्न हुने आयोजनाहरुलाई सञ्चालन र मर्मतका लागि कार्यजिम्मेवारी अनुसार संघ, प्रदेश र स्थानीय तहले स्रोत व्यवस्थापनन गरी सञ्चालन गर्ने ।

८. संघले संघीय संरचना अनुकूल नदेखिएका विकास समिति, परिषद्, बोर्ड, कोष, प्रतिष्ठान, प्राधिकरण, केन्द्र, आयोगहरु खारेज गर्ने ।

९. संघले अनुसन्धानमूलक, अन्वेषणात्मक र विशिष्टीकृत क्षमता विकास सम्बन्धी संस्था वा कार्यक्रमहरु एकीकृत गरी सञ्चालन गर्ने ।

१०. संघले एक भन्दा बढी एकाई वा तहमा उपयोग हुने तथा विभाजन गर्दा प्राविधिक तथा आर्थिक रुपमा उपयुक्त नहुने प्रकृतिका संस्था वा कार्यक्रमहरु एकीकृत रुपमा सञ्चालन गर्ने ।

११. विकास कार्यक्रम तथा आयोजनाको कार्यान्वयनको लागि बृहत् लगानी आवश्यक पर्ने र वैदेशिक सहायता परिचालन गर्नुपर्ने राष्ट्रिय स्तरका कार्यक्रम तथा आयोजनाहरु संघले सञ्चालन गर्ने ।

१२. राष्ट्रियस्तरबाट प्रयोगशाला संचालन र सोको मापदण्ड, प्रमाणीकरण (Accreditation) तथा अनुसन्धानको कार्य संघले गर्ने ।

१३. गरिबी निवारणमा राष्ट्रव्यापी प्रभाव पार्ने कार्यक्रमहरु संघले सञ्चालन गर्ने ।

१४. एकभन्दा बढी प्रदेशमा सञ्चालन हुने कार्यक्रम तथा आयोजना संघले र एकभन्दा बढी स्थानीय तहमा सञ्चालन हुने कार्यक्रम तथा आयोजना सम्बन्धित प्रदेशले कार्यान्वयन गर्ने । सोको अनुगमन, नियमन, समन्वय र सहजीकरण गर्न आयोजना समन्वय-सहजीकरण इकाई संघमा रहने।

१५. समष्टिगत-क्षेत्रगत नीति, कानुन, मापदण्ड, राष्ट्रिय कार्ययोजना, नियमन, समन्वय र अनुसन्धान सम्बन्धी कार्य संघले गर्ने ।

१६. संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने आयोजना-कार्यक्रममा दोहोरोपना नआउने गरी बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने ।

१७. राष्ट्रिय गौरवका आयोजना तथा राष्ट्रिय रुपमा रणनीतिक महत्वका कार्यक्रम/आयोजना संघबाट सञ्चालन गर्ने ।

१८. संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार भित्रका सह—लगानीमा संचालन हुने कार्यक्रमका लागि लगानीको ढाँचा सहित कार्यक्रम प्रस्ताव गर्ने ।

१९. संघले विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ र समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ मा भएको व्यवास्था बमोजिम स्रोत हस्तान्तरण गर्ने ।

२०. संघबाट हस्तान्तरण हुनु पूर्व आर्थिक दायित्व सिर्जना भइसकेको कार्यक्रम-आयोजना सम्पन्न गर्नका लागि आवश्यक पर्ने बजेट संघले सशर्त अनुदानको रुपमा उपलब्ध गराउने । प्रदेश र स्थानीय तहले पनि यस्ता कार्यक्रम-आयोजनाको लागि स्रोतको व्यवस्था गरी अधुरा आयोजनाहरु आगामी दुई वर्षभित्र सम्पन्न गर्ने ।

२१. कार्यप्रगतिमा रहेका दुई वर्षभित्र सम्पन्न हुने कार्यक्रम/आयोजना सम्पन्न गर्न संघ, प्रदेश र स्थानीय तहबाट स्रोत सुनिश्चितता सहित बजेट प्रस्ताव गर्ने ।

२२. कार्यक्रम/आयोजना प्रस्ताव गर्दा स्वीकृत संगठन संरचनालाई आधार लिने । संस्थागत संरचना प्रदेश वा स्थानीय तहमा गइसकेको तर विगतमा संघको कार्यक्षेत्रमा राखिएका कार्यक्रम-आयोजना सम्बन्धित प्रदेश एवम् स्थानीय तहमा हस्तान्तरण गर्ने ।

२३. तीन तहको अधिकार क्षेत्रको स्वीकृत भई लामो समय देखि न्यून प्रगति भएका र कमजोर कार्यान्वयन अवस्थामा रहेका विकास कार्यक्रम-आयोजनाहरुलाई पुनः प्राथमिकीकरण गर्ने, गाभ्ने वा बन्द गर्ने।

२४. संघ र प्रदेश, संघ, प्रदेश र स्थानीय तह तथा प्रदेश र स्थानीय तहको साझा अधिकारसूचीमा रहेका विषयबसँग सम्बन्धित बृहत् लगानी र अन्तर प्रदेश प्रभावित आयोजना संघले गर्ने, अन्तर स्थानीय तह प्रभावित आयोजना प्रदेशले गर्ने र अन्य स्थानीय तहमा हस्तान्तरण गर्ने ।

२५. आयोजनाको लागतको तुलनामा न्यून विनियोजन भएका र कुनै कार्यक्रम अन्तर्गत आयोजनाको सूची मात्र भएका र एकमुष्ट रकम विनियोजन हुँदै आएका सालबसाली प्रकृतिका आयोजनाहरु र खास गरी सडक, सिँचाइ र खानेपानीमा एकमुष्ट रकम उपलब्ध गराई सम्बन्धित प्रदेश र स्थानीय तहले नै प्राथमिकीकरण गरी तीन वर्ष भित्र सम्पन्न हुने गरी कार्यान्वयनको व्यवस्था गर्ने ।

२६. संघबाट सञ्चालन गर्ने गरी अबण्डा देखाइएको विकास कार्यक्रम/आयोजना प्रकृति हेरी तीन तहमा विभाजन गर्ने ।

२७. वित्तीय संघीयताको कार्यान्वयन पूर्वका विकास आयोजनाहरु निर्माण सम्पन्न गर्ने गरी सशर्त अनुदान मार्फत प्रदेश र स्थानीय तहलाई स्रोत सहित आयोजना हस्तान्तरण गर्ने । सशर्त अनुदान मार्फत प्रदेश र स्थानीय तहबाट निर्माण र सञ्चालन हुने कार्यक्रम तथा आयोजनाको राष्ट्रिय मापदण्ड र नतिजा सूचकको आधारमा स्रोत हस्तान्तरण गर्ने ।

२८. प्रगति शून्य भएका र बाँकी अवधिमा रकम विनियोजन गर्दा समेत सम्भावना नदेखिएका आयोजना/कार्यक्रम बजेटबाट हटाई थप अध्ययन सहित आयोजना बैंकमा समावेश गर्ने व्यवस्था मिलाई पूर्व—तयारी पुरा गरेपश्चात बजेट प्रस्ताव गर्ने ।

## १.२ क्षेत्रगत आधारबाट

### (क) शासकीय व्यवस्था एवम् सुशासन

१) संघबाट सञ्चालन हुने

- संघीय शासन प्रणाली र अन्तर प्रदेश समन्वय
- सुशासन प्रवर्द्धन  तथा शासकीय सुधार
- मानव अधिकार
- राष्ट्रिय अनुसन्धान, राजश्व चुहावट नियन्त्रण, सम्पत्ति शुद्धीकरण तथा भ्रष्टाचार निवारण

- राष्ट्रिय तथा अन्तर प्रादेशिक आयोजनाहरुको नतिजा व्यवस्थापन

२) प्रदेश तहबाट सञ्चालन हुने

- प्रादेशिक शासन प्रणाली र अन्तर स्थानीय तह समन्वय
- सुशासन प्रबद्र्धन तथा शासकीय सुधार
- वस्तु तथा सेवाको उत्पादन र उत्पादकत्व वृद्धि सम्बन्धी अनुसन्धान ब्युरो
- प्रादेशिक तथा स्थानीय आयोजनाहरुको नतिजा व्यवस्थापन

३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीय सुशासन र सेवा प्रवाह

**ख) अर्थ**

१) संघबाट सञ्चालन हुने

- संघीय सार्वजनिक वित्त व्यवस्थापन
- अन्तरसरकारी वित्त व्यवस्थापन तथा संघीय आर्थिक कार्य प्रणाली
- रणनीतिक वित्तीय हस्तक्षेप तथा वित्तीय उत्प्रेरणा सम्बन्धी कार्य
- बैंकिङ्ग तथा वित्तीय क्षेत्र, पुँजीबजार र कर्जा सुरक्षण
- आर्थिक नीति विश्लेषण
- आन्तरिक ऋण व्यवस्थापन
- सार्वजनिक संस्थान व्यवस्थापन
- वैदेशिक अनुदान, सहयोग तथा ऋण परिचालन

२) प्रदेश तहबाट सञ्चालन हुने

- प्रादेशिक योजना तथा सार्वजनिक वित्त व्यवस्थापन
- संघको सहमतिमा वैदेशिक अनुदान र सहयोग परिचालन
- स्थानीय तहमा वित्त हस्तान्तरण
- लघु बीमा (कृषि, पशु) तथा साना प्रकृतिका अनुदान

३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीय योजना तथा सार्वजनिक वित्त व्यवस्थापन

**ग) उद्योग, वाणिज्य तथा आपूर्ति**

१) संघबाट सञ्चालन हुने

- औद्योगिक लगानी प्रवर्द्धन र सहजीकरण
- औद्योगिक पूर्वाधार विकास तथा विशेष आर्थिक क्षेत्र विकास, सञ्चालन र प्रवर्द्धन
- पेट्रोलियम तथा खानी अन्वेषण जस्ता ठूला लगानी आवश्यक पर्ने र राष्ट्रिय हित, द्विपक्षीय र बहुपक्षीय समन्वय आवश्यक पर्ने संवेदनशील लगानीका विषयहरु
- भू—वैज्ञानिक सर्वेक्षण तथा अनुसन्धान
- बृहत् प्रभाव पार्ने औद्योगिक व्यवसाय विकास सम्बन्धी कार्यक्रम
- व्यापार सूचना, निर्यात सहयोग, द्विपक्षीय तथा बहुपक्षीय व्यापार तथा पारवहन
- खाद्यवस्तु तथा अत्यावश्यक सेवाको सन्तुलित वितरण (जस्तैः नुन तथा खाद्यान्न ढुवानी)
- देशभर उत्पादित वस्तु र सेवाको राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय बजारीकरण
- कम्पनी प्रशासन सम्बन्धी
- विदेशी लगानी स्वीकृति सम्बन्धी अनुमति लिनुपर्ने उद्योगको अनुमति
- व्यापार सूचना तथा निकासी प्रवर्द्धन
- ग्रामीण उद्यम विप्रेषण

२) प्रदेश तहबाट सञ्चालन हुने

- ग्रामीण उद्यम (लघु तथा घरेलु समेत) तथा उद्यमशीलता प्रवर्द्धन
- आन्तरिक बजार विकास र सोका लागि आवश्यक सीप विकास
- लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खोरेजी नियमन, विकास र प्रवर्द्धन
- औद्योगिक ग्रामहरुको स्थापना र सञ्चालन
- व्यापार सूचना तथा निकासी प्रवर्द्धन
- उद्यमशीलता, व्यवसायिक सीप विकास र तालिम
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम
- स्थानीय तहमा उपभोग्य वस्तुको माग आपूर्ती विश्लेषण

३) स्थानीय तहबाट सञ्चालन हुने

- उद्यमशीलता, व्यवसायिक सीप विकास
- लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन र विकास
- बजार अनुगमन
- उपभोक्ताको हक हितिका विषयमा जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु

**घ) ऊर्जा, जलस्रोत तथा सिंचाइ**

१) संघबाट सञ्चालन हुने

- ठूला प्रकृतिका (तराई—मधेशमा ५,००० हेक्टर भन्दामाथि, पहाड क्षेत्रमा १०० हेक्टर र हिमाली क्षेत्रमा ५० हेक्टरभन्दा माथिका) सतह सिंचाइ आयोजनाहरुले अध्ययन, अनुसन्धान, गुरुयोजना तथा निर्माण, मर्मत सम्भार तथा व्यवस्थापन
- एकभन्दा बढी प्रदेशहरुसँग सम्बन्धित सिंचाइ आयोजनाहरुको निर्माण तथा समन्वय
- अन्तर्राष्ट्रिय सीमा नदीहरुको व्यवस्थापन
- ठूला नदीहरु एवम् महाभारत श्रृंखलाबाट उद्गम भएका ठूला नदीहरुको नियन्त्रण तथा व्यवस्थापन
- प्रादेशिक समा नदीहरुको व्यवस्थापन एवम् सम्भावित विवादहरुको समाधान
- एक भन्दा बढी प्रदेशमा सञ्चालन हुने सिंचाइ तथा नदी नियन्त्रण सम्बन्धी आयोजनाहरु
- तराई—मधेश र पहाड कोरिडोरमा एकीकृत रुपमा सञ्चालन गरिने सतह तथा लिफ्ट सिंचाइ प्रणाली एवम् सौर्य ऊर्जाको समेत प्रयोग गरी क्लष्टरमा सञ्चालन गरने विशेष प्रकृतिका सतह र भूमिगत सिंचाइ प्रणालीहरु
- लम्बाइ २०० मिटर, फेदको चौडाइ १०० मिटर तथा कुल पहिरो क्षेत्र २०,००० वर्ग मिटर भन्दा माथिका पहिरो नियन्त्रण तथा व्यवस्थापन
- २० मेगावट भन्दा माथिका जलविद्युत् आयोजनाहरु निर्माण र व्यवस्थापन
- २० मेगावट भन्दा माथिका सौर्य उर्जा प्रणाली
- ३३ के.भी. र सो भन्दा माथिका प्रसारण लाईनहरुको निर्माण, सञ्चालन र व्यवस्थापन
- विद्युतको राष्ट्रिय वितरण प्रणाली विकास र सञ्चालन
- जलस्रोत सम्बन्धी अध्ययन र अनुसन्धान
- मौसम र जल मापन, मौसम तथा जल विज्ञान सम्बन्धी विषयहरु
- जलस्रोत, ऊर्जा, सिंचाइ, जल उत्पन्न प्रकोप सम्बन्धी नीति, रणनीति र कानुन निर्माण

२) प्रदेश तहबाट सञ्चालन हुने

- तराई—मधेशमा २०० हेक्टर देखि ५,००० हेक्टरसम्म, पहाडी क्षेत्रमा ५० हेक्टर देखि १०० हेक्टरसम्म र हमाली क्षेत्रमा २५ देखि ५० हेक्टरसम्मका मझौला प्रकृतिका सिंचाइ आयोजनाको अध्ययन, अनुसन्धान, गुरुयोजना तयारी, निर्माण एवम् व्यवस्थापन
- एकभन्दा बढी स्थानीय तहसँग सम्बन्धित सिंचाइ आयोजनाहरुको निर्माण तथा समन्वय
- नयाँ प्रविधिमा आधारित एकीकृत नदी तथा जलाधार व्यवस्थापन सम्बन्धी आयोजनाहरु
- ३ मेगावाट भन्दा माथि २० मेगावाट सम्मका (प्रदेश स्तरीय) जलविद्युत आयोजनाहरुको निर्माण तथा सञ्चालन

- ३ मेगावाट भन्दा माथि २० मेगावाट सम्मका सौर्य उर्जा प्रणाली आयोजनाहरुको निर्माण तथा सञ्चालन
- ११ के.भी. देखि ३३ के.भी. भन्दा साना प्रसारण लाइन निर्माण र व्यवस्थापन
- ग्रामीण तथा सामुदायिक विद्युतीकरण
- भूमिगत जल सिँचाइ अन्तरगत मेशिन ड्रिल टयूबवेल तथा डिप टयूबवेल सिँचाइ योजनाहरु निर्माण, मर्मत तथा व्यवस्थापन
- मझौला प्रकृतिका नदीहरु (महाभार पहाड र चुरे पहाडबाट उद्गम भई बस्ने नदी) नियन्त्रण-व्यवस्थापन
- लम्बाइ १०० देखि २०० मिटरसम्म, फेदको चौडाइ ५० देखि १०० मिटर तथा कुल क्षेत्र ५००० देखि २०,००० वर्ग मिटर सम्मका पहिरो नियन्त्रण तथा व्यवस्थापन

३) स्थानीय तहबाट सञ्चालन हुने

- ग्रामीण जलस्रोत व्यवस्थापन
- ३ मेगावाट सम्मका जलविद्युत आयोजना निर्माण र सञ्चालन
- ३ मेगावाट सम्मका सौर्य उर्जा आयोजना निर्माण र सञ्चालन
- साना जलस्रोत संरचनाको पुनर्निर्माण, पुनरुस्थापन, मर्मत सम्भार तथा व्यवस्थापन
- ग्रामीय तथा सामुदायिक विद्युतीकरण
- साना/स्थानीय खोला नियन्त्रण तथा पहिरो व्यवस्थापन
- घरेलु तथा सामुदायिक बायोग्यास प्रणाली

यस अघि नै संघबाट प्रदेशमा हस्तान्तरण भए तापनि यस मापदण्ड बमोजिम पर्ने क्रमागत आयोजनाहरु समेत प्रदेशको अनुरोधमा संघबाट पूरा गर्न सकिनेछ ।

**ङ) कानुन, न्याय तथा संसदीय मामिला**

१) संघबाट सञ्चालन हुने

- सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत तथा न्याय प्रशासन सम्बन्धी कार्यहरु
- अन्तर्राष्ट्रिय प्रतिबद्धता बमोजिम कानुन तर्जुमा
- संघीय प्रणाली बमोजिम विद्यमान कानुनको समीक्षा र परिमार्जन तथा नयाँ कानुन निर्माण
- न्याय प्रशासन सुधार
- निःशुल्क कानुनी सहायता
- कानुनी शिक्षा सचेतना
- न्याय सम्पादन तालिम

२) प्रदेश तहबाट सञ्चालन हुने

- संघीय प्रणाली बमोजिम प्रादेशिक कानुन निर्माण
- कानुनी शिक्षा सचेतना
- मेलमिलाप र मध्यस्थता

३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीय सरकारका जनप्रतिनिधिहरुको न्याय सम्पादनसँग सम्बन्धित तालिम
- कानुनी शिक्षा सचेतना
- स्थानीय मेलमिलाप र मध्यस्थता
- स्थानीय तहको कानुन निर्माण

**च) कृषि तथा पशुपन्छी विकास**

१) संघबाट सञ्चालन हुने

- कृषि तथा पशुपन्छी सम्बन्धी अनुसन्धान, प्रयोगशाला तथा क्वारेण्टाइन
- बजार श्रृंखला विकास र राष्ट्रियस्तरको कृषि सूचना तथा संचार एवम् बजार प्रवर्द्धन
- रासायनिक मल खरिद, आयात तथा अनुदान

- गरिबी निवारण सम्बन्धी राष्ट्रिय स्तरका कार्यक्रम
- उन्नत बीऊ बिजन खरिद, विकास, प्रवर्द्धन  र सन्तुलित वितरण
- कृषि क्षेत्रको औद्योगिकीकरण सम्बन्धी कार्यक्रम
- पशु स्वास्थ्य, पशु रोग नियन्त्रण, महामारी नियन्त्रण, उपचार र औषधि वितरण
- पशु नश्ल सुधार सम्बन्धी व्यवस्थापन
- राष्ट्रियस्तरका खोप उत्पादन तथा व्यवस्थापन

२) प्रदेश तहबाट सञ्चालन हुने

- उत्पादन केन्द्रीत कृषि तथा पशुपन्छी फार्म/केन्द्रहरु
- उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्यहरु
- कृषि क्षेत्रको व्यावसायीकरण र बजारीकरण सम्बन्धी कार्यक्रम
- बीऊ आपूर्ति र नियमन

३) स्थानीय तहबाट सञ्चालन हुने

- कृषि तथा पशु उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्यहरु
- कृषि तथा पशु प्रसार सम्बन्धी कार्यहरु
- कृषि क्षेत्रको व्यावसायीकरण, बजारीकरण र औद्योगिकीकरणका लागि उत्पादन वृद्धि कार्यक्रम

**छ) भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण**

१) संघबाट सञ्चालन हुने

- भू–सूचना तथा अभिलेख व्यवस्थापन एवम् भू–उपयोग योजना सम्बन्धी कार्यहरु
- राष्ट्रिय नाप नक्सा, खगोल तथा सीमा नापी
- मुक्त कमैया तथा अलिया सम्बन्धी कार्यक्रम
- सहकारी सम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड, अनुसन्धान, समन्वय, तथ्यांक व्यवस्थापन र अनुगमन

२) प्रदेश तहबाट सञ्चालन हुने

- मुक्त कमैया तथा अलिया लगायत गरीब लक्षित विशिष्टीकृत कार्यक्रम
- गुठी व्यवस्थापन
- दुइ वा सो भन्दा बढी स्थानीय निकायमा कार्यक्षेत्र रहेका सहकारीको नियमन
- प्रदेशभित्रका सहकारीको क्षमता विकास

३) स्थानीय तहबाट सञ्चालन हुने

- राष्ट्रियस्तरमा प्रभाव पार्ने बाहेकका नाप नक्सा तथा सीमा नापी
- मुक्त कमैया तथा हलिया लगायत गरीब लक्षित विशिष्टीकृत कार्यक्रम
- गुठी, कोष तथा ट्रष्टहरुको व्यवस्थापन (नेपाल ट्रष्टको कार्यालय बाहेक)
- सहकारी दर्ता तथा सहकारीहरुको अनुगमन

**ज) खानेपानी**

१) संघबाट सञ्चालन हुने

- राष्ट्रिय प्रकृतिका ठूला आयोजना
- सह लगानीमा निर्माण हुने वैदेशिक सहायताका आयोजना
- ढल प्रशोधन सहितका आयोजना

तराई–मधेशमा १५ हजार, पहाडी क्षेत्रमा ५ हजार र हिमाली क्षेत्रमा १ हजार भन्दा बढी जनसंख्यालाई प्रशोधित खानेपानी सेवा पुऱ्याउने आयोजना

- खानेपानीको स्रोत र वितरण छुट्टाछुट्टै प्रदेशमा पर्ने खानेपानी आयोजनाहरु
- ठूला लगानी आवश्यक पर्ने बहुउद्देश्यीय फोहोरमैला व्यवस्थापन तथा प्रशोधनका कार्यहरु

२) प्रदेश तहबाट सञ्चालन हुने

- प्रदेशस्तरका आधारभूत खानेपान उत्पादन, प्रशोधन र वितरण सम्बन्धी कार्यहरु

तराई—मधेशमा ५ देखि १५ हजार, पहाडी क्षेत्रमा ३ देखि ५ हजार र हिमाली क्षेत्रमा ५ सय देखि १ हजार सम्मको जनसंख्यालाई खानेपानी सेवा पुऱ्याउने

- आयोजना
- फोहोरमैला व्यवस्थापन र प्रशोधनका कार्यहरु
- एकभन्दा बढी स्थानीय तहलाई प्रभाव पार्ने आयोजनाहरु

३) स्थानीय तहबाट सञ्चालन हुने

- आधारभूत खानेपानी आयोजना
- तराई—मधेशमा ५ हजारसम्म, पहाडमा ३ हजारसम्म र हिमालमा ५ सय सम्मको जनसंख्यालाई खानेपानी सेवा पुऱ्याउने आयोजना
- खानेपानीको वितरण तथा अनुगमन
- सरसफाइ सम्बन्धी जनचेतना अभिवृद्धि
- ग्रामीण खानेपानी तथा सरसफाइ र फोहोरमैला व्यवस्थापन

**झ) गृह**

१) संघबाट सञ्चालन हुने

- देशभित्रको शान्ति सुरक्षा, शरणार्थी व्यवस्थापन र अन्तर्राष्ट्रिय सीमा व्यवस्थापन
- अध्यागमन
- विपद् व्यवस्थापन
- केन्द्रीय प्रहर, सशस्त्र प्रहरी बल
- आगू औषध नियन्त्रण
- कारागार व्यवस्थापन
- राष्ट्रिय पञ्जीकरण तथा अभिलेख व्यवस्थापन

२) प्रदेश तहबाट सञ्चालन हुने

- प्रदेश शान्ति सुरक्षा, प्रदेश प्रहरी प्रशासन तथा सामुदायिक प्रहरी
- मानव बेचबिखन र लागू औषध कारोबार सम्बन्ध सूचना संकलन, विश्लेषण तथा प्रवाह र नियन्त्रण तथा सचेतना
- प्रदेश लोकमार्ग र स्थानीय मार्गमा ट्राफिक व्यवस्थापन
- स्थानीय सेवा प्रवाह र सुशासन
- संघ, संस्था दर्ता, अभिलेखीकरण र नियमन
- विपद् व्यवस्थापन

३) स्थानीय तहबाट सञ्चालन हुने

- मानव बेचबिखन र लागू औषध कारोबार सम्बन्धी सूचना संकलन तथा सचेतना
- नगर प्रहरी
- स्थानीय शान्ति समिति सम्बन्धी कार्य
- विपद् व्यवस्थापन

**ञ) पराराष्ट्र**

१) संघबाट सञ्चालन हुने

- परराष्ट्र तथा कूटनीतिक मामिला र अन्तर्राष्ट्रिय सम्बन्ध
- आर्थिक कुटनीति
- गैर आवासीय नेपाली
- राहदानी तथा भिसा
- विदेशमा रहेका नेपालीको अभिलेख तथा उद्धार

२) प्रदेश तहबाट सञ्चालन हुने

- नभएको

३) स्थानीय तहबाट सञ्चालन हुने

- नभएको

**ट) भौतिक पूर्वाधार तथा यातायात**

१) संघबाट सञ्चालन हुने

- नेपालको संविधानको अनुसुची (५) मा उल्लेख भएको संघको क्षेत्राधिकारमा हेको संघीय लोकमार्गको विकास तथा विस्तार
- पुर्व—पश्चिम लोकमार्गबाट पदेशिक रसाजधानीहरु तथा केन्द्रिय राजधानी जोड्ने छोटो दुरीको द्रुत मार्ग निर्माण तथा स्तरोन्तोती (जटिल प्रकृतिको सडक खण्डको सुरुङिकरण गर्ने कार्य समेत)
- अन्तर्राष्ट्रिय सिमाना (नाका) जोड्ने उत्तर—दक्षिण लोकमार्गहरु
- राष्ट्रिय राजधानी वा प्रदेश राजधानीहरुको पूर्व पश्चिम लोकमार्गबाट उत्तर वा दक्षिण वा दुबै सीमा जोड्ने व्यापारिक मार्गहरु
- पुष्पलाल लोकमार्गबाट राष्ट्रिय राजधानी तथा प्रादेशिक रसाजधानी जोड्ने प्रमुख सडक
- राष्ट्रिय लोकमार्गबाट राष्ट्रिय गौरवका आयोजना स्थलसम्मको पहुँच मार्ग
- राष्ट्रिय लोकमार्गमा पर्ने पुलहरु
- सुरुङ मार्ग र सुरुङ समेत समावेश भएको मार्ग
- संघीय लोकमार्गको यातायात तथा सडक सुरक्षा सम्बन्धी कार्यहरु
- प्रदेश सरकारको अनुरोधमा नेपाल सरकारले मापदण्ड तोकी सो अनुरुप निर्णय गरी संघमा जिम्मेवारी दिएको सडक
- राष्ट्रिय सडक सञ्जालसँग जिल्ला सदरमुकाम जोड्ने सडक

२) प्रदेश तहबाट सञ्चालन हुने

- नेपालको संविधानको अनुसूची (६) मा उल्लेख भएको प्रदेशको क्षेत्राधिकारमा रहेको प्रदेशिकलोकमार्गको विकास तथा विस्तार
- साबिकका स्थानिय पूर्वाधार तथा कृषि सडक विभागबाट भइरहेको सम्पूर्ण कार्यहरु (संरचना सहित)
- प्रादेशिक राजधानीलाई स्थानिय तहको मुख्य प्रशासनिक केन्द्रसँग जोड्ने मुल सडकहरु
- दुई वा सइ भन्दा बढी स्थानीय तहकचो केन्द्र जोड्ने प्रमुख सडक
- प्रादेशिक लोकमार्गमा पर्ने पुलहरु
- झोलुङ्गे पुल
- प्रदेशिक लोकमार्गको यातायात तथा सडक सुरक्षा सम्बन्धी कार्यहरु
- यातायात कम्पनी दर्ता, नविकरण र सवारी साधन

३) स्थानीय तहबाट सञ्चालन हुने

- नेपालको संविधानको अनुसुची (८) मा उल्लेख भएको स्थानिय सरकारको को क्षेत्राधिकारमा रहेको स्थानिय सडक, कृषि सडक तथा ग्रामिण सडकको विकास तथा विस्तार
- ग्रामिण सडक तथा सामुदायिक पूर्वाधारको विकास तथा विस्तार

- स्थानिय स्तरको यातायात नीती, अनुमति, नियमन र व्यवस्थापन
- स्थानिय यातायात व्यवस्थापन तथा सडक सुरक्षा

**(ठ) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक**

(१) संघबाट सञ्चालन हुने

- अन्तर्राष्ट्रिय अभिसन्धि, अनुबन्ध सम्बन्धी कार्यहरु तथा प्रतिवेदन
- राष्ट्रपति महिला उत्थान कार्यक्रम
- राष्ट्रिय स्तरका वृद्धाश्रम व्यवस्थापन तथा अनुगमन
- बालबालिका सम्बन्धी नीति निर्माण
- सामाजिक संरक्षणका एकीकृत कार्यक्रम
- सुरक्षित आवास गृह, बाल कल्याण केन्द्र
- राष्ट्रिय स्तर र दुई वा सो भन्दा बढी प्रदेशमा कार्यक्षेत्र भएका गैर सरकारी संस्थाहरुको नियमन

(२) प्रदेश तहबाट सञ्चालन हुने

- प्रदेशस्तरका महिला विकास कार्यक्रम
- महिला सचेतना तथा विकास सम्बन्धी तालिम तथा क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम
- प्रदेशस्तरका वृद्धाश्रम र बालग्राम व्यवस्थापन तथा अनुगमन

३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीयस्तरका महिला विकास कार्यक्रम
- महिला सचेतना तथा विकास सम्बन्धी तथा अभिवृद्धि सम्बन्धी कार्यक्रम
- सामाजिक संरक्षण प्राप्त गर्ने लाभग्राहीलाई परिचय पत्र वितरण, ज्येष्ठ नागरिक मञ्च सञ्चालन, दिवा सेवा केन्द्र सञ्चालनका कार्य
- सामाजिक संरक्षणका स्थानीय क्रियाकलापहरु

**(ड) रक्षा**

१) संघबाट सञ्चालन हुने

- नेपाली सेना
- अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा तथा नियमन
- राष्ट्रिय सुरक्षा सूचना तथा संचार प्रणाली एवं संजाल स्थापना, संचालन र व्यवस्थापन
- राष्ट्रिय सेवा दलको संचालन र व्यवस्थापन
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षहरुको सरक्षा
- विपद् प्रतिकार्यमा सहयोग र समन्वय

२) प्रदेश तहबाट सञ्चालन हुने

- नरहेको

३) स्थानीय बाटबाट सञ्चालन हुने

- नरहेको

**ढ) युवा तथा खेलकुद**

१) संघबाट सञ्चालन हुने

- राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरको खेल पूर्वाधारहरुको विकास, निर्माण तथा स्तरोन्नति
- राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिताको आयोजना तथा सहभागिता

२) प्रदेश तहबाट सञ्चालन हुने

- युवा बैज्ञानिक प्रोत्साहन
- युवासम्बन्धी प्रादेशिक नीति, कानुन, योजना, कार्यान्वयन तथा नियमन

- राष्ट्रिय विकास स्वंयसेवक परिचालन
- स्काउट सम्बन्धी कार्यहरु
- प्रदेशस्तरमा खेलकुद विकास तथा प्रादेशिक पूर्वाधारहरुको विकास, निर्माण र स्तरोन्नति
- प्रादेशिक खेलकुद प्रतियोगिताको आयोजना तथा सहभागिता

३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीय स्तरमा युवा जागरण, सशक्तीकरसण र परिचालन
- स्थानीय स्तरमा युवा सीप, उद्यमशिलता तथा नेतृन्व विकास
- स्थानीय स्तरमा खेलकुद विकास तथा यसका पूर्वाधारहरुको विकास, निर्माण र स्तरोन्नति
- स्थानीय स्तरका खेल प्रतियोगिता आयोजना

**(ण) वन तथा वातावरण**

(१) संघ सञ्चालन हुने

- वन, जैविक विविधता, वनस्पति तथा जडिबूटी, बन्यजन्तु, भू तथा जलाधार संरक्षण र व्यवस्थापन, जलवायु परिवर्तन तथा वातावरण सम्बन्धी नीति, रणनीति, कानुन, मापदण्ड, अध्ययन, अनुसन्धान, सर्वेक्षण, सीमाङ्कन तथा राष्ट्रिय तथ्याङ्क व्यवस्थापन
- राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र तथा सीमसार, साइटिस तथा वन्यजन्तु अपराध नियंत्रण, मध्यवर्ती क्षेत्रको व्यवस्थापन
- अन्तर प्रादेशिक रूपमा फैलिएको जंगल, हिमाल, वन संरक्षण क्षेत्र
- राष्ट्रिय स्तरका वनस्पति तथा प्राणी उद्यान र हर्बेरियम व्यवस्थापन
- वन्यजन्तु पालन सम्बन्धी नियमन
- प्रदुषण अनुगमन र नियन्त्रण, कार्बन सेवा र कार्बन सन्चिती
- जलवायु परिवर्तन र रेड फोरेस्ट्री
- बन डढेलो नियन्त्रण तथा व्यवस्थापन प्रणालीको विकास
- प्रकृतिमा आधारित पर्यटनका ठूला आयोजनाहरू
- वन तथा वातावरण सम्बन्धी विशिष्टीकृत तालीम
- सशस्त्र वन सुरक्षा
- बृहत् जलाधार व्यवस्थापन
- राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति
- हरित उद्यम व्यवस्थापनमा समन्वय र सहयोग
- विरुवा उत्पादन र वृक्षारोपणमा समन्वय र सहयोग

(२) प्रदेश तहबाट सञ्चालन हुने

- एक भन्दा बढी स्थानीय तहमा फैलिएको सामुदायिक र कबुलियती बनको व्यवस्थापन
- जडिबुटी विकास, उत्पादन, बजारीकरण र प्रबर्धन
- भू तथा जलाधार संरक्षण
- बन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक संग्रहालय व्यवस्थापन
- प्रदेश स्तरीय चिडियाखाना व्यवस्थापन
- प्रदुषण अनुगमन तथा नियन्त्रण
- वन तथा वातावरण सम्बन्धी तालीम
- जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरू
- बिरुवा उत्पादन तथा वृक्षारोपण
- हरित उद्यम स्थापना तथा सञ्चालन (काष्ठ, गैर काष्ठ र पर्या पर्यटन)
- डढेलो नियन्त्रण तथा व्यवस्थापन
- प्रकृतिमा आधारित पर्यटनका प्रदेश स्तरीय आयोजनाहरू
- वन तथा वन्यजन्तु अपराध नियंत्रण

- वन्यजन्तु पालन
- कृषि वन
- सडक तथा नहर किनारा वृक्षारोपण र व्यवस्थापन

३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीय स्तरमा सामुदायिक, ग्रामीण तथा सहरी, धार्मिक, कबुलियती वन संरक्षण, सम्व्दधन, उपयोग र नियमन स्थानीय स्तरमा जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी सर्वेक्षण, उत्पादन, संकलन, प्रवर्द्धन, प्रशोधन र बजार व्यवस्थापन
- स्थानीय प्राणी उद्यान (चिडियाखाना) स्थापना र सञ्चालन
- भू तथा जलाधार संरक्षण
- प्रदूषण नियंत्रण
- स्थानीयस्तरको जलवायु अनुकूलन तथा न्यूनीकरण सम्बन्धी क्रियाकलापहरु
- विरुवा उत्पादन तथा वृक्षारोपण
- वन उद्यम
- प्रकृति आधारित पर्यटन
- डढेलो नियन्त्रण तथा व्यवस्थापन
- स्थानीय स्तरको भू-उपयोग योजना तथा हरित उद्यम क्षेत्र निर्धारण
- स्थानीय स्तरको वन, वनस्पति, जैविक विविधता, वन्यजन्तु संरक्षण
- काष्ठ तथा गैर काष्ठ उद्योग हरुको स्थापना र व्यवस्थापन
- सडक तथा नहर किनारा वृक्षारोपण र व्यवस्थापन
- कृषि वन
- नदी उकास क्षेत्रमा वृक्षारोपण, घाँस रोपण तथा व्यवस्थापन
- वन्यजन्तु पालन

**(त) शिक्षा, विज्ञान तथा प्रविधि**

(१) संघबाट सञ्चालन हुने

- शिक्षाका लागि खाद्यान्न को व्यवस्थापन र समन्वय
- उच्च शिक्षा
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको समन्वय, मापदण्ड र प्रमाणीकरण
- प्लानेटोरियम, विज्ञान प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान
- विद्यालय शिक्षा सम्बन्धी नियमन, पाठ्यक्रम विकास
- माध्यमिक तहको परीक्षा मानक तथा मापदण्ड विकास र समन्वय एवम् प्रमाणीकरण
- शिक्षक सेवा आयोग सम्बन्धी कार्य
- राष्ट्रिय शैक्षिक तथ्यांक तथा अभिलेख व्यवस्थापन
- राष्ट्रिय स्तरमा शिक्षा सम्बन्धी अनुसन्धान र विकास सम्बन्धी कार्यहरू

(२) प्रदेश तहबाट सञ्चालन हुने

- विद्यालय तहका शिक्षकहरूको तालिम सम्बन्धी कार्य
- माध्यमिक तह कक्षा १० को एस इ इ परीक्षा सञ्चालन
- अपांगता भएका बालबालिकाहरूका लागि विशेष आवासीय विद्यालयहरू सञ्चालन
- व्यावसायिक शिक्षा तथा प्राविधिक तालीम
- पोलिटेक्निक सञ्चालन
- विज्ञान संग्रहालय र अनुसन्धान केन्द्रहरू
- सामुदायिक पुस्तकालयहरुको सञ्चालन
- शिक्षक सेवा आयोगबाट प्रत्यायोजित कार्यहरू
- नमुना विद्यालय विकास

- प्रदेश स्तरीय शैक्षिक तथ्यांक विकास

(३) स्थानीय तहबाट सञ्चालन हुने

- विद्यालय शिक्षा संग सम्बन्धित कार्यहरू
- अनौपचारिक शिक्षा, साक्षरता कार्यक्रम
- बाल विकास कार्यक्रम
- शैक्षिक तथ्यांक र अभिलेख व्यवस्थापन
- दून्द्रपीडित परिवार शिक्षाको व्यवस्थापन (सहिद प्रतिष्ठान मार्फत सञ्चालन हुने शिक्षा कार्यक्रम)
- विशेष प्रकृतिका छात्रवृत्ति (द्वन्द्वपीडित, सहिद परिवार, विपन्न लक्षित)
- विद्यालय तहका शिक्षकहरूको सेवा सुविधा सम्बन्धी कार्यहरू

**(थ) श्रम, रोजगार तथा सामाजिक सुरक्षा**

(१) संघ सञ्चालन हुने

- सामाजिक सुरक्षा सम्बन्धी नीति, कानुन र मापदण्ड
- आन्तरिक तथा वैदेशिक रोजगार सम्बन्धी नीति, नियमन, व्यवस्थापन र समन्वय
- श्रम तथा रोजगार सम्बन्धी नीति, कानून, मापदण्ड र अभिलेख व्यवस्थापन
- मर्यादित श्रम र व्यवसायजन्य सुरक्षाको नियमन / अनुगमन
- सीप विकास सम्बन्धी क्षमता विकास / तालीम र रोजगार प्रवर्द्धन

(२) प्रदेश तहबाट सञ्चालन हुने

- सीप विकास सम्बन्धी क्षमता विकास / तालीम र रोजगार प्रवर्द्धन
- आन्तरिक रोजगारी प्रवर्द्धन

(३) स्थानीय तहबाट सञ्चालन हुने

- सामाजिक सुरक्षाका कार्यक्रम
- स्थानीय स्तरको सीप विकास र रोजगार प्रवर्द्धन

**(द) सहरी विकास**

(१) संघबाट सञ्चालन हुने

- सहरी विकास सम्बन्धी अध्ययन, अनुसन्धान, गुरु योजना तथा मापदण्ड तर्जुमा तथा नियमन
- प्रदेश सरकार र स्थानीय तहमा हस्तान्तरण भएका बाहेक वहुवर्षिय खरिद गुरुयोजना स्वीकृत भइ ठेक्का प्रक्रियामा रहेका आयोजनाहरु सम्पन्न गरी हस्तान्तरण गर्ने गरी संघले सञ्चालन गर्ने । नयाँ आयोजनाहरुको हकमा संबंधित प्रदेश र स्थानीय तहले अनुरोध गरेमा ठुला प्रकृतिका आयोजनाहरुको कार्यान्वयन गर्ने
- संघीय सरकारका भवन निर्माण, मर्मत सम्भार संघले सञ्चालन गर्ने तर अन्तर्राष्ट्रिय स्तरका बहुउपयोगी सम्मेलन केन्द्र निर्माण सम्पन्न भई सम्बन्धीत तहमा हस्तान्तरण भइसकेपछि सञ्चालन मर्मत सम्भार सम्बन्धित तहले गर्ने
- राष्ट्रिय स्तर र वातावरणीय रुपमा संवेदनशील शहरी पूर्वाधार निर्माण तथा शहरी पुनर्ईत्थान कार्यक्रमको कार्यान्वयन
- मेघा सिटि तथा स्मार्ट सिटीको सहरी विकास
- राष्ट्रीयस्तरका शहरी पूर्वाधार निर्माण तथा सञ्चालन, सघन शहरी विकास
- राष्ट्रिय भवन निर्माण सम्बन्धी संहिता, मापदण्ड तर्जुमा, कार्यान्वयन तथा नियमन
- अन्तर प्रादेशिक तथा क्षेत्रीय स्तरका सहरी पूर्वाधार निर्माण तथा सञ्चालन
- राष्ट्रिय स्तरका आयोजनाबाट विस्थापितका लागि पूर्वाधार सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यान्वयन तथा नियमन

- एकीकृत वस्ती विकास
- संयुक्त, वहुतले, सामुहिक र सरकारी आवास नीति योजना तर्जुमा र नियमन
- संघीय राजधानी क्षेत्रको नीति, योजना, मापदण्ड निर्माण, समन्वय र अनुगमन
- काठमाडौं उपत्यका लगायतका प्रमुख उपत्यका तथा मुख्य सहरी करिडोरको एकीकृत सहरी विकास योजना तर्जुमा

(२) प्रदेश तहबाट सञ्चालन हुने

- प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, संचालन, मर्मत संभार
- प्रदेश अन्तर्गतका आवास तथा भवन सम्बन्धी योजनाहरूको कार्यान्वयन र मार्गनिर्देशन
- प्रादेशिक राजधानी र अन्तर स्थानीय सहरको योजना तर्जुमा, कार्यान्वयन तथा संयोजन
- लक्षित आवास कार्यक्रमको नीति, योजना र कार्यान्वयन
- प्रदेश स्तरका एकीकृत बस्ती विकास
- प्रदेश तहका सरकारी भवन निर्माण तथा मर्मत सम्भार
- आधुनिक, बहुउपयोगी सम्मेलन केन्द्रहरूको निर्माण, संचालन र मर्मत संभार

(३) स्थानीय तहबाट सञ्चालन हुने

- सहरी विकास, बस्ती विकास र भवन सम्बन्धी स्थानीय तहको नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन
- एकीकृत बस्ती विकासका लागि जग्गाको एकीकरण तथा जम्गा विकास र व्यवस्थापन
- स्थानीय तहका सहरी पूर्वाधार
- स्थानीय तहका सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह तथा अन्य सार्वजनिक भवन र संरचना निर्माण र मर्मत संभार

**(घ) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन**

(१) संघबाट सञ्चालन हुने

- हवाइ यातायात तथा नागरिक उड्डयन
- पर्यटन सम्बन्धी नीति, कानुन र गुरुयोजना
- राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा पर्यटन प्रवर्द्धन
- राष्ट्रिय स्तरका पर्यटन पूर्वाधार
- राष्ट्रिय संग्रहालय तथा अभिलेखालय
- विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदा
- पुरातात्विक, ऐतिहासिक तथा सांस्कृतिक महत्वका सम्पदा र प्राचीन स्मारक र सो सम्बन्धी अध्ययन, अन्वेषण र अनुसन्धान
- ठूला प्रतिष्ठान र समितिहरू

(२) प्रदेश तहबाट सञ्चालन हुने

- प्रदेश स्तरका पर्यटन पूर्वाधार
- भाषा, लिपी, संस्कृति, ललित कला व धार्मिक सम्पदा संरक्षण
- प्रदेश संग्रहालय
- संस्कृति तथा पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यहरू

(३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीय पर्यटन पूर्वाधार
- स्थानीय स्तरका ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदा स्मारक संरक्षण
- परम्परागत जात्रा मेला संचालन र व्यवस्थापन
- संस्कृति तथा पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यहरू

**(न) संघीय मामिला तथा सामान्य प्रशासन**

(१) संघबाट सञ्चालन हुने

- सामाजिक सुरक्षा सम्बन्धी नीति मापदण्ड र स्रोत विनियोजन
- संघीय तथा स्थानीय मामिला प्रशिक्षण
- प्रशासन सुधार
- संघीय निजामती सेवा र अन्य संघीय सरकारी सेवाका कर्मचारीको क्षमता विकास, प्रशिक्षण तथा कल्याण
- स्थानीय पूर्वाधार विकास सम्बन्धी नीति मापदण्ड

(२) प्रदेश तहबाट सञ्चालन हुने

- स्थानीय शासन तथा सामुदायिक विकास र प्रदेश स्तरका पूर्वाधार निर्माण
- प्रदेश तथा स्थानीय मामिला प्रशिक्षण
- प्रदेश तथा स्थानीय निजामती सेवा र अन्य प्रादेशिक सरकारी सेवाका कर्मचारीको क्षमता विकास, प्रशिक्षण तथा कल्याण

(३) स्थानीय तहबाट सञ्चालन हुने

- पञ्जीकरण दर्ता तथा अभिलेख व्यवस्थापन
- स्थानीय पूर्वाधार तथा ग्रामीण विकास
- सामाजिक सुरक्षा कार्यक्रम संचालन

**(प) सञ्चार तथा सूचना प्रविधि**

(१) संघबाट संचालन हुने

- सबै प्रयोजनका लागि फ्रिक्वेन्सी बाँडफाँट गर्ने, अर्बिटल स्लटको प्रयोग गर्ने, फ्रिक्वेन्सी अनुगमन गर्ने र रेडियो फ्रिक्वेन्सी सम्बन्धी नियामक कार्य
- केन्द्रीय स्तरका सूचना प्रविधि पूर्वाधारको निर्माण, संचालन र नियमन
- राष्ट्रिय स्तरका रेडियो, टेलिभिजन तथा अन्य संचार माध्यम संचालन अनुमति, संचालन र नियमन
- हुलाक सम्बन्धी नीति नियमन, संचालन तथा व्यवस्थापन
- सुरक्षा मुद्रण
- सैटेलाइट सञ्चालन तथा नियमन
- चलचित्र जाँच

(२) प्रदेश तहबाट सञ्चालन हुने

- १०० देखि १००० वाटसम्मको एफ. एम. रेडियो र केबुल टेलिभिजनको फ्रिक्वेन्सी प्राप्ति पश्चातको संचालन अनुमति, नामकरण र नियमन
- प्रदेश स्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन
- प्रदेश भित्र सञ्चार ग्राम संचालन, व्यवस्थापन र नियमन
- प्रदेश स्तरका सूचना प्रविधि पार्कको योजना, निर्माण, व्यवस्थापन र नियमन

(३) स्थानीय तहबाट सञ्चालन हुने

- १०० वाट सम्मका एफ.एम.रेडियो संचालन अनुमति, नामकरण व नियमन
- स्थानीय क्षेत्र भित्र टेलिसेन्टर सञ्चालन चलचित्र भवन निर्माण इजाजत तथा जाँचपास
- स्थानीय तहका पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख र नियमन

**(फ) स्वास्थ्य तथा जनसंख्या**

(१) संघबाट सञ्चालन हुने

- स्वास्थ्य तथा जनसंख्या सम्बन्धी अनुसन्धान, समन्वय, मापदण्ड तथा नियमन
- विशिष्टीकृत स्वास्थ्य सेवा, विशिष्टीकृत क्षेत्रीय अस्पताल

- राष्ट्रिय स्तरका तथा छुट्टै ऐन वा प्रकृयाबाट स्थापित अस्पतालको सञ्चालन र नियमन
- खोप, औषधि, उपकरण, अस्पताल तथा प्रयोगशाला सम्बन्धी मापदण्ड तथा नियमन
- स्वास्थ्य बीमा
- महामारी तथा प्रकोप रोग नियन्त्रण
- बसाइसराइ सर्वेक्षण एवम् स्थिति विश्लेषण

(२) प्रदेश तहबाट सञ्चालन हुने

- साविकमा रहेका क्षेत्रीय, उपक्षेत्रीय तथा अञ्चल अस्पताल र आयुर्वेद चिकित्सालय
- खोप, औषधि, उपकरणको संचालन
- स्थानीय तहहरूबीच स्वास्थ्य सेवाको समन्वय
- प्रादेशिक स्तरको जनसांख्यिक सूचना व्यवस्थापन, क्षमता विकास तथा अध्ययन

(३) स्थानीय तहबाट सञ्चालन हुने

- आधारभूत स्वास्थ्य सेवा
- स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र तथा जिल्ला अस्पतालको सञ्चालन र व्यवस्थापन
- विभिन्न रोग सम्बन्धी रोकथाम, नियन्त्रण, जनचेतना, प्रबर्द्धनात्मक र उपचारात्मक कार्यक्रम

**(ब) योजना तथा तथ्याङ्क व्यवस्थापन**

(१) संघबाट संचालन हुने

- दीर्घकालीन सोच, नीति तथा योजना (आवधिक समेत) निर्माण
- विकास योजनाको अनुगमन, मूल्यांकन तथा अनुशिक्षण र संघीय संरचना बमोजिमको समन्वय
- संघीय मध्यमकालीन खर्च संरचना
- दिगो विकास लक्ष्य सम्बन्धी राष्ट्रिय नीति निर्माण, लक्ष्य निर्धारण, समन्वय तथा अनुगमन
- सार्वजनिक निजी साझेदारी सम्बन्धी नीति, योजना तथा समन्वय
- राष्ट्रियविकास स्वयंसेवक सम्बन्धी नीति मापदण्ड तथा समन्वय
- राष्ट्रिय तथ्यांक नीति, मानक र गुणस्तर, समन्वय तथा व्यवस्थापन

(२) प्रदेश तहबाट सञ्चालन हुने

- प्रादेशिक योजना तर्जुमा, अनुगमन, मूल्यांकन र अनुशिक्षण
- प्रदेश मध्यमकालीन खर्च संरचना
- दिगो विकास लक्ष्य को प्रदेश तहमा आन्तरिकीकरण, कार्यान्वयन तथा समन्वय
- सार्वजनिक निजी साझेदारी सम्बन्धी प्रादेशिक योजना तथा कार्यान्वयन
- प्रादेशिक तथ्यांक र अभिलेख सम्बन्धी योजना, संकलन तथा व्यवस्थापन

(३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीय योजना तर्जुमा, अनुगमन, मूल्यांकन र अनुशिक्षण
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना
- दिगो विकास लक्ष्यको स्थानीय तहमा कार्यान्वयन
- सार्वजनिक निजी साझेदारी सम्बन्धी स्थानीय योजना तथा कार्यान्वयन
- स्थानीय तथ्यांक र अभिलेख सम्बन्धी योजना, संकलन तथा व्यवस्थापन
- व्यक्तिगत घटना दर्ता, अभिलेख व्यवस्थापन र प्रतिवेदन

# वार्षिक योजना तथा बजेट तर्जुमा चक्र

१ आयव्ययको प्रक्षेपण गरिएको तथ्यांकसहितको विवरण नेपाल सरकारमा पेश

२ संघबाट प्रदेशलाई वित्तीय हस्तान्तरणको सीमा र मार्गदर्शन प्राप्ति

३ प्रदेशको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण

४ आगामी आर्थिक वर्षको बजेट सीमा मन्त्रालय / निकायलाई पठाउने

५ विषयगत योजना तथा बजट प्रस्तुती

५(क) प्रदेश सभा निर्वाचन क्षेत्रगत (Cluster) छलफल

५(ख) प्रदेश योजना आयोगले निर्वाचन क्षेत्रगत योजना तर्जुमा सम्बन्धी छलफलमा प्राप्त आयोजनाको विवरण क्षेत्रगत रुपमा विभाजन (Clustering) गरी सम्बन्धित मन्त्रालयमा पठाउने ।


५(ग) मन्त्रालय / निकायले विषयगत योजना कार्यक्रम अर्थ मन्त्रालयमा पेश गर्ने।

६ बजेट तथा कार्यक्रमलाई अन्तिम रुप दिने

७ वार्षिक विकास कार्यक्रम स्वीकृति

८ प्रदेश सभामा बजेट पेश

९ प्रदेश सभाबाट बजेट स्वीकृति



प्रदेश नं. १

प्रदेश स्तरीय योजना र

बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन

२०७६